# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

सोमबार, भदौ १८, २०७५ | Monday, September 3, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलागा ८ | वर्ष २४, अंक २३६ | पृष्ठ १२ | मूल्य रु १०/–



२ { माविसम्म निःशुल्क
५ { छुट्टाछुट्टै दुर्घटनामा ६ को मृत्यु
७ { गोरखा कांग्रेसले तोक्यो ११ तहमा संयोजक
९ { श्रीलंकाली राष्ट्रपति सार्क सचिवालयमा




पाटनको कृष्ण मन्दिर परिसरमा कृष्ण जन्माष्टमीमा देखिएको एक दृश्य। २०७२ साल वैशाख १२ गते गएको महाभूकम्पबाट क्षति भएपछि पहिलोपटक सर्वसाधारणका लागि खुला गरिएको थियो । तस्वीर : उजोल डंगोल/काठमाडौं

# ८४ करोडको पखाइमा पूर्वलडाकू

प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतमा परेको रिटको सुनुवाइ झन्डै ३ वर्षदेखि नहुँदा बहिर्गमित जनमुक्ति सेनाले ८४ करोड रुपियाँ पाउन सकेका छैनन्। तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २०७३/०७४ मा बहिर्गमित जनमुक्ति सेनालाई बजेट वक्तव्यमार्फत रकम उपलब्ध गराउने निर्णय गरेको थियो।

अधिवक्ता ज्ञानेन्द्रराज आरणसहित ३० जनाले सो निर्णयविरुद्ध २०७३ साउनमा सर्वोच्चमा निवेदन दर्ता गराउनुभएको थियो। सो रिट ३१ पटक सरे पनि अझै सुनुवाइ हुन नसकेको बहिर्गमित जनमुक्ति सेना नेपालका उपाध्यक्ष योग्यबहादुर कार्कीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'आरणसहित ३० जनाले मन्त्रिपरिषद्लाई विपक्षी बनाएर रिट दायर गराएको कारण निवेदनमाथि कुनै निर्णय हुन नसक्दा हामी बहिर्गमित जनमुक्ति सेना घर न घाटको भएका छौं।'

संगठनको तथ्यांकअनुसार देशभर ४ हजार ९ जना बहिर्गमित जनमुक्ति सेना छन्। जसमध्ये २ हजार २ सय महिला लडाकू रहेका छन्।

निवेदनमा अयोग्य लडाकूलाई २-२ लाख रुपियाँ उपलब्ध गराउनु, स्थापित मूल्य मान्यताविपरीत वा प्रचलित नेपालको कानुन प्रतिकूल रहेको उल्लेख छ।

- सर्वोच्चमा दुई वर्षअघिको रिटमाथि अझै सुनुवाइ भएन
- पाउने-नपाउने अझै अन्योल

राज्यले आफूहरूलाई वास्ता नगरेको भन्दै तत्काल आफूहरूको दीर्घकालीन व्यवस्थापन गरिनुपर्ने संगठनका अध्यक्ष सुनील लिम्बुले बताउनुभयो। हाल बहिर्गमित जनमुक्ति सेना विभिन्न पेसा व्यवसाय अँगालेर बस्दै आएका छन् भने कतिपय वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएको संगठनले जनाएको छ।

यसैबीच संगठनका पूर्वअध्यक्ष लेनिन विष्टलाई विदेश जान रोक लगाएको सो संगठनले जनाएको छ। सर्वोच्च अदालतले भने विष्टलाई विदेश जान रोक लगाइएको विषयमा सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ।

विष्टले आफूलाई बिनाकारण विदेश जान रोक लगाएको भन्दै सर्वोच्च अदालतमा हालेको रिट निवेदनमा सुनुवाइ गर्दै न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले गृह मन्त्रालयलाई कारण दिन आदेश गरेको हो।

युवासम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिन भदौ ८ गते थाइल्यान्ड जानका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका विष्टलाई 'ब्ल्याक लिस्टमा परेको' भन्दै विदेश जान रोक लगाइएको थियो।

बहिर्गमित जनमुक्ति सेनाले संगठनको हितविपरीत बाल सेनाको नाम बेच्दै आफू पनि बाल सेना भनी नेपालमा बाल सेना प्रयोग भएको झूटो प्रचार गरेर देशको नाम बदनाम गराएको आरोप लगाएको छ।

# चिकित्सक संघको आन्दोलनले देशभरका स्वास्थ्य संस्था ठप्प

नेपाल समाचारपत्र

काठमाडौं

मुलुकी ऐन, मुलुकी अपराध संहिता ऐन र मुलुकी फौजदारी कार्यविधि ऐन-२०७४ का विभिन्न प्रावधान खारेजीको माग गर्दै नेपाल चिकित्सक संघले आह्वान गरेको हड्तालका कारण देशभर स्वास्थ्य सेवा ठप्प भएको छ। आकस्मिकबाहेकका स्वास्थ्य सेवा बन्द हुँदा देशभरका लाखौंलाख बिरामीलाई प्रत्यक्ष असर परेको छ।

सरकारले २०७५ साल भदौ १ गतेदेखि लागू गरेको मुलुकी ऐन, मुलुकी अपराध (संहिता) ऐन-२०७४ र मुलुकी फौजदारी कार्यविधि ऐन-२०७४ निर्माण गरी नेपालका चिकित्सक तथा





स्वास्थ्यकर्मीलाई अपराधीको शैलीमा व्यवहार गर्नेतर्फ लक्षित भएको भन्दै आइतबारदेखि आकस्मिकबाहेकका सम्पूर्ण स्वास्थ्य सेवा बन्द गर्दै सरकारले दिएको प्रमाणपत्र र एप्रोन नेपाल मेडिकल एसोसिएसनमा बुझाएका छन्।

विगतमा चिकित्सक संघ अर्थात् अन्य कुनै निकायले गर्ने गरेका बन्द-हड्तालमा चल्ने निजी क्षेत्र तथा सामुदायिक अस्पताल, शिक्षण अस्पतालका ओपीडी पनि चलेनन्। सरकारकै स्वामित्वमा रहेका वीर, त्रिवि शिक्षण अस्पताल, पाटन, कान्ति, निजामती, निजी क्षेत्रका नर्भिक, अल्का, ग्रान्डी, मेडिसिटी, मोडलमा पनि आइतबार ओपीडी सेवा पूर्णरूपमा ठप्प हुँदा लाखौं बिरामी अलपत्र परेका थिए।

**ऐक्यबद्धता जनाउने संघ र सोसाइटी**

- नेपाल अर्थोपेडिक संघ
- नेपाल सोसाइटी अफ ग्यास्ट्रोइन्ट्रेरोलोजिस्ट
- सोसाइटी अफ इन्टरनल मेडिसिन अफ नेपाल
- नेप्लिज सोसाइटी अफ क्रिटिकल केयर मेडिसिन
- नेपाल आयुर्वेद चिकित्सक संघ
- नेपाल मनोचिकित्सक संघ
- नेप्लिज सोसाइटी अफ नेफ्रोलोजी
- नेपाल एसोसिएसन अफ युरोलोजिकल सर्जन्स
- डाइबेटिज् एन्ड इन्डोक्राइनोलोजी एसोसियसन अफ नेपाल
- नेपाल बाल शल्यचिकित्सक संघ

(क्रमशः पृष्ठ ९ मा)

# सुरुङ खन्दा नयाँ प्रविधि अपनाउन एडीबीको आग्रह

काठमाडौं, (नेस)

मेलम्ची खानेपानी आयोजनालाई सुरुङमार्ग निर्माणमा नयाँ प्रविधि अपनाउन एसियाली विकास बैंक (एडीबी) ले सुझाव दिएको छ।

परामर्शदाताले तयार पारेको लार्के र यांग्रीको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) माथि टिप्पणी गर्न आयोजनाले डाकेको छलफलमा एडीबीले यस्तो सुझाव दिएको हो। यांग्री खोलाबाट मेलम्ची खोलामा पानी खसाल्न ९ किलोमिटर सुरुङ र लार्के खोलाबाट यांग्रीमा पानी खसाल्न २ किमि गरी जम्मा ११ किमि सुरुङ खन्नुपर्ने प्रारम्भिक अध्ययनले देखाएको छ।

यी सुरुङ टनेल बोरिङ मेसिनमार्फत खन्दा छिटो काम सम्पन्न हुने भन्दै एडीबीले यसमा ध्यान दिन सुझाव दिएको आयोजनाका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्र पन्तले बताउनुभयो।

'परामर्शदाताले मेलम्चीको सुरुङ खनेकै प्रविधिबाट खन्न आग्रह गरेको छ भने एडीबीले भने नयाँ प्रविधिमार्फत सुरुङ खन्दा छिटो र लागतमा पनि कमी आउने भएकाले त्यसतर्फ ध्यान दिन पनि आग्रह गरेको छ। मेलम्चीको २७ किमि सुरुङ ड्रिल एन्ड ब्लास्ट प्रविधिबाट खनिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

साक्षरता अभियान

# शिक्षामा लगानी बालुवामा पानी

ईश्वरराज ढकाल, काठमाडौं

सरकारले साक्षरता अभियान घोषणा गरेको एक दशक पूरा भएको छ।

हरेक वर्ष साक्षर अभियान घोषणा गर्दा २ वर्षभित्र सबै निरक्षरलाई साक्षर बनाउने सरकारले बताउँदै आएको थियो। अभियान सञ्चालन गरेको १० वर्ष पूरा हुँदासमेत पूर्णरूपमा उपलब्धि हासिल गर्न सकेको छैन।

सरकारले यो वर्ष पनि अबको २ वर्षभित्र सबै निरीक्षरलाई साक्षर बनाउने घोषणा गरेको छ। तर, सरकारको सो घोषणा पूरा हुने सम्भावना कम छ।

देशको राजधानी काठमाडौंसमेत पूर्ण साक्षर हुन सकेको छैन। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले आव २०७५/०७६ सम्म बाँकी रहेका सबै निरक्षरलाई साक्षर बनाउने निर्णय गरिसकेको छ।


- ७७ मध्य अझै ३० जिल्ला पूर्ण साक्षर हुन बाँकी
- राजधानीनै पूर्ण साक्षर हुन सकेन
- प्रदेश-२ का सबै जिल्ला साक्षर घोषणा हुन बाँकी

पछिल्लो तथ्याङ्कअनुसार मुलुकभर हाल करिब ३ लाख निरक्षर छन्। १५ देखि ६० वर्ष उमेर समूहका ती जनसंख्या ३० जिल्लामा रहेका छन्।

सरकारले अभियान सञ्चालन गरेको ७७ जिल्लामध्ये ४७ जिल्ला मात्रै साक्षर घोषणा भएका छन्। प्रदेश नम्बर ४ का सबै जिल्ला साक्षर घोषणा भइसकेका छन्। प्रदेश-२ को कुनै पनि जिल्ला साक्षर हुन सकेको छैन।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता वैकुण्ठप्रसाद अर्यालले विसं २०६५/०६६ सालदेखि सरकारले सञ्चालन गरेको अभियान उपलब्धिमूलक रहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

2018, SEP Monday 3

अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहले ५ वर्ष पूरा भई १२ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ। तर ५ वर्षको उमेर पूरा हुनुअघि कम्तिमा १ वर्षको प्रारम्भिक बाल शिक्षा प्रदान गर्नुपर्नेछ।




## अनिवार्य र नि:शुल्क शिक्षा विधेयक

# माविसम्म नि:शुल्क

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले संसद्मा पेश गर्नुभएको अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ ले शिक्षामा व्यापक परिवर्तन हुने देखिएको छ। माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क उल्लेख गरिएको छ। अनिवार्य र नि:शुल्क शिक्षा उपलब्ध गरेपछि नेपालको शैक्षिक स्तर सुधार हुने र सबै नागरिकले अनिवार्य रूपमा पढ्न पाउने ढोका खुलेको छ। मन्त्रीले पेश गर्नुभएको विधेयकको परिच्छेद ३ मा उल्लेख भएको अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था उल्लेख छ। विधेयकको दफा ६ देखि २६ सम्म अनिवार्य र नि:शुल्क शिक्षाको विषय उठान गरिएको छ। उक्त परिच्छेदमा उल्लेख भएका दफाको अंश

### अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने

१. यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहले ५ वर्ष पूरा भई १२ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ। तर ५ वर्षको उमेर पूरा हुनुअघि कम्तिमा १ वर्षको प्रारम्भिक बाल शिक्षा प्रदान गर्नुपर्नेछ।
२. स्थानीय तहले उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्दा सम्बन्धित स्थानीय तहको इलाकाभित्र सञ्चालित स्वीकृत प्राप्त विद्यालयमार्फत प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ।
३. स्थानीय तहले प्राकृतिक विपद्, दुर्घटना, आकस्मिक घटनालगायतका अन्य कारणबाट प्रभावित बालबालिकालाई सुरक्षित रूपमा आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ।

### बालबालिका भर्ना गराउनुपर्ने

१. यो ऐन प्रारम्भ भएपछि आधारभूत तहमा प्रत्येक बालबालिकालाई निजको उमेरअनुसारको कक्षामा निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनुपर्नेछ। स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनका लागि 'पायक पर्ने विद्यालय' भन्नाले सम्बन्धित बालबालिकाको अभिभावक रहेको बासस्थानबाट सामान्यतया २ किलोमिटरसम्मको दूरीमा रहेको विद्यालय सम्झनुपर्छ।
२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित जिल्लाको भौगोलिक स्थति, जनघनत्व, विद्यालय जाने उमेरका बालबालिकाको संख्यासमेतलाई ध्यान दिई सामान्यतया २ किलोमिटरभित्रको दूरीमा विद्यालय खोल्न बाधा परेको मानिने छैन।
३. उपदफा (१) बमोजिम विद्यालयमा भर्ना भएका बालबालिकाले आधारभूत तहसम्मको शिक्षा पूरा नगरी निजलाई पठनपाठनबाट वञ्चित गर्ने उद्देश्यले अभिभावकले विद्यालयबाट छुटाउनु वा विद्यालय जानबाट रोक लगाउनु हुँदैन।
४. विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सुविधा प्राप्त गर्न वञ्चित गर्न सकिनेछ।

### पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्ने

१. प्रत्येक बालबालिकालाई निजको अभिभावकको बासस्थानबाट पायक पर्ने विद्यालयबाट आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।
२. आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेरका कुनै बालबालिकाको हकमा उपदफा (१) बमोजिमको विद्यालय उपलब्ध हुन नसकेमा सम्बन्धित स्थानीय तहले यो ऐन प्रारम्भ भएको ३ वर्ष शिक्षा प्राप्त गर्न सक्ने वैकल्पिक व्यवस्था गर्नुपर्नेछ।
३. यस दफामा लेखिएका कुनै पनि कुराले सम्बन्धित अभिभावकले आफूले चाहेको अन्य विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन वा सम्बन्धित बालबालिकाले रोजेको अन्य विद्यालयमा भर्ना भई शिक्षा प्राप्त गर्न रोक लगाउने छैन।

> मानव विकास सूचाकांकको दृष्टिकोणले तोकिएको सूचाकांकभन्दा पछाडि परेका क्षेत्रका तोकिएको समुदायका वा आर्थिक रुपले विपन्न नागरिककोपरिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिएबमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

### भर्ना गर्न इन्कार गर्न नहुने

१. कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न निजलाई पायक पर्ने विद्यालयमा वा अन्य कुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा देहायको अवस्थामा बाहेक त्यस्तो विद्यालयको प्रधानाध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैन :
(क) कुनै कक्षाका लागि अध्यापन गराउने विद्यार्थी जति संख्या निर्धारण गरिएको हो त्यति नै संख्यामा बालबालिका भर्ना भइसकेको भएमा,
(ख) जुन कक्षामा निज भर्ना हुन चाहेको हो निजले त्यस्तो कक्षाको न्यूनतम स्तर पूरा नगरेमा,
(ग) विद्यालयको भौतिक अवस्थाको कारणले थप बालबालिका भर्ना गर्न नसकिने भएमा।
२. उपदफा (१) का खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए पनि अपांगता भएका बालबालिकालाई निजहरूकै पायक पर्ने विद्यालयले भर्ना गर्नुपर्नेछ।
३. उपदफा (१) बमोजिम बालबालिका भर्ना गर्न इन्कार गर्नुपरेमा सम्बन्धित प्रधानाध्यापकले त्यस्तो विद्यालयको नजिकमा रहेको अन्य उपयुक्त विद्यालय भए सम्बन्धित बालबालिकालाई त्यस्तो विद्यालयमा भर्ना गर्न सिफारिस गर्नुपर्नेछ।
४. उपदफा (३) बमोजिम कुनै बालबालिका भर्ना गर्न नसकेमा त्यसको कारण लिखित रूपमा अभिभावकलाई दिई सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनुपर्नेछ र त्यस्तो कार्यालयले सम्बन्धित वडाभित्र वा अन्यत्र रहेका विद्यालयमा त्यस्तो बालबालिकाको भर्नाको सहजीकरण गर्नुपर्नेछ।
५. उपदफा (१) को खण्ड (ख) को अवस्थामा भर्ना गर्न नसकिने भएमा निजले आधारभूत तहको जुन कक्षाको स्तर पूरा गर्न सक्दछ निजको अभिभावकले चाहेमा सोही कक्षामा सोही विद्यालयमा निजलाई भर्ना गराउनुपर्नेछ।
६. यस दफामा लेखिएको अवस्थामा बाहेक बालबालिकालाई भर्ना गर्न इन्कार गर्ने काम दण्डनीय हुनेछ।

### विद्यालयबाट निष्काशन गर्न नहुने

१. कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लिइरहेको कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न सकिने छैन।
२. विद्यालय भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराब आचरण भएको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउन वा वञ्चित गर्न सकिने छैन। त्यस्ता बालबालिकालाई विद्यालयले परामर्श सेवाको सुविधा उपलब्ध गराउनुपर्नेछ।
३. आधारभूत तहको शिक्षा प्राप्त गरिरहेका कुनै बालबालिकाको अनुशासन, आचरण, पठनपाठनलगायतका विषयमा कुनै सुधार गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सम्बन्धित अभिभावकसँग छलफल वा परामर्श गरी त्यस्तो बालबालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्नेछ।

### पुन: भर्ना गर्नुपर्ने

१. ५ वर्ष पूरा भई १२ वर्ष उमेर पूरा नगरेका कुनै बालबालिका कुनै कारणले विद्यालयमा भर्ना हुन नसकी आधारभूत तहसम्मको अध्ययन पूरा नगरेको वा आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेको भएमा निजको उमेर वा स्तरअनुरूप विद्यालयले दफा ९ को अधिनमा रही निजलाई पुन: भर्ना गर्नुपर्नेछ।
२. उपदफा (१) बमोजिम भर्ना भएको बालबालिकालाई निज भर्ना भएको कक्षाका अन्य बालबालिकाको समान स्तरमा पुर्‍याउन आवश्यक भएमा सम्बन्धित विद्यालयले वैकल्पिक उपायको व्यवस्था गर्नुपर्नेछ।

### स्थानान्तरण गर्नुपर्ने

१. कुनै बालबालिका भर्ना भएको कुनै विद्यालयमा आधारभूत तहसम्मको अध्यापन गराउन स्वीकृत प्राप्त नभएको वा त्यस्तो विद्यालय अर्को विद्यालयमा गाभिएको वा कुनै कारणले विद्यालय बन्द गर्नुपरेको अवस्थामा सम्बन्धित स्थानीय तहले त्यस्तो विद्यालयबाट आधारभूत तहको शिक्षा पूरा नगरेका बालबालिकालाई पायक पर्ने अर्को विद्यालयमा स्थानान्तरण गर्ने व्यवस्था गर्नुपर्नेछ।
२. उपदफा (१) बमोजिम स्थानान्तरण हुने बालबालिकालाई त्यस्तो विद्यालयमा पुन: भर्ना गराउनुपर्ने छैन।
३. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको विद्यार्थी वा निजको अभिभावकले रोजेको अन्य कुनै विद्यालयमा भर्ना हुन यस दफाले बाधा पुर्‍याउने छैन।

### स्थानान्तरण प्रमाणपत्र दिनुपर्ने

१. आधारभूत तहसम्मको शिक्षा पूरा नगरेका कुनै बालबालिका वा निजको अभिभावकले कुनै कारण देखाई निजले अध्ययन गरिरहेको विद्यालय छोडी त्यस्तो शिक्षा प्राप्त गर्न अर्को कुनै विद्यालयमा भर्ना हुन स्थानान्तरण प्रमाणपत्र माग गरेमा निजले पूरा गरेको अध्ययनको विवरण खुलाई सम्बन्धित प्रधानाध्यापकले निजलाई अविलम्ब स्थानान्तरण प्रमाणपत्र दिनुपर्नेछ।
२. उपदफा (१) बमोजिमको प्रमाणपत्र पेस गरेपछि दफा ९ को अधिनमा रही बालबालिकाले भर्ना हुन चाहेको विद्यालयले निजलाई अविलम्ब भर्ना गर्नुपर्नेछ।

### आधारभूत तहसम्म वैकल्पिक शिक्षा

१. पायक पर्ने विद्यालय उपलब्ध नभएका कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।
२. आधारभूत तहसम्मको वैकल्पिक शिक्षासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

### खुला विद्यालय

१. विद्यालयमा भर्ना भई नियमित रूपमा अध्ययन गर्न नसक्ने बालबालिकाले आधारभूत तहभन्दा माथिको माध्यमिक तहको शिक्षा खुला विद्यालयबाट प्राप्त गर्न सक्नेछ।
२. खुला विद्यालयसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

### परम्परागत शिक्षा प्रदान गर्न सकिने

१. परम्परादेखि चलिआएका शिक्षासम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समयसापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकुल, गुम्बा वा मदरसाजस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिनेछ।
२. उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकुल, गुम्बा वा मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्नेछ।
३. उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन हुने गुरुकुल, गुम्बा वा मदरसाले बालबालिकालाई शिक्षा प्रदान गर्दा स्थानीय तहले कानुनबमोजिम निर्धारण गरेको र तोकिएबमोजिमको अन्य शर्त तथा मापदण्ड पालना गर्नुपर्नेछ।
४. उपदफा (२) बमोजिम दर्ता गरी सञ्चालनमा रहेका गुरुकुल, गुम्बा वा मदरसाले प्रदान गर्ने शिक्षाका अतिरिक्त संघीय कानुनबमोजिम निर्धारण गरिएको पाठ्यक्रमबमोजिमको शिक्षा प्रदान गर्नुपर्नेछ।
५. परम्परागत शिक्षा प्रदान गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

### प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

१. आधारभूत तह पूरा गरेका प्रत्येक नागरिकलाई प्रचलित कानुनबमोजिम प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।
२. यस ऐनमा लेखिएदेखि बाहेक आधारभूत तहपछि प्रदान गरिने प्राविधिक शिक्षासम्बन्धी व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

### अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षा

१. कुनै स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।
२. उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्ने व्यवस्था गर्न स्थानीय तहको सम्बन्धित वडा समिति जिम्मेवार हुनेछ।
३. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित बालबालिकाको अभिभावकको पहिचान भएमा वा पत्ता लागेमा अभिभावकले नै त्यसको जिम्मेवारी लिनुपर्नेछ।
४. अभिभावक पहिचान नभएका बालबालिकाको पठनपाठनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

### योग्य नहुने

१. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्य मानिने छैन : (क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैह्रसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, (ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैह्रसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक शेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन, (ग) कुनै पनि पेसा, रोजगार, व्यवसाय सञ्चालन गर्न कुनै नियमनकारी निकायबाट लिनुपर्ने अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्न।
२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को व्यवस्था प्रारम्भ हुनुअघि नै १२ वर्ष उमेर पूरा भइसकेको वा कुनै पदमा बहाल भइसकेको, निर्वाचित, मनोनयन वा नियुक्त भइसकेको वा कार्यरत रहेको वा प्राप्त गरिसेकेको वा भोगिसकेको सुविधाको हकमा सो उपदफामा लेखिएको कुनै कुराले असर पुर्‍याउने छैन।

### माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने

१. प्रत्येक नागरिकलाई आधारभूत तह र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने अधिकार हुनेछ।
२. नि:शुल्क शिक्षा प्राप्त गर्दा प्रत्येक नागरिकले यो ऐन तथा अन्य प्रचलित कानुनबमोजिमका शर्त पालना गर्नुपर्नेछ।
३. नि:शुल्क शिक्षासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

### पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने

१. नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक सार्वजनिक विद्यालयका बालबालिकालाई पाठ्यपुस्तक बापतको रकम तोकिएबमोजिम स्थानीय तहलाई उपलब्ध गराउनेछ।
२. उपदफा (१) बमोजिमको रकम प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले पाठ्यपुस्तक खरिद बापतको रकम शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा कम्तिमा १ महिनाअघि नै सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनुपर्नेछ।
३. उपदफा (२) बमोजिम रकम प्राप्त गरेपछि विद्यालयले पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नाको समयमा विद्यार्थीलाई उपलब्ध गराउनेछ।

### शैक्षिक सामग्री प्रदान गर्ने

१. स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सार्वजनिक विद्यालयमा भर्ना भएका आर्थिक रूपमा विपन्न बालबालिकालाई आवश्यक पर्ने कापी, कलमलगायतका शैक्षिक सामग्री प्रदान गर्न सक्नेछ।
२. स्थानीय तहले आधारभूत तहसम्मका शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयका लागि तोकिएबमोजिम आवश्यक प्रयोगशाला, कम्प्युटर तथा सूचना प्रविधिको पँहुचको व्यवस्था गर्नुपर्नेछ।
३. शैक्षिक सामग्री प्रदान गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

### छात्रवृत्ति वा आर्थिक सहायता प्रदान गर्न सक्ने

१. मानव विकास सूचाकांकको दृष्टिकोणले तोकिएको सूचाकांकभन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदायका वा आर्थिक रूपले विपन्न नागरिकको परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिएबमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

### प्राथमिक स्वास्थ्य उपचार उपलब्ध गराउने

१. स्थानीय तहले प्रत्येक सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सरकारी स्वामित्वको स्वास्थ्य संस्थामार्फत तोकिएबमोजिमको नि:शुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था उपलब्ध गराउनुपर्नेछ।
२. निजी लगानीका विद्यालयमा तोकिएबमोजिमको नि:शुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्ने दायित्व निजी लगानीका विद्यालयको हुनेछ।

### शिक्षणको माध्यम भाषा

१. विद्यालयले प्रदान गर्ने शिक्षणको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ।
२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशीले नेपालमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय अध्ययन गर्नुपर्ने अवस्थामा निजले चाहेमा त्यसको सट्टा अन्य कुनै भाषागत विषय अध्ययन गर्न सक्नेछ।

### निजी लगानीका विद्यालयको विशेष जिम्मेवारी :

१. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रत्येक निजी लगानीका विद्यालयलले सञ्चालन गरेका प्रत्येक कक्षामा कम्तिमा १० प्रतिशत स्थानमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि बालबालिकाको स्थान आरक्षण गरी भर्ना गर्नुपर्नेछ।
२. उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएबमोजिमको प्रतिस्पर्धाको आधारमा योग्य र सक्षम बालबालिकालाई भर्ना गर्नुपर्नेछ।



## मेरो कृष्ण

कृष्णजन्माष्टमीको शुभकामनासहित अभिनेतृ तथा निर्देशक दीपाश्री निरौला फेसबुकमा।

PAGE3

## ए मेरो हजुर-३

नायिका झरना थापा र निर्माता सुनीलकुमार थापा पुत्री तथा नवअभिनेतृ सुहाना थापा, अनमोल केसी र छायाँकार सञ्जय लामा पोखरामा *ए मेरो हजुर*को सेटमा।



# कथा काठमाडौंको ट्रेलरमा
# प्रियंका र प्रमोद अझै हट





*रातका कुरा* बोलको गीतमा नायिका प्रियंका कार्की र अभिनेता प्रमोद अग्रहरीलाई हटरूपमा देखाइएको फिल्म *कथा काठमाडौं*को यी दुई कलाकारलाई अझै हटरूपमा पेस गरिएको ट्रेलर सार्वजनिक गरिएको छ।

सञ्चारकर्मी संगीता श्रेष्ठको डेब्यु निर्देशन र लेखनमा बनाइएको फिल्मको ट्रेलर राजधानीमा आइतबार आयोजित एक समारोहबीच सार्वजनिक गरिएको हो। ट्रेलरमा काठमाडौंभित्रको ३ कथा प्रस्तुत गरिएको छ। जसमध्ये एक कथामा प्रियंका कार्कीलाई पैसाका खातिर मोडल बनेकी युवतीका साथमा यौन शोषणमा परेकी युवतीका रूपमा प्रस्तुत गरिएको छ। जसमा प्रमोद अग्रहरी जोडिन पुग्छन्। यसै क्रममा प्रियंका र प्रमोदबीचको उत्तेजक इन्टिमेट सिन देखाइएको छ। अर्को कथा नायक आयुषमान देशराज जोशी र प्रेक्षा अधिकारीको रहेको छ भने नायक संजोग कोइराला र सन्ध्या केसीको अर्को कथा ट्रेलरमा देखाएको छ।

असोज १२ गते अल नेपाल रिलिज हुने फिल्मले *रातको कुरा* बोलको गीतबाट आलोचना खेपे पनि ट्रेलर आइसकेका कारण फिल्मको कथा प्रस्ट हुने निर्देशक संगीताले बताइन्। 'गीतलाई लिएर जति गाली र तालीहरू आए, त्यसलाई म माया नै हो भन्ने मान्छु। नेगेटिभ कुरामा मानिसको ध्यान छिटो जान्छ भन्छन्, यस्तो कुरा संसारबाटै हटेर जानुपर्छ। त्यसका लागि नेगेटिभ कुरा नै उठाउन पर्ने भएकाले यो फिल्मको कथामा लिइएको हो। फिल्मले समाजकै कथालाई बोकेको छ। फिल्म काठमाडौंका भिन्न तीन पात्रको कथा हो, जो पीडा सहे तापनि मुस्कुराउन बाध्य छन्।' -संगीताले भनिन्। उनले आफूले रातारात हिट हुनका लागि नभएर काठमाडौंको यथार्थ कथा लिएर फिल्म बनाएको हुनाले फिल्मको दृश्यलाई नकरात्मकरूपमा लिन नहुने बताइन्। 'फिल्ममा रियालिटीलाई उतार्न खोजिएको छ र सिम्बोलाइज गरिएको छ। एक प्रोस्टिट्युटको कथा छ, जसलाई पोट्रे गर्नका लागि प्रियंका नै उपयुक्त भेटें।' -उनले भनिन्। फिल्मका प्रमोद अग्रहरीले च्यालेन्जिङ रोलमा आफूलाई प्रस्तुत गर्ने रहर हुने दाबी गर्दै *कथा काठमाडौं*मा आफू भिन्न तीन अवतारमा देखिने बताए। 'फिल्मको गीत आएपछि त्यसमा कतिपय टिप्पणी आए, यसलाई म नराम्रो मान्दिनँ। एउटा एक्टर भएपछि आफूलाई जस्तो रूपमा पनि प्रस्तुत गर्नुपर्छ।' -उनले भने।

अर्का नायक संजोग कोइरालाले *कथा काठमाडौं*मा ३ वटा कथाले भरिएको फिल्म भए पनि पहिले सार्वजनिक गीतको कारण एउटा कथाले मात्र चर्चा पाएको बताए। फिल्मको ट्रेलरबारे बोल्दै अभिनेता, निर्देशक तथा निर्माता अशोक शर्माले नेपाली फिल्म क्षेत्र रामो भएकाले नयाँ आउने निर्माता निर्देशकलाई उत्साहित बनाउनुपर्नेमा जोड दिए। 'म नारी-पुरुष दुवै समान हुन् भन्छु तर नारी भइकन पनि संगीता बहिनीले यस्तो कथा लिएर बोल्ड डिसिजन गर्नुभएको छ। उहाँको आँटलाई सम्मान गर्छु। फिल्ममा कथाले कहाँ के माग्छ त्यो देखाउनुपर्छ। तर, त्यसलाई सही ढंगमा देखाउनुपर्छ।' -उनले भने। विजय राइको निर्माणमा तयार भएको फिल्ममा प्रमोद अग्रहरी, प्रियंका कार्की, आयुषमान देशराज जोशी, संजोग कोइराला, सन्ध्या केसी, प्रेक्षा अधिकारीलगायतले प्रमख भूमिकामा अभिनय गरेका छन्। फिल्ममा मोहित मुनाल, कमल खत्री, प्रदीप बास्तोला र सुरजविक्रम थापाको संगीत, अष्ट महर्जनको द्वन्द्व, लुजा सिंहको छायांकन र मित्र डी गुरुङको सम्पादन रहेको छ।

## चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानमा पाठक



नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको शनिबार सम्पन्न प्रथम साधारणसभाले अध्यक्षमा केपी पाठकलाई सर्वसम्मत चयन गरेको छ। सभाले ७ सदस्यीय नयाँ कार्यसमिति चयनका लागि गरेको निर्वाचनमा उपाध्यक्षमा विजयरत्न तुलाधर, महासचिवमा राजु केसी, सचिवमा राजु भण्डारी, कोषाध्यक्षमा कमलप्रसाद शर्मा तथा सदस्यहरूमा विश्वराज सापकोटा र रसिक पाठकलाई सर्वसम्मत चयन गरेको छ।

सभामा तदर्थ समितिका अध्यक्ष पाठकले यो प्रतिष्ठानको उद्देश्यमाथि प्रकाश पार्दै विश्वको फिल्मलाई नेपाली फिल्म जगत्सँग सुपरिचित गर्दै लाने बताए। यही उद्देश्य पूर्तिका लागि गत वर्षदेखि नै प्रतिष्ठानले नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आयोजना गर्न थालेको उनले बताए। तदर्थ समितिका सचिव राजु भण्डारीले प्रतिष्ठानको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष कमलप्रसाद शर्माले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रतिष्ठानले यही आगामी फागुनमा सम्पन्न गर्ने लक्ष्य लिइएको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको दोस्रो संस्करणका लागि विश्वका विभिन्न देशबाट प्राप्त हुने फिल्म छनोट गर्न प्रतिष्ठानका उपाध्यक्ष रहेका विजयरत्न तुलाधरको संयोजकत्वमा गठन गरिएको छनोट समितिलाई शनिबार नै स्वागत गर्दै पदभारसमेत हस्तान्तरण गरिएको छ। समितिमा प्रविधिविज्ञ करुण थापा, ध्वनिविद् आलोक तिवारी, निर्देशक रामराजा दाहाल, छायाँकार सवनम मुखिया, साहित्य समालोचक अभय श्रेष्ठ र चलचित्र पत्रकार सुशील पौडेल सदस्य रहेका छन्।

## कलागाउँको कलामा मूर्तिको शिलालेख

हेटौंडा, (नेस)। २०६९ सालमा ७ देशका २३ कलाकारले १५ दिन लगाएर सिर्जना गरेका मूर्तिकलालाई संरक्षण गरी मूर्तिकलाको म्युजियम बनाइएको क्षेत्र हर्नामाडी कला प्रतिष्ठान, हेटौंडा-१८, गुम्बाडाँडामा रहेका सम्पूर्ण मूर्तिको शिलालेख तयार हुने भएको छ।

पर्यावरणीयरूपमा सुन्दर क्षेत्रलाई विविध कलात्मक सौन्दर्यले सुसम्पन्न कलागाउँका रूपमा परिचित गराउने उद्देश्यले सम्भवत: जिल्लामा पहिलोपटक कला कार्यशाला आयोजना गरिएको थियो। हर्नामाडी कला प्रतिष्ठानले नेपालमा पहिलो अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला गरेर गुम्बाडाँडामा मूर्तिकला पार्कलाई आधुनिक मूर्तिकला बगैंचा मात्र होइन, अन्य कलाकृतिले सुसज्जित पारेर मकवानपुरलाई आर्ट भिलेजका रूपमा परिचित गराउन कार्यशाला गरेको हो। कार्यशालामा नेपालका चर्चित चित्रकारहरू शशिविक्रम शाह, कृष्ण मानन्धर, वत्सगोपाल वैद्य, शशिकला तिवारी र किरण मानन्धरलगायतको सहभागिता थियो। प्रतिष्ठान अध्यक्ष हर्क रम्तेलले त्यहाँ पार्कलाई थप विकास गरिने, ललितकलाका विविध विषयमा अध्ययन तथा अनुसन्धान गर्ने स्थल बनाइने, भावी पुस्ताका लागि कला नमुनाको धरोहर निर्माणमा योगदान पुऱ्याउने तथा कलाका अनुरागीका लागि एक खुला वैभव र मनोवैज्ञानिक



प्रभाव सिर्जना गर्ने खालका कलात्मक साझास्थल निर्माण गर्ने लक्ष्य लिइएको बताए। उक्त क्षेत्रमा तयारी कलाकृतिहरू एक विशेष संग्रहालयका रूपमा संरक्षित गरिने भएकाले यस क्षेत्र सौन्दर्य, सांस्कृतिक वैभव, कला अध्ययन/अनुसन्धानस्थल बनेर जिल्लाको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने विश्वास उनको छ।

कार्यशालाले मूर्तिकला म्युजियमलाई थप विकाससहित गुम्बाडाँडालाई कलात्मक सिर्जनाग्रामका रूपमा विकास गरेर कलाकार, अन्वेषक तथा सिर्जनशील व्यक्तित्वलाई विशिष्ट सिर्जनात्मक कार्यका लागि त्यहाँ बास बस्न अभिप्रेरित गरेको अध्यक्ष रम्तेलले बताए। उक्त क्षेत्रमा हेटौंडासम्म साइक्लिङ ट्र्याक, नजिकको खोलामा बोटिङ, अर्किड अनुसन्धान केन्द्रसहित बर्सेनि विशेष कला महोत्सव आयोजना गर्ने लक्ष्य प्रतिष्ठानले लिएको छ। २०६९ मंसिर ११ देखि २६ गतेसम्म अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला र २०७३ असोज १ देखि ५ सम्म अन्तर्राष्ट्रिय चित्रकला कार्यशाला गरिएको उक्त स्थानमा जापानी कलाकारले नेपालमा पहिलोपटक धानखेतमा स्टलेसन आर्ट गरेका थिए। उक्त स्थानमा आगामी फागुन/चैततिर कम्तीमा ५० देशका कलाकारको सहभागितामा विश्व काष्ठ दिवस मनाउने योजना रहेको अध्यक्ष रम्तेलले बताए।


# कामनाको हरेक अंक विशेष अंक




सर्वत्र बजारमा उपलब्ध

## यस अंकका आकर्षणहरू

» **आयुष्मान + प्रियंका = आयंका**
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» **कति चाँडै तीजको लहर !**
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» **सेलाउँदै सिनेमा**
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» **सफलतासँगै असफलता**
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरू त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» **शेयर वृद्धि राहत, बक्स अफिस आहत !**
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» **आमाअघिको नेपाली सिनेमा**
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» **ब्युटी पेजेन्ट र मोडलिङ परिवेश**
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

छोटो बढ्यो भने भारी फूर्ति
ढाँचा बढाउँछ, उर्लदो खहरे
हेर कत्तिको गड्गडाउँछ।
- लेखनाथ पौडेल

हरेक व्यक्ति प्रशंसा मन पराउँछन्,
किनकि मान्छेको स्वभावमा
प्रशंसा पाउने तिर्खा प्रबल हुन्छ।
- विलयम जेम्स

## सम्पादकीय

नेपाल समाचारपत्र

## चिकित्सक आन्दोलनबाट उपचारको हक कुण्ठित

चिकित्सा क्षेत्रमा कार्यरत चिकित्सकहरूले जनतामाथि खेलबाड गर्ने क्रमलाई बेला–बेलामा निरन्तरता दिएका छन्। कहिले डा. गोविन्द केसीको आन्दोलनको ऐक्यबद्धताको नाममा त कहिले चिकित्सकमाथि दुर्व्यवहार भएको नाममा आन्दोलन गरी बिरामीमाथि खेलबाड गर्ने गरेको पाइएको छ । सरकारले अत्यावश्यकीय क्षेत्रमा आन्दोलन गर्न र सेवा बन्द गर्न नपाइने भन्दै झन्डै एक दशकअघि नै कानुन ल्याएको भए पनि सरकारी कानुनलाई पटक–पटक चिकित्सकहरूले नेपाल चिकित्सक संघको नामबाट लत्याउँदै आएका छन्। सरकार भने चिकित्सकको हरेक आन्दोलनका नाममा हुने अराजक कार्यको अगाडि झुक्दै आएको छ ।

पछिल्लोपटक भदौ १ बाट सरकारले कार्यान्वयनमा ल्याएको नयाँ मुलुकी ऐनमा केही प्रावधान चिकित्सकहरूको अनुकूल नभएको भन्दै चिकित्सक संघको नाममा आइतबारबाट आन्दोलन शुरु भएको छ । चिकित्सकको यस आन्दोलनले बिरामी मारमा परेका छन् । अब जनताको उपचार पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ सरकार अग्रसर हुन्छ कि संघको नाममा सडक आन्दोलनमा निस्किएका चिकित्सको माग सम्बोधन गर्छ ? त्यो भने हेर्न बाँकी छ । कुनै पनि ऐन कानुनमा भएका प्रावधान आफू अनुकूल नभए सरकारसँग वार्तामा बसेर समाधान खोज्नुको सट्टा चिकित्सक संघले प्रमुख प्रतिपक्षी दलको भ्रातृ संस्थाको व्यवहार देखाएर आफ्नो कतर्व्यबाट च्यूत हुँदै गएको छ । २९ महिनाअघि नै कानुनको रूपमा स्वीकृति भएर संसद् सचिवालयमा मुलुकी ऐन थन्किँदा चुपचाप बस्ने संघको नेतृत्वले बिरामीमा मार पर्ने नीति अख्तियार गर्न थालेकाले यसतर्फ जनता सचेत हुनुपर्ने बेला आइसकेको छ । मुलुकभरका अस्पतालमा उपचारका लागि भर्ना भएका बिरामीको समेत वास्ता नगरी आन्दोलनको घोषणा गर्ने चिकित्स संघको नियतमा खोट मात्र होइन, उनीहरूको व्यवहार पनि सन्देहात्मक देखिन्छ ।

युवा विद्यार्थी संगठनको जस्तो स–सना विषयमा पनि सडक आन्दोलन घोषणा गर्ने अनि सडक जाम गरेर रमिता देखाउने कार्यलाई सदाका लागि बन्द गर्ने वातावरण सरकारले बनाउन सक्नुपर्छ । तोडफोड र आन्दोलन गरेपछि मात्रै दबाब महसुस गर्ने सरकारी रबैयामा परिवर्तन नआएसम्म जनताले सधैँ दुःख पाइरहनेछन् । जनताको मौलिक हकको रूपमा रहेको स्वास्थ्य उपचारबाट वञ्चित गराउने संघको रबैयालाई जति निन्दा गरे पनि थोरै होला तर सरकारले पनि नयाँ मुलुकी ऐनमा भएका विवादास्पद ऐन कानुनको संशोधन गर्ने प्रतिबद्धता जनाएको भए त्यसलाई कार्यान्वयनमा लैजाने क्रमलाई निरन्तरता दिनुको विकल्प छैन । यसतर्फ दुवै निकायको ध्यान जान जरुरी छ ।

# सरकार लक्ष्यमा दृढ छ कि विचलन ?



शंकरनाथ काफ्ले

वर्तमान जननिर्वाचित ऐतिहासिक दुई तिहाइको समर्थनप्राप्त शक्तिशाली सरकारले आफ्नो ६ महिने कार्यकाल पूरा गरेको छ। ०५१ सालमा स्व. मनमोहन अधिकारीको नेतृत्वमा बनेको सरकारले दिएको उत्साहको जगमा उभिएको यो सरकारले त्यही गतिमा आफूलाई उभ्याउन सकेको छ वा छैन सरकारले नै मूल्यांकन गर्ने कुरा हो। नयाँ सरकारप्रति जनतामा तीव्र आकांक्षा भएको कारण थोरै मात्रका कार्यहरूबाट जनता खुशी हुन सक्ने अवस्था देखिँदैन। सरकार गठनपछि कम्तीमा काठमाडौं उपत्यकाका सडकका खाल्टाहरू व्यवस्थित हुनेछन्, कम्तीमा शहरको फोहोरको व्यवस्थापन हुनेछ, कम्तीमा बजारभाउ नियन्त्रण भई जनताले राहतको सास फेर्न पाउनेछन् भन्ने अपेक्षा राखिएका थिए। सरकारले प्रस्तुत गरेको समृद्ध नेपाल खुशी नेपाली भन्ने नाराले भविष्यमा क्रमशः मूर्तरूप लिँदै जानेछ भन्ने अपेक्षा धेरैमा छ। तर वर्तमानमा त्यसको आंशिक लक्षण देखा पर्नुपर्ने हो, आजको दिनसम्म त्यो उत्साह देखा परिसकेको छैन।

विकास आजको भोलि छु मन्तर गरेर हुने कुरा अवश्य होइन। विकासको एउटा गति हुन्छ। त्यो गतिलाई कति द्रुत बनाउने वा कति धीमा बनाउने राजनीतिक दृष्टिकोण र प्रतिबद्धतामा निर्भर गर्दछ। लामो समय नेपाल अँध्यारोमा थियो, कुलमानको आगमनसँगै मुलुकले एकहदसम्म लोडसेडिङको समस्या भोग्नुपरिरहेको छैन। छिट्टै मेचम्चीको पानी काठमाडौंमा वितरण हुँदै छ। काठमाडौंलगायत मुलुकका शहरहरूको बाटोहरू फराकिलो हुँदै व्यवस्थित हुँदै छ। केही कुराका पूर्वाधारहरू आज शुरु गरिएका छन्, धेरै कुराका पूर्वाधारहरू हिजोका सरकारहरूले कोरिदिएका थिए। विगत ५० वर्षअघिको नेपाल र आजको नेपालमा धेरै परिवर्तन आइसकेको छ। तर, परिवर्तनको यो गति विश्वमानचित्रमा धेरै पछि परिरहेको छ। कम्तीमा यो गतिलाई तीव्रता दिनु आजको सरकारको अर्जुनदृष्टि हुनुपर्दछ।

मुलुकलाई द्रुत गतिमा अघि बढाउनुपर्नेछ। जनताका आकांक्षाहरू बृहत् छन्। जनताले आकांक्षा राखेको भन्दा बढी काम राज्यले गर्नुपर्ने स्थिति छ। आजको डिजिटल युगमा ढुंगेयुगिन पाराले काम गरेर लक्ष्य हासिल गर्न सकिँदैन। यसै वास्तविकतालाई बुझेर हुन सक्छ सम्माननीय प्रधानमन्त्रीको उद्देश्य बृहत् देखिन्छ। प्रधानमन्त्रीजीले विगतदेखि धेरै योजना प्रस्तुत गर्नुभएको छ, जसलाई धेरैले हावादारीको संज्ञा पनि दिएका थिए। नेपालीको आवश्यकता र चाहना त्यो भन्दा अझ बढी छ। अझै प्रधानमन्त्रीजीबाट धेरै-धेरै योजनाहरू आउनुपर्छ भन्ने नेपालीको चाहना छ। कुरा यति हो कि प्रधानमन्त्रीजीबाट घोषणा हुने योजनाहरू तत्काल कुनै न कुनै रूपमा कार्यान्वयनको तहमा जोडिनुपर्दछ। यसो भयो भने मात्र जनतामा लोकतन्त्र, संघीयता र परिवर्तनप्रति स्थायी विश्वास रहनेछ। विडम्बना नै मान्नुपर्दछ, आज सरकारको ध्यान विकासमा भन्दा कर उठाउने कार्यतर्फ बढी आकर्षित भएको भन्ने जनगुनासो छ। विशेष उत्पादनमा मात्र कर केन्द्रित गर्नुपर्ने ठाउँमा स्थानीय सरकारहरूले जनताको सामान्यभन्दा सामान्य विषयमा पनि कर उठाएर संघीयताको दुष्प्रचार गरिरहेका छन्। कर उठाउने हो तर स्वेच्छाले। कर उठाउने हो विकास र समृद्धिको लागि। कर उठाएर प्रशासनिक खर्च गर्न लागियो भने जनतामा व्यापक निराशा छाउनेछ, जसको कारण संघीयता विरोधीहरूलाई यसलाई अफापसिद्ध बनाउन मसला मिल्नेछ। तसर्थ कर बलले होइन, स्वेच्छाले हुनुपर्दछ। एक ठाउँमा दुईवटा होटलहरू सञ्चालन गरिएको छ। एउटा होटलमा व्यवस्थापन पक्ष राम्रो छैन, फोहोर छ तर चिया मीठो पाइन्छ। सँगैको अर्को होटललाई आकर्षक तरिकाले सजाइएको छ र सफा पनि छ। पहिलो होटलमा १५ रुपियाँ कप चिया पाइन्छ। अर्कोमा त्यही चियाको ७५ रुपियाँ पर्दछ। ७५ रुपियाँमा पाइने चियाभन्दा १५ रुपियाँमा पाइने चिया मीठो पनि छ तर मानिसहरू महँगो होटलमा नै छिर्न रुचाउँछन्। किन ? जनता सुविधा र विकास चाहन्छ। सुविधा र विकासपछि लिइने शुल्क वा कर तिर्न जनता पछि हट्दैनन् तर विकास केही छैन, परिवर्तन र सुधार केही छैन, यस्तो अवस्थामा कर तिर्नभन्दा मानिसहरूले सीधै संघीयता भनेको ठीक होइन रहेछ भनेर व्याख्या गर्दै प्राप्त उपलब्धिको अवमूल्यन गरिरहेका छन्। जनतामा यो वितृष्णा जगाउने कार्य स्वयम् जिम्मेवार निकायबाट भइरहेको छ। तसर्थ, सरकारले ऋण लिएर भए पनि विकासको गतिलाई अघि बढाउन सक्नुपर्दछ, कर बढाएर होइन।

विगतमा नेपाल हरेक दृष्टिकोणबाट पछि पर्नुको मुख्य कारणको रूपमा अस्थिर राजनीतिलाई मान्ने गरिन्थ्यो। २००७ सालदेखि ०६२।०६३ को आन्दोलन र यसअघि-पछिका जनयुद्ध एवम् आन्दोलनहरूमा सहभागी भएर, अस्थिर राजनीतिलाई स्थिर बनाएर, मुलकलाई समृद्ध बनाउनुपर्दछ भन्ने नेपाली जनताको दृढ संकल्पको परिणामस्वरूप संविधानसभाको निर्वाचन गरेर, संविधानसभामार्फत नेपालको संविधान २०७३ निर्माण गरियो। अनि यसैलाई स्थिर राजनीतिको जग मानियो। आज जनताले विश्वास गरेको त्यही संविधान हामीसँग छ, जनताले निर्दिष्ट गरेको पद्धति हामी प्रयोग गर्दै छौं र जनताले अठोट गरेका सशक्त प्रतिपक्ष र बलियो सरकार हामीसँग छ। यिनीहरूलाई गल्ती गर्ने र काम गर्न नसक्ने कुनै अधिकार जनताले छाडेका छैनन्। यही विन्दुमा नेपालको भविष्य उभिएको छ। नेपालमा काम आफ्नो पालामा हुनुपर्दछ, अरुको पालामा होइन भन्ने मनोविज्ञानले नेताहरूलाई संकिर्ण बनाएको छ। मुलुक बनाउने हो भने जसले बनाओस्, त्यसमा वास्ता गर्नुहुँदैन। वर्तमान सरकार सफल होला भन्ने आजका प्रतिपक्षलाई चिन्ता छ भने हिजोका कुनै सरकारले गरेका राम्रा कामको चर्चा कतैबाट आयो भने त्यो ठीक होइन वा त्यो हामीले नै गरेको हो भन्ने ढिपी वर्तमान सरकारमा छ। जसले गरोस्, राम्रो गरोस् भन्ने सोच राजनीतिक मनोविज्ञानमा विकास नहुन्जेलसम्म मुलुकले गति लिन सक्दैन।

सरकारको स्वरूपको कुरा गर्दा, २००७ सालको प्रजातन्त्रको उदयपश्चात्को इतिहासलाई हेर्ने हो भने वर्तमान केपी ओली नेतृत्वको सरकार नेपालमा पहिलोपटक सर्वाधिक शक्तिशाली सरकारको रूपमा उभिएको छ। यो सरकार २००७ सालदेखि थाँती रहेको जनताबाट निर्वाचित संविधानसभाबाट निर्मित नेपालको संविधान २०७३ को कार्यान्वयनको पहिलो चरणमा नै गठन भएको सरकार भएकोले यसको विशेष गरिमा पनि छ। नेपाली जनताको चाहना संविधानसभाबाट नेपालको संविधान निर्माण गर्ने भन्ने थियो, त्यो साकार भएको छ। नेपाली जनताको अर्को चाहना स्थिर सरकारको निर्माण गरी मुलुकलाई स्थायित्व प्रदान गर्ने भन्ने थियो, त्यो पनि पूरा भएको छ। जनताले गर्नुपर्ने दायित्व पूर्ण इमानदारी र बुद्धिमत्तापूर्ण ढंगबाट पूरा गरेका छन्। अब मुलुकलाई स्थिरतासहित समृद्धिको मार्गमा त्यो पनि द्रुत गतिमा डोऱ्याउने जिम्मा सरकार र राजनीतिक दलहरूको काँधमा आएको छ।

आज जनताले चाहेबमोजिमको संविधान जारी भएको छ, जनताले चाहेको भनिएको संघीयता कार्यान्वयनमा आएको छ। दुई तिहाइ बहुमतको सरकार निर्माण हुन पुगेको छ। राजनीतिक विकृतिलाई स्थान दिने दलहरूको विगतको खिचडी प्रणालीको अन्त्य भई ५ दलले मात्र राष्ट्रिय दलको रूपमा आफूलाई उपस्थित गराउन सक्षम भएका छन्। राजनीतिक दलहरूबीचको अनावश्यक द्वन्द्वहरू ज्यादै न्यूनीकरण भएका छन्। सिद्धान्तको लागि मात्र पक्ष र प्रतिपक्ष बन्न पुगेको अवस्था छ। विद्रोही र विरोध गर्ने शक्तिहरू कमजोर बन्न पुगेका छन्। आमजनताले वर्तमान पद्धति र प्रणालीको पक्षमा मत जाहेर गरिरहेका छन्। यस अवस्थामा नेपाली जनता मुलुकको समृद्धि हेर्न लालायित भइरहेका छन्। यसको लागि राज्यलाई हरेक पक्षबाट मद्दत गरेर मुलुकको मुहार फेर्ने विराट संकल्प नेपाली जनताले बोकिरहेका छन्। मुलुकलाई अघि बढाउनको लागि आजको जस्तो सहज र अनुकूल राजनीतिक वातावरण इतिहासमा कहिल्यै निर्माण हुन सकेको थिएन। यसकारण वर्तमान सरकारले अहोरात्र खटिएर, लोकतन्त्र, सुशासन, मानवअधिकार र कानुनी राजको आदर्शलाई पूर्णरूपमा सम्मान गर्दै अघि बढ्नुपर्दछ।

सपना बाँड्न सजिलो हुन्छ तर सपना साकार पार्न दृढ संकल्पको आवश्यकता पर्दछ। हिजोका दिनसम्म संक्रमणबाट मुलुकको राजनीति गुज्रिरहेको थियो। एउटा काम गर्न नसक्दा अर्कोले हामी भए यसो गर्थ्यौं, उसो गर्थ्यौं भन्न सक्ने अवस्था थियो। अब त्यो बहानाबाजी गर्ने अवसर बाँकी रहेन। जनताले नेकपालाई स्पष्ट बहुमत प्रदान गरेको अवस्था छ। स्थानीय सरकारदेखि प्रदेश एवम् केन्द्रमा समेत नेकपाको सरकार छ। ओली सरकारले विगतमा जनताको धेरै मात्रामा विश्वास जित्न सफल भएका थिए। विगतका त्यही सफलताको कारण नेपाली जनताले आसन्न निर्वाचनमा नेकपालाई करिब दुई तिहाइ मत प्रदान गरेको हो। यसकारण वर्तमान सरकारसँग नेपाली जनताको तीव्र अपेक्षा र अपार विश्वास छ। यो विश्वासलाई कायम राख्न सकेमा वर्तमान सरकार सफल हुने त छ नै, समृद्ध नेपालको परिकल्पनासमेत साकार हुनेछ। हामीले ५ वर्षभित्र मुलुकलाई चाहेअनुसार समृद्ध बनाउन त नसकौंला तर समृद्धिको मार्गमा मुलुकलाई धेरै अघि बढाउन सफल हुनेछौं। समृद्धिका पूर्वाधारहरू निर्माण गर्न सकियो मात्र भने पनि सरकार, संविधान र जनताको विश्वास सबै सफल हुनेछ। अन्यथा मुलुक निमार्णको अर्को विकल्प बाँकी रहनेछैन। त्यसपछि मुलुक फेरि सम्हाल्न नसक्ने गरी अस्थिरता र द्वन्द्वमा फस्न सक्नेछ।

आज मुलुकलाई समृद्धिको मार्गमा अघि बढाउन कोही बाधक छैनन्। उत्साहमा रहेका नेपाली जनतामा अनावश्यक करको भार लगाउन खोज्दा कुनै पक्षलाई जनता उक्साउने बहाना मिलेको छ। यसैले भन्ने गरिन्छ, अर्थतन्त्रको हिसाबले संघीयता धान्न सकिँदैन भनेर। त्यसलाई चिर्न भ्रष्टाचार र अनियमितताहरूलाई निर्मूल पार्न सक्नुपर्दछ। जनप्रतिनिधिहरूले राज्यबाट असीमित सुविधा खोजेर होइन, मुलुकको लागि समर्पित भएर कार्य गरेमा जनतामा रहेको अन्तिम भ्रम पनि समाप्त भई नेपालको गौरव वास्तवमा सगरमाथाको शिरमा झन्डा गाडेर उभिनेछ।

*(लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ।)*

> वर्तमान सरकार सफल होला भन्ने आजका प्रतिपक्षलाई चिन्ता छ भने हिजोका कुनै सरकारले गरेका राम्रा कामको चर्चा कतैबाट आयो भने त्यो ठीक होइन वा त्यो हामीले नै गरेको हो भन्ने ढिपी वर्तमान सरकारमा छ। जसले गरोस्, राम्रो गरोस् भन्ने सोच राजनीतिक मनोविज्ञानमा विकास नहुन्जेलसम्म मुलुकले गति लिन सक्दैन।

## पाठक पत्र

### स्वदेशमै स्वरोजगारी दिन जरूरी

मुलुकको स्थायी सरकारले जनताका धेरै खाले चाहनालाई पूरा गर्नुपर्ने चुनौती छँदै छ। यससँगै स्थानीय तहमा रोजगारी सृजना गरेर धेरै बरोजगार युवाहरूलाई रोजगारी दिनुपर्ने पनि चुनौती कायमै रहेको छ। हरेक दिन नेपाली युवाहरूले विदेशमा ज्यान गुमाएका बेला सरकारले सोही अनुसारको स्थानीय तहमै रोजगारीका लागि उद्योग, कलकारखाना सञ्चालन गर्ने नीति ल्याई काम गरिरहेको सन्दर्भलाई मध्यनजर गरी अब हरेक स्थानीय तहहरूमा आवश्यकताअनुसार उद्योगहरू सञ्चालन गर्नु अहिलेको आवश्यकता देखिएको छ।

स्थानीय तहमा रहेका भैंसीपालक, बंगुरपालक, बाखापालक र अन्य पशु चौपायापालक किसानहरूसँग सहकार्य र समन्वय गरेर सामूहिक पशुपालनका कामहरू लागू गर्नुपर्ने देखिएको छ। कार्यक्रम लागू गरेर मात्र हुनेवाला छैन, करिब पाँच वर्षसम्मको कार्ययोजना निर्माण गरेर समूहमा रहेका व्यक्तिहरूको आर्थिक अवस्था सुधारका लागि बजारीकरणसम्मको पहुँच विस्तार गर्ने र सोको प्रत्यक्ष रेखदेख, परामर्श गर्ने काम स्थानीय सरकारले थालनी गर्न सकेमा स्थानीय स्तरमा रोजगारीको एउटा महत्वपूर्ण अवसर हुने देखिएको छ। त्यस्तै हिमाली क्षेत्रहरूमा निकै सम्भावना रहेको जडीबुटी, फलफूल खेतीलाई पनि सामूहिकरूपमा विस्तार गर्दै कार्ययोजनासहितको काम थालनी गर्नुपर्ने देखिएको छ। हरेक स्थानीय तहमा उएटा उद्योग अनिवार्य स्थापना गर्ने आवश्यकताअनुसार र भौगोलिक अवस्थितिअनुसार एकभन्दा बढी कति सम्भावना हुन सक्छन् त्यस्ता उद्योगहरू सञ्चालन गर्नु अहिलेको आवश्यकता हो।

सरकारलाई विभिन्न तरिकाबाट असफल बनाउने र मुलुकको आर्थिक समृद्धिमा असर गर्ने खालका कामहरू पनि नियोजितरूपमा हुने खतरालाई मध्यनजर गर्दै सरकारले काम थालनी गर्नुपर्ने र सकारात्मक कामहरूका लागि सबैले हातेमालो गर्नुपर्ने अहिलेको आवश्यकता हो।

*- टीका विक, काठमाडौं।*

### शहरबजारको प्रमुख समस्या बन्यो फोहोर

नेपालका प्रमुख शहरहरूको प्रमुख समस्या फोहोरको उचित व्यवस्थापन नहुनु रहेको छ। नेपालमा हतारमै नगरपालिका घोषणा गर्ने तर न्यूनतम मापदण्ड पनि पूरा नगर्ने नगरहरू थुप्रै छन्। देशभरकै नगरपालिकाका बजार फोहोरले दुर्घन्धित भइसक्दा पनि सरोकारवालाको ध्यान केन्द्रित भएको छैन। प्रायः महानगरदेखि नगरपालिकाले डम्पिङ साइटका लागि उपयुक्त जग्गा नपाउँदा फोहोर व्यवस्थापन हुन नसकेको लाचारी व्यक्त गर्दै आएका छन्। फोहोर समयमै नउठ्नु नगरवासी सबैका लागि प्रतित्युपादक हुन्छ। राप्तीमा दुई सातादेखि फोहोर नउठ्दा रोगव्याधी फैलने खतरासमेत बढेको छ। फोहोरमैलाको व्यवस्थापन गर्नु हरेक स्थानीय तहको प्राथमिक जिम्मेवारी पनि हो। बजारक्षेत्रमा फोहोरबापतको शुल्क पनि नगरवासीले बुझाउँदै आएका हुन्छन्। फोहोरको व्यवस्थापन सभ्यतासँग पनि जोडिएको विषय हो।

एउटा घरको व्यवस्थापन कस्तो छ भन्नका लागि सर्वप्रथम शौचालयको अवलोकन गरे पुग्छ। सफा शौचालयबाटै घरको सफासुग्घर र व्यवस्थापनबारे बुझ्न सकिएजस्तै फोहोर व्यवस्थापन हेरेर सम्बन्धित गाउँ-नगरको सभ्यता पहिल्याउन सकिन्छ। सफा शहर देख्दा बाहिरबाट घुम्न आउने पर्यटकसमेत खुशी हुन्छन्। आफ्नो गाउँ-नगरमा बाहिरबाट आउने मान्छेले फोहोर देखेर मुख खुम्च्याउनुपर्ने र नाक थुन्नुपर्ने अवस्था देखिनु सभ्य समाजकै लागि पटाक्षेप हो। दुर्भाग्य, हाम्रा शहरहरूले हाम्रो सभ्यतामाथि नै बारम्बार प्रश्न गरिरहेका छन्।


एकाधबाहेक नेपालका सबै शहरबजार फोहोर र अव्यवस्थित छन्। फोहोरमैलाको व्यवस्थापन मुलुककै लागि ठूलो चुनौती बन्न पुगेको छ। स्थानीय निकायले मामुली मानिने फोहोर व्यवस्थापन गर्न नसकिरहेको अवस्थामा गाउँ-नगरलाई कसरी समृद्ध बनाउला ? चुनावी सरगर्मीमा प्रायः सबै दलले स्मार्ट सिटीको अवधारणा अघि सारेका थिए। शहरमा फोहोरमैलाको दुर्गन्धले गिज्याउँदै गर्दा कसरी स्मार्ट सिटीको सपना पूरा होला ? काठमाडौँ फोहोरको राजधानी बनेको दशकौं भइसक्यो। महानगरवासीले सधैँ आफूलाई आत्मग्लानि महसुस गरिरहेका छन्। अति भएपछि राजधानीवासी जनस्तरबाटै वाग्मतीको शृङ्खलाबद्ध सफाइ र महानगरको फोहोरमैला व्यवस्थापनमा जुट्दै छन्।

पछिल्लो समय केही सामाजिक संस्थाहरूले प्रचारका लागि सरसफाइ गरेको जस्तो देखिन्छ। हरेक टोलले साताको एकपटक सरसफाइ अभियान गर्न सके बजारै दुर्गन्धित हुने अवस्था आउँदैन। फोहोर व्यवस्थापन एकैदिनमा सम्भव हुने विषय होइन। यसका लागि सम्बन्धित गाउँ-नगरले दीर्घकालीन योजनाका साथ काम गर्नुपर्छ। तर, हाम्रा स्थानीय निकायले फोहोरको अल्पकालीन र अस्थायी व्यवस्थापन गर्दै आएका छन्। अहिले राप्ती नगर दुर्गन्धित भएको छ। खैरहनी, रत्ननगर र भरतपुरका बजार पनि गन्हाइरहेकै छन्। फोहोर व्यवस्थापन गाउँ-नगरले चाहेर मात्रै सम्भव हुने कुरा होइन। हरेक व्यक्तिमा फोहोरमैला व्यवस्थापन गर्नुपर्छ भन्ने चेतना जागृत नभएसम्म यस्ता समस्याको पुनरावृत्ति भइरहन्छ।

हामीकहाँ घरबाट निस्कने सामान्य फोहोरको विसर्जन गर्न पनि नगरपालिकाकै रिक्सा, ट्याक्टर पर्खिने प्रवृत्ति छ। फोहोरमैला व्यवस्थापनमा अनुशासन र संस्कारको पनि ठूलो भूमिका रहेको हुन्छ। जस्तोसुकै फोहोर जहाँतहीँ फाल्ने संस्कारले व्यवस्थापनमा समस्या उत्पन्न भइरहेको छ। शहरबजारको सौन्दर्य बढाउन फोहोरको उचित व्यवस्थापन हुनै पर्छ। नगरपालिकाले डम्पिङ साइटको अभाव देखाएर फोहोर संकलन नगरी शहरबजार दुर्गन्धित बन्न दिनुहुँदैन। नगरवासीको स्वास्थ्य र सभ्यतासँग जोडिएको फोहोरको उचित व्यवस्थापनमा सरोकारवाला निकायले ध्यान दिनु आवश्यक छ।

*- कान्ति सुनार, चितवन।*

## सामाजिक सञ्जाल



'पप्पु कान्ट डान्स साला' भन्ने हिन्दी गीत ऊ बेला त्यत्तिकै हिट बन्या हैन रछ। यता पप्पु कन्स्ट्रक्सनको ठेक्कामा पऱ्या पुल र सडकको हालत देख्दा त्यही गीत फेरि सुपर हिट हुने सम्भावना बढ्या छ।

**Tika Bandhan**
**@Tikabandhan**



'मलाई चिनेको छस् ? मेरा भिनाजुको दाइको साथीको भाइ 'इन्स्पेक्टर' छ' भनेर बाटोहरूमा अर्कालाई थर्काइरहने समाज हो, हाम्रो। न कसैको डर छ, न लोकलाज !

**Buddhisagar**
**@buddhisagar**

भदौ ९ गतेको मन्त्रिपरिषद् बैठकले संक्रमणकालमा विविध कारणले वार्ता हुन नसकेका र छुट भएका विभिन्न समूहसँग वार्ता गर्न सांसद सोमप्रसाद पाण्डेको संयोजकत्वमा पूर्वसभासद सुरेश आले मगर, लीला भण्डारी, ताराकान्त चौधरीलगायत रहेको उच्चस्तरीय वार्ता टोली गठन गरेको थियो।



# गुल्मपति तथा स्टाफ तालिम सम्पन्न

नेपाल समाचारपत्र

काठमाडौं

सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानमा सञ्चालित सि.सं. २० गुल्मपति तथा स्टाफ तालिमको सशस्त्र प्रहरी बल नेपाल प्रधानकार्यालयमा आयोजित एक कार्यक्रमका बीच समापन गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले त्यस अवसरमा तालिमका उत्कृष्ट प्रशिक्षार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो। सो अवसरमा उहाँले प्रशिक्षणको दौरानमा आर्जन भएको व्यावसायिक ज्ञान, कला र कौशलले सांगठनिक दायित्व र लक्ष्य हासिल गर्ने मार्ग सहज र सुगम हुने बताउनुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने तथा जनताले अपेक्षा गरेको सेवा र सुरक्षाको अभिभारा सफलतापूवर्क पूरा गर्दै कार्यक्षेत्रका चुनौतीलाई परास्त गरी अगाडि बढ्ने आत्मविश्वास तालिमबाट प्राप्त हुने कुरासमेत उल्लेख गर्नुभयो।

उहाँले तालिमले क्षमता विकास गर्ने हुँदा फौजी संगठनमा यसको महत्त्वपूर्ण भूमिका रहने चर्चा गर्दै सत्कर्म सत्विचारका साथ सत्मार्गमा हिँड्न निर्देशनसमेत दिनुभयो।



सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूले आफूलाई प्राप्त जिम्मेवारीलाई सहज ढंगले पूरा गर्दै व्यावसायिक कुशलताका साथ कार्यक्षेत्रमा अगाडि बढिरहनुपर्ने उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले आगामी दिनहरूमा आउन सक्ने चुनौतीको सामना गर्नसमेत सधैं तम्तयार रहनुपर्ने बताउनुभयो।

सो प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेलले संगठनको निर्दिष्ट लक्ष्य हासिल गर्न सक्षम, कूशल र क्षमतावान् अधिकृत उत्पादन गर्ने कार्यमा यस्ता तालिमले महत्त्वपूर्ण भूमिका निर्बाह गर्ने बताउनुभयो। उहाँले व्यावसायिक ज्ञान सिप र नेतृत्व विकासमा जोड दिँदै प्रशिक्षणको दौरानमा प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक एवं व्यावहारिक ज्ञान दिइएको बताउनुभयो।

गत जेठ १३ गतेबाट सञ्चालन भएको उक्त तालिममा सशस्त्र प्रहरी नायब उपरीक्षक ३ जना, सशस्त्र प्रहरी निरीक्षक ३१ जना र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत १ जना गरी कुल ३५ जना प्रशिक्षार्थीहरूको सहभागीता रहेको थियो। उक्त तालिममा सशस्त्र प्रहरी निरीक्षक विनोद कार्की सर्वप्रथम भएका छन् भने सोधपत्रतर्फ सशस्त्र प्रहरी निरीक्षक नरबहादुर शाही उत्कृष्ट ठहरिएका छन्।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ को मृत्यु

काठमाडौं, (नेस)

ललितपुर, धादिङ, मोरङ, गुल्मी र कञ्चनपुरमा भएका छुटाछुटै सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने अन्य १९ जना घाइते भएका छन्। दुर्घटनामा ललितपुरमा १ जना, धादिङमा १ जना, मोरङमा २ जना, गुल्मीमा १ जना र कञ्चनपुरमा १ जनाको मृत्यु भएको हो।

दुर्घटनामध्ये ललितपुर महानगरपालिका-१५ कुसुन्तीस्थित बा५६प २७६२ नम्बरको स्कुटीले पैदलयात्री संगीता थापालाई ठक्कर दिँदा उनको काखमा रहेकी ५ महिनाकी छोरी पायुजा थापा घाइते भई उपचारका लागि बीएन्डबी अस्पताल ग्वार्को लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो। स्कुटी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। यसैगरी धादिङ नीलकण्ठ नगरपालिका-८ स्थित सडकमा बा ६४ प ५६४२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई शनिबार दुर्घटना हुँदा गम्भीर घाइते भएका चालक शिद्धलेक गाउँपालिका-६ बस्ने खेम मगरको जिल्ला अस्पताल धादिङमा उपचारको क्रममा मृत्यु भएको हो।

यसैगरी मोरङ रतुवामाई नगरपालिका-८ सडकखण्डमा को १ च ७७४६ नम्बरको भ्यानको ठक्करबाट घाइते भएका साइकल यात्री अनिल न्यौपानेको बीएनसी अस्पताल बिर्तामोड झापामा उपचारका क्रममा शनिबार मृत्यु भएको छ। साथै दुर्घटनामा ४ जना घाइते भएकोमा उनीहरूको स्थानीय मेडिकलमा उपचार भइरहेको छ।

मोरङकै पथरी शनिश्चरे नगरपालिका-१ हरियालीस्थित सडकमा को३प ७९०९ नम्बरको मोटरसाइकल र बा१८च ३४७ नम्बरको कार एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा पैदलयात्री तेह्रथुम लालीगुराँस नगरपालिका-२ बस्ने उद्धव मोतेको स्थानीय पथरी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका ३ जना पैदलयात्री र मोटरसाइकल चालकको पथरी अस्पताल र डाइनेस्टिक अस्पतालमा उपचार भइरहेको छ।

गुल्मी मालीका गाउँपालिका-२ भूमिकाचौर कोइलोखोलामा तम्घासबाट नेटादर्लिङतर्फ जाँदै गरेको लु१ज १९५७ नम्बरको जिप शनिबार सडकबाट अन्दाजी १ सय मिटर तल खस्दा घाइते भएकी जिपमा सवार सोही गाउँपालिका बस्ने मनकुमारी घर्तीको उपचारार्थ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ। उक्त दुर्घटनामा घाइते भएका अन्य ११ जनालाई उपचारका लागि तम्घासतर्फ लगिएको छ।

कञ्चनपुर शुक्लाफाँटा नगरपालिका-११ कलुवापुरस्थित सडकमा से१ज ८६२ नम्बरको हाइस र से२प १६६९ नम्बरको मोटरसाइकल शनिबार एकआपसमा ठोक्किदा घाइते भएका मोटरसाइकल चालक कञ्चनपुर भीमदत्त नगरपालिका-१८ बस्ने हरिशप्रसाद भट्टको पद्म अस्पताल अत्तरीया कैलालीबाट थप उपचारार्थ भारतको हल्दानीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ।

# धरहरा पुनर्निर्माण ठेक्काको आर्थिक प्रस्ताव खोलियो

## सबैभन्दा कम कबुल गर्ने जीआईईटीसी-रमन जेभी

काठमाडौं, (नेस)

भूकम्पबाट क्षतिग्रस्त धरहरा पुनर्निर्माणका लागि प्राधिकरणले आह्वान गरेको ठेक्काको आर्थिक प्रस्ताव खोलिएको छ।

आइतबार प्राधिकरणले खोलेको प्रस्तावअनुसार सबैभन्दा कम ठेक्का प्रस्ताव गर्ने कम्पनीमा जीआईईटीसी-रमन रहेको छ। यो कम्पनीले ३ अर्ब ४५ करोड रुपियाँमा धरहरा पुनर्निर्माण गर्ने प्रस्ताव गरेको छ। धरहरा पुनर्निर्माणका लागि सीआईसीओ-कालिका-रसुवा जेभी, जीआईईटीसी-रमन जेभी, जेडआईईसी-लामा जेभी, सीआरफाईभसीईसी-स्वच्छन्द जेभी, आशिष कन्ट्रक्सन र कुमार सीएफईसी गरेर ६ निर्माण कम्पनीले आवेदन दिएका थिए। यीमध्ये आशिष कन्ट्रक्सन प्राविधिक मूल्यांकनबाटै बाहिरिएको थियो।

धरहरा पुनर्निर्माणका लागि सीआईसीओ-कालिका-रसुवा जेभीले ४ अर्ब ३९ करोड, जेडआईईसी-लामा जेभीले ४ अर्ब ५० करोड, सीआरफाईभसीईसी-स्वच्छन्द जेभीले ४ अर्ब ५२ करोड र कुमार सीएफईसीले ४ अर्ब ४९ करोडको प्रस्ताव गरेका छन्। प्राधिकरणका सह-सचिव राजुमान मानन्धरका अनुसार सबैभन्दा कम ठेक्का प्रस्ताव गर्ने जीआईईटीसी-रमन जेभीको आर्थिक प्रस्तावको अध्ययन भइरहेको छ। मानन्धरले आसयपत्रका लागि ७ दिने समय दिई त्यसको २ हप्तामा सम्झौता हुने जानकारी दिनुभयो। प्राधिकरणले धरहरा पुनर्निर्माणका लागि वैशाख ३१ गते टेन्डर आह्वान गरेको थियो।

# सबै पक्षलाई राजनीतिको मूल प्रवाहमा ल्याउन आवश्यक : *गृहमन्त्री*



नेपाल समाचारपत्र

काठमाडौं

गृहमन्त्री रामबहादुर थापाले विभिन्न माग राखी आन्दोलनरत सबै पक्षहरूलाई राजनीतिको मूल प्रवाहमा ल्याउनु अहिलेको आवश्यकता भएको बताउनुभएको छ।

सांसद सोमप्रसाद पाण्डेको संयोजकत्वमा गठित उच्चस्तरीय वार्ता टोलीसँग आइतबार गृहमन्त्रालयमा भएको छलफलमा गृहमन्त्री थापाले सबै पक्षहरूलाई राजनीतिको मूल प्रवाहमा ल्याउने गरी वार्ता गर्न टोलीलाई आग्रह गर्नुभयो।

गत भदौ ९ गतेको मन्त्रिपरिषद् बैठकले संक्रमणकालमा विविध कारणले वार्ता हुन नसकेका र छुट भएका विभिन्न समूहसँग वार्ता गर्न सांसद सोमप्रसाद पाण्डेको संयोजकत्वमा पूर्वसभासद सुरेश आले मगर, लीला भण्डारी, ताराकान्त चौधरीलगायत रहेको उच्चस्तरीय वार्ता टोली गठन गरेको थियो।

वार्ता टोलीसँग गृह मन्त्रालयमा भएको छलफलमा गृहमन्त्री थापाले शान्ति, स्थिरता र सुशासन आजको आवश्यकता रहेको भन्दै त्यसलाई सार्थकता दिन सबै पक्षसँग संवादलाई जोड दिन वार्ता टोलीका सदस्यहरूलाई आग्रह गर्नुभयो।

गृह मन्त्रालयसँगको समन्वयमा वार्ता टोलीले काम गर्ने भएकाले मन्त्रालयको तर्फबाट सबै किसिमको सहयोग वार्ता टोलीलाई हुने गृहमन्त्रीले बताउनुभयो।

वार्ता समितिका संयोजक पाण्डेले टोली गठन भएपछिको अवस्था र वार्ताका लागि भइरहेका प्रयासको बारेमा बैठकमा जानकारी गराउनुभएको थियो।

# घाँसे मैदानमा फसेको विमान निकालियो

नेपाल समाचारपत्र

काठमाडौं

अवतरण गर्ने क्रममा धावनमार्गबाट चिप्लिएर घाँसे मैदानमा धसिएको यति एअरलायन्सको चार्टर विमानलाई एपीएफ टोलीले स्काभेटरको सहयोगमा धावनमार्ग हुँदै सुरक्षित स्थानमा पुन्याएको छ। यससँगै अवरुद्ध बनेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान सुचारु भएको छ। नेपालगन्जबाट काठमाडौंका लागि उडेको जेट स्टिम यति एअरलायन्सको चार्टर विमान शनिबार बेलुका



कोटेश्वरतर्फबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा धावनमार्गबाट चिप्लिएर ४/५ मिटर बायाँतर्फको घाँसे मैदानमा तीनवटै पांग्रासहित धसिएको थियो। सो दुर्घटनामा चालक दलका सदस्य ३ जना तथा २१ जना यात्रुहरू सबै सकुशल रहेका छन्।

उक्त दुर्घटनापछि आइतबार बिहान करिब साढे ३ बजे सशस्त्र प्रहरी नायब उपरीक्षक ओजेश वलीको कमान्डमा सशस्त्र प्रहरी निरीक्षकद्वय मिनराज भट्ट र भवराज कटवालको छुट्टैछुट्टै विपद् उद्धारटोली उद्धारकार्यका लागि खटिएको थियो।

एपीएफ टोलीको लगातारको प्रयासपछि आइतबार बिहान उक्त जहाजलाई धावनमार्ग हुँदै त्यहाँबाट हटाउन सफल भएको हो।

# लागूऔषधका कारोबारी समातिए

काठमाडौं, (नेस)

मोरङ र पाल्पामा लागूऔषधसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। मोरङमा २ जना र पाल्पामा १ जनालाई प्रहरीले पक्राउ गरेको हो।

मोरङ सुनवर्षी नगरपालिका-६ बस्ने अनिल ऋषिदेव र रोशन ऋषिदेवलाई लागूऔषध नाइट्राभेट १५ ट्याब्लेट र टमडोल ८ ट्याब्लेटसहित शनिबार प्रहरीले पक्राउ गरेको हो। सुनवर्षी नगरपालिका-८ हर्चनगढीस्थित छोटी भन्सार कार्यालयअगाडि प्रहरीले जाँच गर्ने क्रममा उनीहरूलाई उक्त परिमाणको लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी पाल्पा तिनाउ गाउँपालिका-६ सिकुवा बस्ने मानबहादुर लम्तरीलाई लागूऔषध ४ केजी गाँजा, पोलोथिन १ झोला र सुकेको तयारी गाँजा अन्दाजी १०० ग्रामसहित शनिबार प्रहरीले पक्राउ गरेको हो। मानबहादुरको घरमा प्रहरीले खानतलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी नियन्त्रणमा लिएको थियो।


सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन नोक्सानी, मानसिक चञ्चलता, आँखामा समस्या।
**वृष** : उत्तम भोजन, गिफ्ट पाइने सम्भावना, भाग्य चम्किने।
**मिथुन** : नोक्सानी, राम्रै बोले पनि उल्टो अर्थ लाग्ने, स्वास्थ्य समस्या।
**कर्कट** : धन वा सेवा-सहयोग प्राप्ति, सुख-सन्तोष, मन प्रफुल्लित।
**सिंह** : सुख-सन्तोष, हर्षविभोरका साथै गरेको काममा सफलता।
**कन्या** : राजनीतिज्ञबाट भय, इज्जतमा धक्का, कष्टदायक यात्रा।
**तुला** : रोगव्याधिले शिथिलता, आकस्मिक खर्च, काममा असफलता।
**वृश्चिक** : आर्थिक लाभ, समस्याको समाधान, अधुरा कार्य पूरा।
**धनु** : द्रव्यलाभ, खेलकुद, पठनपाठन, परीक्षामा सफलता, सुख।
**मकर** : अपचजस्तो समस्याले सताउला, आलस्यता, कार्य बाधा।
**कुम्भ** : परिवारमा विवाद, झाडापखालाको सम्भावना, दौडधुप।
**मीन** : पैसा प्राप्ति, सम्मान, ठूलै उपलब्धिको सम्भावना।



# प्रदेश-३



नेपालमा पहिलोपटक किशोर/किशोरीको नेतृत्वमा सुझाव एवं समस्या संकलन गरिएको बाल हेल्पलाइनका जिल्ला संयोजक झवीन्द्र ज्ञवालीले बताउनुभयो।

# दशैंअगावै मण्डन बजारमा घरघरै धारा

मोतीराम तिमल्सिना, काभ्रे

नेपाल सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाको गृह नगर मण्डन देउपुर नगरपालिकामा २०७० सालबाट शुरु भएको खानेपानी आयोजनाबाट वितरण हुने धारा दशैं अगावै सर्वसाधारणले उपयोग गर्न पाउने भएका छन्।

मण्डन देउपुर नगरपालिकाको सक्रियतामा जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय काभ्रेले उपभोक्ता समितिमार्फत मण्डन देउपुर नगरपालिकाका ४ सय ३६ घर परिवारलाई खानेपानी वितरणका लागि डिप बोरिङको कार्य अगाडि बढाएको थियो। साविकको महादेवस्थान गाउँ विकास समितिका वडा नम्बर २,४,७ र ८ नम्बर वडाका ४ सय ३६ घरधुरीका लागि डिप बोरिङमार्फत खानेपानीको व्यवस्थापन गरिएको हो। 'पहिलो चरणमा बजार क्षेत्र र आसपासमा खानेपानी वितरणको कार्य शुरु गरेपछि सबै घर-घरमा खानेपानीको धारा वितरणका लागि थप कार्य अगाडि बढाइनेछ'- नगर प्रमुख टोकबहादुर वाइवाले भने- 'दशैंअगावै खानेपानीको धारा वितरण गरी पानी उपभोग गराउन उपभोक्ता समितिलाई भनिसकेको छु।'

२ करोड ९८ लाख रुपियाँ खर्च भइसकेको उक्त आयोजनाका लागि संघ र प्रदेश सरकारले थप रकम विनियोजन गरेको छ। थप रकमबाट मण्डन देउपुर नगरपालिकाकै अन्य वडा त सबै वडावासीलाई घर-घरमा धारा पुऱ्याउने लक्ष्य लिइएको छ। 'खानेपानी कार्यालयले निरन्तरको प्रयासपछि उक्त स्थानमा डिप बोरिङ र खानेपानी वितरणका लागि पानी ट्यांकी निर्माण गरिएको छ', खानेपानी कार्यालयका प्रमुख रामचन्द्र काफ्लेले भने- 'दशैंअघि पानी वितरणका लागि डिप बोरिङदेखि पानी ट्यांकीसम्म डबल लाइनको पाइप बिछ्याउने कार्य सकिएको छ।' पानी वितरणका लागि नेपाल विद्युत् प्राधिकरणबाट अलग्गै ट्रान्सफरमरसमेत व्यवस्थापन गरिएको छ। उपभोक्ता समितिका नाममा बिजुलीको मिटर, डिप बोरिङमा पम्प जडान र केही सामान्य प्राविधिक कार्य सम्पन्न भएपछि मुख्य लाइनको विस्तार हुनेछ। पानीको परीक्षणसमेत सम्पन्न गरी तत्काल वितरणका लागि कार्य प्रारम्भ गरिएको उपभोक्ता समितिका सचिव रामहरि सापकोटाले बताए।



पानी वितरणका लागि ७५ हजार लिटर क्षमताको पानी ट्यांकी कुन्ता बजारबाट डेढ किलोमिटरमाथि मण्डन देउपुर नगरपालिकाको वडा नम्बर ७ जितरी पोखरीसँगै निर्माण गरिएको छ। ११ सय मिटर लामो पाइप बिछ्याई ट्यांकीसमेत कम्पाउन्ड गरिएको उक्त आयोजनाको डिप बोरिङलगायतका अन्य कार्यको अवस्थाका बारेमा जिल्ला समन्वय समिति प्रमुख उद्धव केसी, मण्डन देउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइवा, खानेपानी कार्यालयका प्रमुख रामचन्द्र काफ्ले, इन्जिनियर भूषण मल्ललगायतले अनुगमन गरेका थिए। स्थानीय जनप्रतिनिधि, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन अधिकारी, सल्लाहकार गोकुल गौतमलगायतले उक्त स्थानको अनुगमन गरी तत्काल खानेपानी वितरणका लागि आवश्यक कार्य अगाडि बढाउन उपभोक्ता समितिलाई अनुरोध गरेका थिए। उपभोक्ता समितिले स्थानीयको माग र आवश्यकतालाई ध्यानमा राख्दै उक्त परियोजनालाई अन्तिम चरणमा पुऱ्याइएको सचिव सापकोटाले बताए।

## लाल्टिन जुलुस निकालियो

रसुवा, (नेस)

नेपाल शिक्षक महासंघ जिल्ला समिति रसुवाले लाल्टिन जुलुस कार्यक्रम गरेको छ। शिक्षकका मागप्रति सरकार उदासीन बनेको भन्दै संघले दबाबस्वरुप लाल्टिन जुलुस निकालेको हो।

विज्ञापन गरी बारम्बार स्थगित गरिएको अस्थायी शिक्षकको परीक्षा तोकी स्थायी गर्नुपर्ने, स्थानीय तहले आफूखुसी कार्यविधि, नियमावली र ऐन बनाउन नहुने, शिक्षकको तलब भत्ताको निर्धारण गर्नुपर्नेलगायतका २६ बुँदे माग राखेका छन्।

विद्यालय कर्मचारी तथा बाल कक्षाका शिक्षकको दरबन्दी सिर्जना गरी उचित पारिश्रमिक व्यवस्था गर्नुपर्ने, कम्तीमा १० वर्ष एउटै तह र श्रेणीमा कार्यरत शिक्षकलाई सामूहिक पदोन्नतिको व्यवस्था गर्न उनीहरूले माग गरेका छन्।

महासंघले शिक्षकको सहज र सुलभ उपचारको प्रबन्ध गर्न प्रदेशस्तरमा शिक्षक अस्पतालको स्थापना, सरकारी अनुदानप्राप्त सबै शिक्षक र विद्यालयका कर्मचारीलाई पोसाकको सुविधा, संस्थागत विद्यालयमा कार्यरत शिक्षकको नियुक्ति, सेवा र सर्त पारदर्शी गराएर सामुदायिक शिक्षकसरह सुविधाको प्रबन्ध गर्ने व्यवस्था कार्यान्वयन गर्नेलगायतका माग राखेको छ।

# ४ सय घर पहिरोको उच्च जोखिममा

नेपाल समाचारपत्र

नुवाकोट

नुवाकोटमा पहिरोबाट प्रभावित हुनेहरूको संख्या ४ हजारभन्दा बढी रहेको पाइएको छ भने उच्च जोखिममा रहनेको संख्या करिब ४ घरधुरी रहेको तथ्यांक सार्वजनिक भएको छ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटमा मंगलबार आयोजनामा भएको विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रममा उक्त जानकारी गराइएको हो। जिल्ला प्रशासान कार्यालय नुवाकोटका प्रशासकीय अधिकृत नन्दलाल शर्माले जिल्लामा हुने विभिन्न किसिमका बाढी, पहिरो र विपद्का घटनाबाट प्रभावित हुनेको संख्या ४ हजार रहेको बताए। प्रशासकीय अधिकृत शर्माले विपद्बाट यस वर्ष धेरै घरपरिवार विस्तापित नै हुनुपरेको बताए।

जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले विपद्बाट जोखिममा परेका परिवारलाई प्रतिपरिवार १० हजार रुपियाँ र मृत्यु भएमा १ लाख रुपियाँ दिने निर्णय गरेको छ। कार्यक्रममा पञ्चकन्या गाउँपालिकाका अध्यक्ष तेजबहादुर तामाङले पहिरोको कारण आफ्नो गाउँपालिकामा २७ घर परिवारको अवस्था दयनीय भएको बताए। तामाङका अनुसार पहिरो पीडित ५२ जनालाई गाउँपालिकाले राहतस्वरुप दैनिक खाना खुवाउने व्यवस्था मिलाएको र अहिले अस्थायी बसोबासको व्यवस्थासमेत मिलाइएको बताए। कार्यक्रममा किस्पाङ गाउँपालिकाका अध्यक्ष छत्रबहादुर लामाले आफ्नो गाउँपालिका विपद्बाट बढी प्रभावित भएको भन्दै विशेष सहयोग गर्नुपर्ने बताए। त्यस्तै तादी गाउँपालिकाकी उपाध्यक्ष ईश्वरी उप्रेतीले तादी गाउँपालिकामा पनि पहिरोको जोखिम बढेको भन्दै आफूहरूले केही हदसम्म भए पनि सतर्कता र होसियारी अपनाएको बताइन्।

कार्यक्रममा नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले विपद्बाट भएको क्षतिको कुनै पनि मूल्य तिर्न नसकिने भन्दै त्यसबाट हुने क्षतिको पहिल्यै सावधानी अपनाउनुपर्ने बताए। उनले पीडितलाई राहतस्वरुप केही रकम दिएर राज्यले सहयोग गर्ने गरेको बताए। त्यस्तै जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले आउनुभन्दा पहिल्यै पूर्वतयारी भएर बस्नुपर्ने बताए। प्रमुख तामाङले विपद् पछिको पुनःस्थापनामा सबै मिलेर लाग्नुपर्ने बताए। कार्यक्रममा जिसस नुवाकोटकी उपप्रमुख अप्सरा थापा, मेघाङ गाउँपालिकाकी उपाध्क्ष शान्ति लामा, तथा विभिन्न गाउँपालिकाका तथा नगरपालिकाका वडाध्यक्षको सहभागिता रहेको थियो।

# पाँच महिनासम्ममा पनि खुलेन ताला

नेपाल समाचारपत्र

नुवाकोट

नुवाकोट आदर्श बहुमुखी क्याम्पसमा लगाएको ताला ५ महिनासम्म अझै खुल्न सकेको छैन।

गत चैत ८ गते स्ववियु निर्वाचनको माग गर्दै अनेरास्ववियु र अखिल क्रान्तिकारीले लगाएको ताला नखोलिँदा क्याम्पसको प्रशासनिक काम हुन सकेको छैन। त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्न मिति नतोकिदिएकाले विद्यार्थीले लगाएको ताला खोल्न नसकिएको डंगोलले जानकारी दिए। पूर्वमाओवादी निकट अखिल क्रान्तिकारी र एमाले निकट अनेरास्ववियुले क्याम्पस प्रमुख र लेखा शाखामा ताला लगाएका हुन्।

क्याम्पस प्रशासनले ताला खोल्न विद्यार्थी संगठनसँग छलफल गरे पनि प्रयास सार्थक नभएको क्याम्पसले जनाएको छ। क्याम्पसमा भएका विभिन्न विद्यार्थी संगठनका अनेकौं माग पूरा गर्न क्याम्पस प्रशासन हरदम तयार रहेको र सुनिरहेको भन्दै क्याम्पस प्रमुख डंगोलले सबै विद्यार्थी संगठनको साझा धारणा भए आफूहरू चुनाव गराउन तयार रहेको बताए।

क्याम्पसमा लामो समयदेखि लागेको तालाले विभिन्न प्रशासनिक झमेला बेहोर्नुपरेको क्याम्पस प्रशासनले जनाएको छ। ताला लाग्दा क्याम्पसको आर्थिक वर्ष २०७४/७५ को आय व्ययको अडिटसमेत प्रभावित भएको छ भने दैनिक कार्य सञ्चालन र अभिलेख राख्ने कामसमेत प्रभावित भएको क्याम्पस प्रशासनले जनाएको छ। क्याम्पस प्रशासनले ताला खुलाउने विषयमा छलफल गर्दासमेत निकास ननिस्कँदा अप्ठ्यारो परेको जनाएको छ।

# रेडियोले वनकरियालाई दर खुवाउने

हेटौंडा, (नेस)

हेटौंडामा रहेको रेडियो सरोवर ९२.५ मेगाहर्जले मकवानपुरको वनकरिया बस्तीमा पुगेर तीजको दर खुवाउने भएको छ।

मनहरि गाउँपालिका वडा नम्बर ४ को जंगलमा बस्ती बनाएर बसेका वनकरियालाई तीजको दर खुवाइने रेडियोका स्टेसन म्यानेजर राजु लामिछानेले बताउनुभयो। भदौ २३ गते बस्तीका २५ घरका वनकरिया परिवारलाई दर खुवाउन लागिएको लामिछानेले बताउनुभयो।

पछिल्लो समय हरितालिका तीज आउनु १ महिनादेखि नै भड्किलोरूपमा तीज मनाउने र दर खाने चलन बढ्दै गएकाले यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न देशकै लोपोन्मुख वनकरिया जातिको बस्तीमा पुगेर दर खुवाउन लागिएको स्टेसन संयोजक मनोज देवकोटाले बताउनुभएको छ।

# करेन्ट लागेर एकको मृत्यु

रसुवा, (नेस)

रसुवामा करेन्ट लागेर १ भारतीय नागरिकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय रसुवाका प्रहरी निरीक्षक राजेश सिग्देलका अनुसार मृत्यु हुनेमा भारत उडिसा केन्द्रपढाका करिब ४७ वर्षीय वचन रहेका छन्। उनी धुन्चे क्षेत्रमा केही वर्षदेखि प्लम्बरको काम गर्दै आएका थिए। १ घरमा पाइप जोड्ने क्रममा करेन्ट लागेपछि घाइते भएका उनलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ।

# मैलुङको काम असोजको पहिलो साताबाट शुरू

रसुवा, (नेस)

माथिल्लो मैलुङ 'ए' जलविद्युत् आयोजनाको काम असोज पहिलो साताबाट शुरू हुने भएको छ।

आयोजनाका प्रोजेक्ट इन्चार्ज दुर्गा सुमन जोशीका अनुसार ८५ प्रतिशत निर्माण सम्पन्न भइसकेको र भारी वर्षाका कारण असारबाट निर्माण कार्य रोकिएको हो ।६.४२ मेगावाट क्षमताको माथिल्लो मैलुङ 'ए' जलविद्युत् आयोजना यस वर्ष मनसुन चाँडै शुरू भएका कारण निर्माण कार्य प्रभावित भएकाले अब असोज पहिलो हप्ताबाटै कार्य शुरु गरिने बताइएको छ।

रसुवा र धादिङको सीमा सोमदाङमा २०६९ सालदेखि निर्माण कार्य भइरहेको भएको आयोजना धुन्चे-स्याफ्रुबेंसी सडक मर्मत पहिरोका कारण तत्काल शुरू गर्न नसकिएको र बर्खाको समय र हिउँ पर्ने समयमा निर्माण कार्य ठप्प भएकाले कामपछि सरेको बताइएको छ। आयोजनाका अनुसार ३ हजार ८ सय ४० मिटर हेडरेसमध्ये ६० मिटर मात्रै निर्माण बाँकी रहेको छ भने यही असोजबाट विद्युत् उत्पादन गर्ने लक्ष्य भए पनि विभिन्न अवरोधका कारण दोस्रो पटक म्याद थप गरिएको र अहिले पावर हाउस निर्माण प्रशासन लाइन निर्माण र पेनस्टक जोड्ने काम भइरहेको बताइएको छ।

## किशोरद्वारा सिड प्रतिवेदनलाई सुझाव

# बाल प्रेमविवाहलाई प्राथमिकता

नेपाल समाचारपत्र

हेटौंडा

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धिमाथि बालिकाको नेतृत्वमा तयार पारिने प्रतिवेदनका लागि परामर्श कार्यक्रम हेटौंडामा भएको छ।

किशोर/किशोरीले मकवानपुरमा बाल प्रेमविवाह, घरेलु हिंसा, दृष्टिविहीनको शिक्षामा पहुँच नहुनु, लैंगिक विभेद, नागरिकताको समस्या, बालश्रमको समस्या, अपांगतामैत्री पूर्वाधार अभाव, मानव ओसारपसार तथा बेचबिखन समस्या, लागूपदार्थ सेवन, जातीय विभेदलगायत सवाललाई प्राथमिकतासाथ उठाएका छन्।

कार्यक्रममा सिडका विषयमा जानकारी गराउनुको साथै यस्तो प्रतिवेदन किन, कसरी र केका लागि तयार गरिन्छ भन्ने विषयमा सहभागीलाई जानकारी गराइएको थियो। नेपाल सरकारले ४ वर्षमा प्रतिवेदन संयुक्त राष्ट्रलाई बुझाउँछ भने नागरिक समाजले पनि छाया प्रतिवेदन पठाउँदै आएको छ।



सिविन नेपालको आयोजनामा हेटौंडामा सम्पन्न कार्यक्रममा बालिका सदीक्षा आचार्य र सिविन बाल हेल्पलाइनकी सम्झना अधिकारीले सहजीकरण गरेका थिए। बालिका, किशोरी तथा महिलाको सवालमा जनजाति, विद्यालय छाडेका, तेस्रोलिंगी, अपांगता भएका, दलित तथा विद्यार्थी गरी ३० किशोर/किशोरीको उपस्थिति थियो।

नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धिको छायाँ प्रतिवेदन नागरिक समाजबाट पठाउन लागेको सन्दर्भमा नेपालमा पहिलोपटक किशोर/किशोरीको नेतृत्वमा सुझाव एवं समस्या संकलन गरिएको बाल हेल्पलाइनका जिल्ला संयोजक झवीन्द्र ज्ञवालीले बताउनुभयो।

२०४८ सालमा सिड महासन्धिमा नेपालले हस्ताक्षर गरेको हो। महिलामाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि (सिड) सम्बन्धी आवधिक प्रतिवेदन बुझाउन नागरिक समाजका अगुवाले सरकारलाई आग्रह गरेका छन्।

यहाँका बालिका, महिला तथा किशोरीले संविधानमा समानताको हक सुनिश्चित गरिएको भए पनि व्यवहारमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिँदै आएको व्यवहारका कारण महिलाले समान नागरिकको महसुस गर्न नसकेकोबारे चिन्ता व्यक्त गरेका थिए।

महिलाप्रतिको विभेदपूर्ण मूल्य/मान्यता र त्यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका परिणामस्वरुप प्रदेशमा बालविवाह कायम रहेको, बलात्कारका घटना दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको, बेचविखनका घटनामा कमी नआएको अवस्थाबारे छलफल गरिएको थियो। यस्तो अवस्थामा परिवर्तन ल्याउन सरकारको सबै तहमा सरकारद्वारा हानिकारक परम्परागत अभ्यासविरुद्ध रणनीति तयार गरी लागू गर्नु जरुरी छ।

नेपालको कानुनले २० वर्षअघिको विवाहलाई निषेधित गरेको भए पनि समुदाय तहदेखि नै किशोर/किशोरीमा आफ्नो शरीरको विकासबारे जानकारी लिने, बृहत् यौन शिक्षा हासिल गर्ने संयन्त्रको कमी र विशेषतः परिवार तथा समाजमा यौन र यौनिकताप्रति रहेको साँघुरो सोचका कारण व्यवहारमा बालविवाहका घटनामा कमी आउन नसकेको विषयमा छलफल गरिएको थियो। यसका लागि समुदाय तहदेखि एकीकृत यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम प्रभावकारी तवरले लागू गर्नु जरुरी रहेको औंल्याइएको छ।

# नगरपालिका संघका अध्यक्षलाई सम्मान

नेपाल समाचारपत्र

काभ्रे

नेपाल नगरपालिका संघका नवनिर्वाचित अध्यक्ष अशोक ब्याञ्जुलाई जिल्लामा भव्य सम्मान तथा बधाई र शुभकामना व्यक्त गरिएको छ। जिल्ला समन्वय समिति काभ्रेले आयोजना गरेको सरोकारवालाको बैठकमा अध्यक्ष ब्याञ्जुलाई बधाई र शुभकामना व्यक्त गरिएको थियो।

समन्वय समितिका प्रमुख उद्धव केसी, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, मण्डन देउपुर नगरपालिका प्रमुख टोकबहादुर वाइवा, बनेपा नगरपालिका प्रमुख लक्ष्मीनरसिं बादे, नमोबुद्ध नगरपालिका प्रमुख टीपी शर्मा तिमल्सिना, जिल्ला समन्वय समिति उपप्रमुख मञ्जु गौतम, गाउँपालिका अध्यक्ष महाभारत कान्छालाल जिम्बा, खानिखोलाका कृष्णबहादुर खुलाल, भुम्लु गाउँपालिकाका गुमानध्वज कुँवर, तेमाल गाउँपालिकाका सलामसिं लामा, बेथान्चोक गाउँपालिकाका प्रेमबहादुर तिमल्सिनालगायतले बधाई तथा शुभकामना दिएका थिए। सोही कार्यक्रममा नगरपालिका तथा गाउँपालिकाका प्रशासकीय प्रमुख, कार्यालय प्रमुख सहभागी थिए।

कार्यक्रममा बोल्दै अध्यक्ष ब्याञ्जुले नगरपालिकाले भोग्दै आएका समस्याको समाधानका लागि प्रदेश र संघ सरकारसँग तत्काल छलफल अगाडि बढाई स्थानीय सरकारका समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे। कर, कर्मचारी, विकास र समृद्धिलाई अगाडि बढाउन संघको भूमिकालाई अझै सशक्त बनाउने अध्यक्ष ब्याञ्जुले बताए।



ब्याञ्जु धुलिखेल नगरपालिकाका प्रमुख हुन्। २० वर्षदेखि उनी नेपाल नगरपालिका संघको उपाध्यक्षका रूपमा कार्यरत छन्।

२०७५ भदौ
सोमबार
१८

विस्थापित भएका यामबहादुर केसीको परिवार आफ्नो घरमा बस्दै आएको छत्रेश्वरी गाउँपालिका उपाध्यक्ष सीता केसीले बताउनुभयो।

# नेपाल

## ■ संक्षेप समाचार ■

### बैठक भत्ताको रकम एकल महिलालाई

बाजुरा, (नेस)

नेपाल पत्रकार महासंघ बाजुरा शाखाका अध्यक्ष प्रकाश सिंहले बैठक भत्ताबापतको रकम एकल महिलालाई हस्तान्तरण गरेका छन्। प्रमुख जिल्ला अधिकारी चेतराज बरालमार्फत आइतबार जिल्ला प्रशासन कार्यालय मार्तडीमा एक कार्यक्रमको आयोजना गरी नगद १७ हजार ३ सय ४४ रुपियाँ सहयोग गरेका हुन्।

### सर्पले डसेर एकको मृत्यु

बारा, (नेस)

सर्पको टोकाइले बाराको निजगढ नगरपालिकामा एकको मृत्यु भएको छ। मृत्यु हुनेमा नगरपालिका वडा नम्बर ६ का ५६ वर्षीय कृष्ण लामिछाने रहेका छन्। केराबारीमा घाँस काटेर फर्किंदै गर्दा विषालुको सर्पले डसेर गम्भीर घाइते बनेका लामिछानेको उपचारका लागि वीरगंज लैजाने क्रममा मृत्यु भएको हो। घाइते लामिछानेको निजगढस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार हुन नसकेपछि वीरगञ्ज रिफर गरिएको थियो।

### बैंक भित्रबाटै चोरी

बुटवल, (नेस)

बैंकमा पैसा जम्मा गर्न गएका बुटवलका एक व्यापारीको बैंकभित्रबाटै पैसा चोरी भएको छ। आइतवार बुटवलको अति व्यस्त बजारको मध्यभागमा रहेको एभरेस्ट बैंकको शाखामा पैसा जम्मा गर्न गएका एक व्यापारीको रकम बैंक भित्रबाटै चोरी भएको हो। दुर्गा प्लास्टिक उद्योगमा काम गर्ने गुल्मी दरबार गाउँपालिका घर भएका रोहित गौतमले बैंकमा गई पैसा जम्मा गर्नका लागि भौचर बनाउँदै गर्दा उनले साइडमा झोलामा राखेको २ लाख २३ हजारसहितको झोला नै नाटकीय ढंगले चोरी भएको छ। चोरीमा संग्लन व्यक्ति व्यवसायिक चोर भएको प्रहरीले अनुमान गरेको समेत प्रनाउ डिलबहादुर मल्लले बताउनुभयो।

### शिक्षकद्वारा छुवाछुतको विभेद

बर्दिया, (नेस)

शिक्षा दिएर सुसुचित र सुसंस्कृत गराउने शिक्षकद्वारा नै विद्यार्थी बालिकालाई छुवाछुतको दुर्व्यवहार भएको छ। बर्दियाको बढैयाताल गाउँपालिका-२ शिवशक्तिपुरको सरस्वती माध्यमिक विद्यालय कक्षा ९ मा अध्ययनरत १४ वर्षीया बालिकामाथि सोही विद्यालयमा अध्यापन गरिरहनुभएकी विन्दु शर्मा नामकी शिक्षकले खाना छोइदिएको भनी दुर्व्यवहार गर्नुभएको छ।

### जिप दुर्घटनामा एकको मृत्यु

गुल्मी, (नेस)

शनिबार साँझ गुल्मीमा जिप दुर्घटनामा १ जनाको मृत्यु भएको छ। जिल्लाको सदरमुकाम तम्घासबाट नेटा दर्लिङको लागि छुटेको लु१ज १९५७ नम्बरको जिप मालिका गाउँपालिका-२ दर्लिङमा दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक रोशन खड्काले बताए। दुर्घटनामा परी मालिका गाउँपालिका-२ की ७५ वर्षीय मनकुमारी घर्तीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा परी १३ जना घाइते भएका थिए।

### दुर्घटना बढी हुने ठाउँमा ऐना

इलाम, (नेस)

इलाम नगरपालिका क्षेत्रका विभिन्न स्थानमा कन्भेक्स लेन्स राखिएको छ। नगर क्षेत्रमा बढी दुर्घटनाग्रस्त क्षेत्र पहिचान गर्दै ती स्थानमा इलाम नगरपालिका र सडक डिभिजन कार्यालयको सहयोगमा जिल्ला ट्राफिक कार्यालयले कन्भेक्स लेन्स राखेको हो। ट्राफिक इन्चार्ज पदम राईका अनुसार नगरको पनि बजार क्षेत्रका ५ स्थान तिल्केने मोड, सिंहबाहिनी खोल्सा, ठूलो टुँडिखेल, नेपाल बैंक र बालमन्दिर छेउमा लेन्स राखिएको छ। योसँगै मेची राजमार्गमा बढी दुर्घटनाग्रस्त हुने क्षेत्रको पहिचान गरी १२ स्थानमा कन्भेक्स लेन्स राखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय इलामले जनाएको छ।

## गोरखा कांग्रेसले तोक्यो ११ तहमा संयोजक

नेपाल समाचारपत्र

गोरखा

नेपाली कांग्रेस गोरखाले सबै स्थानीय तह स्तरको पार्टी संयोजक चयन गरेको छ। केही दिनअघिको जिल्ला समिति बैठकले ९ गाउँपालिका र २ नगरपालिका स्तरको संयोजक तथा महिला संयोजक चयन गरेको जिल्ला सभापति हरिबहादुर घलेले जानकारी दिए।

सदरमुकाम रहेको गोरखा नगरपालिकाका पार्टी संयोजकको जिम्मेवारी यसअघिकै नगरसभापति चन्दनबाबु खत्रीलाई दिएको छ भने महिला संयोजकमा यसअघिकै महिला संघकी अध्यक्ष विनाकुमारी श्रेष्ठलाई चयन गरेको सभापति घलेले जानकारी दिए। श्रेष्ठ नगरपालिकाकी उपमेयरसमेत हुन्।

त्यस्तै पालुङटार नगरपालिकाको संयोजकमा यसअघिकै नगरसभापति दीपकबाबु कँडेल चयन भएका छन् भने महिला संयोजकमा चेतकुमारी श्रेष्ठ चयन भएकी छिन्। कँडेल पालुङटार नगरपालिकाका मेयरसमेत हुन्।

सिरानचोक गाउँपालिकाका कांग्रेस पार्टी संयोजकमा कृष्णप्रसाद पोखरेल (छोप्राक) चयन भएका छन् भने महिला संयोजकमा रीता देवकोटा चयन भएकी छिन्। अजिरकोट गाउँपालिकाका संयोजकमा ओमबहादुर गुरुङ चयन भएका छन् भने महिला संयोजकमा चन्द्रमाया गुरुङ चयन भएकी छिन्। त्यस्तै बारपाक सुलीकोट गाउँपालिकाका संयोजकमा जीतबहादुर घले चयन भएका छन् भने महिला संयोजकमा अम्बिका थापा चयन भएको जिल्ला सभापति घलेले जानकारी दिए।

त्यसै गरी धार्चे गाउँपालिकाका कांग्रेस पार्टी संयोजकमा माला गुरुङ चयन भएका छन् भने महिला संयोजकमा फूलमाया गुरुङ चयन भएकी छिन्। चुमनुब्री गाउँपालिकाका संयोजकमा सूर्य गुरुङ चयन भएका छन् भने सो गाउँपालिकामा महिला संयोजक चयन नगरिएको घलेले जानकारी दिए। त्यस्तै आरुघाट गाउँपालिकाका संयोजकमा गगन अधिकारी चयन भएका छन् भने महिला संयोजकमा कल्पना नेपाली चयन भएकी छिन्। भीमसेन थापा गाउँपालिकाका संयोजकमा भरत भट्ट चयन भएका छन् भने महिला संयोजकमा विनु वाग्ले चयन भएकी छिन्।

त्यस्तै सहिदलखन गाउँपालिकाका संयोजकमा खुनप्रसाद रेग्मी चयन भएका छन् भने महिला संयोजकमा सर्मिला श्रेष्ठ चयन भएकी छिन्। गण्डकी गाउँपालिकाका संयोजकमा भीमप्रसाद अर्याल चयन भएका छन् भने महिला संयोजकमा ललिता अधिकारी चयन भएको सभापति घलेले जानकारी दिए।

बारपाक सुलीकोट र सहिदलखन गाउँपालिकाबाहेक सबै गाउँपालिकाका महिला संयोजक उपप्रमुखमा निर्वाचित जनप्रतिनिधिसमेत हुन्। ती २ गाउँपालिकामा नेकपाबाट विजयी उपप्रमुख भएकाले पार्टी संयोजकमा नयाँ संयोजक चयन गरिएको कांग्रेसले जनाएको छ।

अर्को महाधिवेशनसम्म नवनिर्वाचित संयोजकहरूको कार्यअवधि रहने व्यवस्था छ।

## बाजुरामा ४ जातका रैथाने गिद्ध

दयाराम पण्डित, बाजुरा

बाजुरा जिल्लाका छेडेदह गाउँपालिका, बडिमालिका नगरपालिका, बुढीनन्दा नगरपालिका, हिमाली गाउँपालिका र जगन्नाथ गाउँपालिकामा ४ जातका रैथाने गिद्धहरू भेटिएका छन्। जिल्लाका विभिन्न क्षेत्रमा गिद्ध खोज अनुसन्धान गर्ने क्रममा यी ४ जातका गिद्धहरू भेटिएको गिद्धखोज अनुसन्धानकर्ता तथा मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक गंगा शाहले बताए। सामुदायिक वनहरूमा गिद्ध रहेका र त्यहाँ प्रजनन भई बच्चासमेत उत्पादन हुने गरेको उपप्राध्यापक शाहले बताए।

प्राकृतिक सुन्दरताका लागि गिद्ध संरक्षण गर्न आवश्यक रहेको वन डिभिजन कार्यालय बाजुराका वन अधिकृत साजन भण्डारीले बताए। नेपालमा विगतमा धेरै संख्यामा गिद्ध रहे पनि पछिल्लो समयमा गिद्धको संख्यामा निकै कमी आएको उनले बताए। नेपालमा ९ जातका गिद्ध पाइने गरेको छ, त्यसमा बाजुरामा पनि ४ प्रजातिका रैथाने गिद्ध भेटिएको भण्डारीले बताए। बाजुरा जिल्लामा मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक गंगा शाहले यसको अध्ययन गरी ४ जातका गिद्ध रहेको बताए। सरकारले गिद्ध संरक्षणका लागि उक्त डाइकोलोफेनिक सोडियम बिक्री वितरण र प्रयोगमा रोक लगाएको छ तर खुला सीमानाका कारण लुकीछिपी त्यसको प्रयोग गर्दा गिद्ध मर्ने गरेको बताए।

प्रकृतिको कुचिकारका रुपमा रहेको गिद्धको संरक्षणका लागि प्रत्येक वर्ष गिद्ध संरक्षण दिवस मनाउँदै आएका छन्। १०औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस शनिबार बाजुरामा पनि मनाएको छ। 'रुफड' नामक संस्थाको सहयोग मध्यपश्चिम विश्वविद्यालयको सहकार्य तथा जिल्ला डिभिजन वन कार्यालय बाजुराको आयोजनामा दिवस मनाएको हो। १०औं अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवस शनिबार बिहान प्रभात फेरि कार्यक्रमको आयोजना गरी सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको छ।

## 'मुलुकभित्रै रोजगारी सिर्जना गर्नु राष्ट्रिय प्राथमिकता'

नेपाल समाचारपत्र

पर्वत

राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाले मुलुकभित्रै रोजगारी सृजना गर्नु राष्ट्रिय प्राथमिकता भएको बताउनुभएको छ।

पर्वतको फलेबास नगरपालिका वडा नं ४ मुडिकुवास्थित माटेदेवल जनसहयोगी प्राविधिक तथा व्यावसायिक विद्यालयमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष तिमिल्सिनाले मुलुकभित्रै रोजगारी सृजना गरी युवालाई विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नु राष्ट्रिय प्राथमिकताको विषय भएको बताउनुभएको हो।

उहाँले मुलुकमा रोजगारी सृजना गर्नका लागि व्यावसायिक शिक्षाको खाँचो औंल्याउनुभयो। 'रोजगारी सृजना गर्ने राष्ट्रिय चाहना हो', उहाँले भन्नुभयो- 'व्यावसायिक शिक्षामा जोड नदिएसम्म यो लक्ष्य पूरा हुँदैन।' कृषि प्रधान मुलुकमा कृषिमा नै रोजगारी सृजना हुन नसकेको चर्चा गर्दै कृषिमा मुलुक आत्मनिर्भर बनाउन सकेमात्रै रोजगारीका धेरै अवसर सृजना हुन सक्ने उहाँको भनाइ थियो।

अर्को फरक प्रसंगमा बोल्दै अध्यक्ष तिमिल्सिनाले असोजको पहिलो साताभित्र संघीय संसद्का दुवै सदनले मुलुकी ऐनसम्बन्धी सबै कानुन बनाइसक्ने जानकारी दिनुभयो। संघीय संसद्को मुख्य काम नै मुलुकका ३ वटै तहका लागि आवश्यक कानुन निर्माण गर्ने भएको चर्चा गर्दै अहिले कानुन अभावमा देखिएका विभिन्न समस्याहरू कानुन आएसँगै समाधान हुने विश्वास पनि व्यक्त गर्नुभयो।

कार्यक्रममा बोल्दै फलेबास नगरपालिकाका प्रमुख पदमपाणि शर्माले नगरपालिकाले शिक्षा सुधारमा जोड दिएको बताउँदै धेरै शिक्षण संस्था बनाउन भन्दा गुणस्तरीय शिक्षा दिने थोरै संस्थाहरूलाई व्यवस्थित गर्नेतर्फ नगरपालिका लागेको भन्नुभयो।

## आठ वर्ष बितिसक्दासमेत बलेन बिजुली

धर्मेन्द्र बिसी, अछाम

अछाम जिल्लाको ढकारी गाउँपालिकामा चाइराखोला तेस्रो लघु जलविद्युत्को काम शुरू भएपछि स्थानीय निकै खुसी भएका थिए। तेस्रो लघु जलविद्युत् साबिक हिच्मा गाविसका ४ वडा र ढकारी गाविसका ४ वडाका वासिन्दाको खुसी अझ धेरै जोडिएको थियो।

दुर्भाग्य भनौं ८ वर्ष बितिसक्दा पनि स्थानीयको त्यो खुसी केबल खुसीमै सीमित छ। ढकारी गाउँपालिकावासीले अझै पनि बिजुली बल्ने आशामा घरमा सोलार जडान नगरेर झुरो र टुकीबाट मुक्ति पाउन सकेका छैनन्। हुन त यो साविक हिच्मा गाविस १ देखि ४ वडा र ढकारीका ४ वडालाई राहत हुने थियो। साविकका २ गाविसका ४/४ वडाले मात्र राहत पाउने भनिए तापनि यसको क्षमता विस्तार गरेर हिच्मा र ढकारीका सबै बासिन्दाले राहत पाउने थिए।

स्थानीयले गाउँमा बिजुली बल्ने भएपछि झुरो, टुकी र सोलार बत्तिबाट मुक्ति पाउने ठूलो आशा थियो। काम शुरू भएको ८ वर्ष बितिसक्दा पनि गाउँमा बिजुली बल्न नसकेपछि स्थानीयको आशा निराशामा परिणत भएको छ। गाउँमा बिजुलीका पोलहरूमा तार मात्र देखिन्छन् भने कतै बिजुलीका तारहरू र पोलहरू जताततै अलपत्र रुपमा आधा माटोमा पुरिएका छन्। सुरुआती चरणमा काम भए पनि १ वर्षयता विद्युत्को काम ठप्प रहेको स्थानीय बताउँछन्।

विद्युत् उत्पादनका लागि उपभोक्ता समिति गठन गरी जिल्ला उर्जासँग १ वर्षका लागि ९३ लाखमा काम सम्पन्न गर्ने सम्झौता भएर काम शुरू भएको थियो। विद्युत् निमार्णमा जिल्ला उर्जाले दिने ९३ लाख अनुदानले काम सम्पन्न नहुने भएपछि नेपाल सरकारबाट ५० लाख ४० हजार अनुदानसमेत आयो। साविकका ढकारी र हिच्मा गाविसले समेत रकम विनियोजन गरेको र उपभोक्ताले श्रमदानसमेत गरेर ७ सय ७३ घरधुरीबाट १/१ हजारका दरले पैसासमेत उठाए तर बिजुलीको उल्याले कस्तो हुन्छ अझै देख्न नपाएको स्थानीय बताउँछन्।

गाउँमा बिजुली बल्ने खुसीले घरको दैनिक कामकाज सबै छोडेर बिजुलीको काम गर्न गइयो। मजदूरी गरेर कमाएको १ हजार पैसासमेत तिरियो तर बिजुलीको बत्ति कसरी बल्छ, कस्तो हुन्छ, देख्न पाएनौं भन्नुहुन्छ ढकारी गाउँपालिका-२ का गोपाल सार्की। उहाँले भन्नुभयो- 'अब त उमेरले पनि डाँडो काटिसक्यो, बिजुली घरमा जलेको नदेखेरै मरिन्छ होला।'

'१ वर्षमा बिजुली बल्छ भनेपछि हाम्रो खुसीको सीमा नै थिएन तर बिजुलीको काम शुरू भएको ८ वर्ष बितिसक्दा पनि हामीले बिजुली पाएनौं। हामीले श्रमदान गरेको १ महिना र घरबाट दिएको १ हजारको खालि पोलमा जोडिएका तारमात्र देख्नलाई रहेछ' -स्थानीय काशिराम साउँदले गुनासो गर्नुभयो। उहाँले भन्नुभयो- 'यसतर्फ कसैको ध्यान जान सकेन र हामीले बुजुली देख्न पाएनौं।' गाउँमा बिजुली के बल्थ्यो, उपभोक्ता समितिले कमाई खाने भाँडो बनाएको स्थानीय जय बयकले बताउनुभयो। विद्युत् निर्माणका लागि गठन भएको उपभोक्ता समितिले १ वर्षयता जिल्ला उर्जासँग समेत सम्झौता गरेको छैन।

## सल्यानका अधिकांश घर पहिरोका जोखिममा १ करोड ५२ लाखको क्षति

सरिता चलाउने, सल्यान

सल्यानका अधिकांश गाउँ जोखिममा रहेका छन्। सल्यानको छत्रेश्वरी, कुमाख बागचौर नगरपालिकालगायत भित्रका गाउँ जोखिममा रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार गत वैशाखदेखि हालसम्म सल्यानमा १ करोड ५२ लाख ९ हजार ५ सय बराबरको क्षति भएको बताएको छ।



जिल्लाको कुमाख गाउँपालिका, बागचौर नगरपालिका, वनगाड कुपिन्डे नगरपालिका, क्षत्रेश्वरी गाउँपालिकामा ठूलो धनजनको क्षति भएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायब उपरीक्षक वीरेन्द्रबहादुर शाहले जनकारी दिनुभयो। उहाँका अनुसार जिल्ला जिल्ला प्रहरी कार्यालयमा आएको जानकारी पहिरो, वर्षा, बाढी गरी साढे १ करोडभन्दा बढीको क्षतिको विवरण आएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'सबैभन्दा बढी क्षति कुमाख गाउँपालिकामा भएको छ।' भाद्र १ गते आएको अविरल वर्षाका कारण मानवीय क्षति नभए पनि भौतिक क्षति धेरै भएको उहाँले बताउनुभयो। कुमाख गाउँपालिका वडा नं. ५ त्वालद्वारीमा एकै गाउँका १७ घरपरिवार विस्थापित भएका छन्।

गाउँका रामकुमार पुन, कलौटो पुन, गोरख बुढा, अमृती सार्कीलगायतको घर पूर्णरुपमा क्षति भएको कुमाख गाउँपालिका सल्यानका अध्यक्ष दिलमाया बुढा गिरीले जानकारी दिनुभयो। उहाँका अनुसार त्वालद्वारीमा घरमा भएको लत्ता कपडा, अन्नपात, गाईवस्तु गरी जम्मा २ करोड बराबरको क्षति भएको बताउनुभयो। विस्थापित नजिकैको मिलमा बस्दै आएका छन्। विस्थापित भएकालाई गाउँपालिकाको तर्फबाट खानेपानी, लत्ताकपडा, सिरक, डसना, कार्पेट नेपाल रेडक्रसको समन्वयमा गाउँपालिकाले हस्तान्तरण गरेका छन्।

यस्तै छत्रेश्वरी गाउँपालिका वडा नं. ५ दहखोलामा पनि ४ वटा घरमा पहिरोले पूर्ण रुपमा क्षति गरेको छ।

दहखोलामा यामबहादुर केसी, लक्ष्मण केसी, प्रेम केसी र टुल्को विकको घर पूर्णरुपमा क्षति गरेको छत्रेश्वरी गाउँपालिका उपाध्यक्ष सीता केसीले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा बढी यामबहादुरको घरमा ठूलो क्षति भएको छ। यामबहादुर केसीको घरमा भएको लत्ता कपडा, अन्नबालीलगायत घरभित्र भएका सामान पूर्णरुपमा क्षति भएको छ। विस्थापित भएका यामबहादुर केसीको परिवार आफ्नो घरमा बस्दै आएको छत्रेश्वरी गाउँपालिका उपाध्यक्ष सीता केसीले बताउनुभयो। उहाले विस्थापित भएका बाँकी परिवार आफन्तको घरमा बस्दै आएको र यामबहादुरको परिवार आफ्नो घरमा बसेको बताउनुभयो। विस्थापित भएका परिवारलाई कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले तत्कालका लागि प्रदेश सरकारको तर्फबाट प्रतिघर १० हजारका दरले राहत उपलब्ध गराउनुभएको छ ।

विस्थापित घरपरिवारलाई पुनर्बासको लागि स्थानीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरेर सुरक्षित स्थानमा बस्नका लागि व्यवस्था मिलाउने बताउनुभयो। उहाँले भन्नुभयो- 'यो विपद्को घडीमा विस्थापित परिवारलाई सहयोग गर्न सबैलाई आग्रह छ।'

नेपाल सरकार
स्वस्थ्य तथा जनसख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल
रामघाट, पोखरा

विषय : मर्मत प्रस्ताव पेश गर्ने बारे

प्रकाशित मिति : २०७५/०५/१८

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा रहेको OLYMPUS MEDICAL CORP. Model NO. GIF-H170 को Gastrovedioscope, Video Duodenoscope and video Colonoscope With cemera system को मेशिन मर्मत गर्न सम्बन्धित कम्पनीको आधिकारीक बिक्रेता Hospitec Enterprises Pvt Ltd काठमाण्डौबाट उक्त मेशिनमा जडित पार्टस (Insertion Tube, Lens, Intrument channel, Knob, Angulation Wire, LG cable, Noz) खरिद गरि प्रतिस्थापन एवं मर्मत गर्नु पर्ने भएको हुँदा सो बाहेक OLYMPUS MEDICAL CORP. का उल्लेखित पार्टस गल्लाइ गरी मर्मत गर्ने अन्य कुनै बिकल्प वा सो कम्पनीको अन्य कुनै आधिकारीक सप्लायर्स फर्म वा बिक्रेता र संस्था भएमा सो को आधार र प्रमाण सहित यो सूचना प्रकाशित मितिले १५ दिन भित्र यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सो सम्बन्धी प्रस्तावित मुल्य सहित बिस्तृत मर्मत प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

निर्देशक

# विश्व

**आक्रमण**
सोमालियाको राजधानी मोगादिसुको एक सरकारी भवनमा भएको आत्मघाती बम आक्रमणमा तीनजना सैनिकको मृत्यु भएको छ।



**जाँच**
दक्षिण कोरियाको सोलले प्रत्येक दिन सम्पूर्ण सार्वजनिक शौचालयमा लुकाइएका क्यामरा खोज्न आदेश दिएको छ।



विश्व २ मिनेट

**अमेरिका**

## अन्त्येष्टिमा ट्रम्प अनुपस्थित

स्टलिङ, (एजेन्सी)

सिनेटर जोन मेकेनप्रति अन्तिम श्रद्धाञ्जलिका लागि देशभरिका राजनीतिक दिग्गजहरू वासिङ्टनमा जम्मा भइरहेकै बेला राष्ट्रपति डोनाल्ड ट्रम्प भने एक ट्विटमा औपचारिक दुःख व्यक्त गरेर गल्फ कोर्सतर्फ गएको बताइएको छ। ६ पटकसम्म सिनेटर रहेका मेकेनको अन्त्येष्टिमा राष्ट्रपतिलाई स्वागत नगर्ने उनका परिवारले प्रष्ट पारेको थिए। योद्धा मेकेनको वासिङ्टन नेसनल क्याथेड्रलमा अन्त्येष्टि भएको थियो। उक्त समारोहमा ३ जना पूर्वराष्ट्रपति, विधायक तथा विश्वभरिका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको बताइएको छ।

**अमेरिका**

## दुर्घटनापछि जुम्ल्याह

न्यु मेक्सिको, (एजेन्सी)

न्यु मेक्सिकोको १ बस दुर्घटनामा बच्न सफल १ गर्भवतीले दुर्घटना भएको केही घण्टा नबित्दै जुम्ल्याहालाई जन्म दिएकी छिन्। उक्त दुर्घटनामा कम्तिमा ८ जनाको ज्यान गएको अधिकारीहरूले बताए। रिहोवोथ मायकिन्ले क्रिस्चियन हेल्थ केयर सर्भिसमा आमाको अवस्था स्थिर रहेको र जुम्ल्याहाको सघन उपचार भइरहेको युनिभर्सिटी अफ न्यु मेक्सिको हस्पिटलका अधिकारीले बताए। आमा र उनका जुम्ल्याहालगायत १७ जनाको विभिन्न ५ अस्पतालमा उपचार भइरहेको छ। घाइते हुनेहरूमा बालबालिका पनि परेको तर कतिजना छन भने प्रष्ट हुन सकेको छैन।

**सोमालिया**

## कारबम हमला

मोगादिसु, (एजेन्सी)

सोमालियाको राजधानी मोगादिसुको एक सरकारी भवनमा आइतबार भएको आत्मघाती बम आक्रमणमा तीनजना सैनिकको मृत्यु हुनाका साथै नजिकको एउटा विद्यालय भवन ढल्न पुगेको बीबीसी सोमालीले जनाएको छ। प्रहरीले हाउल्वाडाग जिल्लामा भएको कार बम आक्रमणमा ६ जना बालबालिकासहित १४ जना सैनिक घाइते भएको जनाएको छ। सो शक्तिशाली विस्फोटको कारण नजिकका अन्य घरहरू पनि क्षतिग्रस्त हुनाका साथै एउटा मस्जिदको छानो पनि उडेको छ। १० वर्षभन्दा लामो समयदेखि सशस्त्र आन्दोलन गर्दै आएको अल-सबाबले यस आक्रमणको जिम्मेवारी लिएको छ।

**सिरिया**

## विमानस्थलमा विस्फोट

दमास्कस, (एजेन्सी)

सिरियाले आइतबार राजधानी दमास्कसनजिकको एउटा सैनिक विमानस्थलमा भएको श्रृखलावद्ध आक्रमणमा इजरायलको हात नरहेको भन्ने प्रतिवेदन अस्वीकार गरेको सरकारी सञ्चार माध्यमले जनाएको छ। सिरियाली सैनिक सूत्रहरूलाई हवाला दिँदै साना समाचार निकायले मेज्जेह विमानस्थलमा रहेको एउटा हतियार भण्डारमा विस्फोट भएको पुष्टि गरेको छ। विद्युत् गड्बडीका कारणले सो दुर्घटना भएको बताइएको छ। विस्फोट भएको विमानस्थलमा सिरियाली वायुसेनाको गुप्तचर कार्यालय रहेको बताइएको छ। विगतमा इजरायलले हवाई हमला गरिरहने भएकाले यसमा पनि त्यसैको हात रहेको अनुमान गरिएको हो।

# अमेरिकाले पाकिस्तानलाई अनुदान सहयोग रोक्ने

### आतंककारी गतिविधि नरोकेको आरोप

वासिंगटन, (एजेन्सी)

अमेरिकी सेनाले इस्लामाबादले आंतककारी लडाकू समूहहरूविरुद्ध कारबाही गर्न असफल भएको भन्दै पाकिस्तानलाई दिइने ३० करोड अमेरिकी डलरबराबरको अनुदान सहयोग रद्द गर्ने भएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि नै पाकिस्तानमाथि अर्बौं डलर लिएर अमेरिकालाई धोका दिँदै आएको आरोप लगाउँदै आएका थिए। अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल कोन फल्कनरले अमेरिकी सेनाले 'अत्यन्त जरुरी प्राथमिकता' मा पैसा खर्च गर्ने लक्ष लिएको जानकारी दिएका छन्।




गत जनवरीमा अनुदान सहयोगमा व्यापक कटौती गर्ने अभियानको एक हिस्साको रूपमा रहेको यस प्रस्तावलाई अमेरिकी कंग्रेसले अनुमोदन गर्न बाँकी नै छ। अमेरिकी विदेश विभागले आफ्नै गठबन्धनको प्रमुख सदस्य राष्ट्र पाकिस्तानले हक्कानी समूह र अफगान तालिवानलगायत आफ्नो भूमिमा सक्रिय आतंककारी समूहहरूलाई रोक्न नसकेको आरोप लगाएको छ।

शनिबार प्रकासित एक विज्ञप्तिमा कर्णेल फल्कनरले भनेका छन्- 'हामी निरन्तर रूपमा पाकिस्तानलाई सम्पूर्ण आतंककारी समूहमाथि भटाभट आक्रमण गर्न दबाब दिइरहेका छौं तर पाकिस्तानले यस मामिलामा निर्णायक कारबाही गर्न नसकेकाले यो रोकिएको ३० करोड डलर अन्य कतै प्रयोग गरिनेछ।'

अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले नयाँ प्रधानमन्त्री इमरान खानलाई भेट्न पाकिस्तानको भ्रमण गर्न लागेको केही दिनअघि मात्र अमेरिकाले यस्तो निर्णय गर्न पुगेको हो। गत जनवरीमा अमेरिकी सरकारले पाकिस्तानलाई दिइने सम्पूर्ण सुरक्षा सहयोग रद्द गर्ने घोषणा गरेको थियो।

लामो समयदेखि नै अमेरिकाले पाकिस्तानले सीमापारिबाट अफगानिस्तानमा आक्रमण गराउने उद्देश्यले पाकिस्तानले आफ्नो भूमिमा लडाकू सञ्जालहरूलाई सुरक्षा प्रदान गरिरहेको आरोप लगाउँदै आएको हो। पछिल्लो आर्थिक सहयोग कटौतीको विषयलाई लिएर पाकिस्तानले अहिलेसम्म कुनै प्रतिक्रिया जनाएको छैन। तर पाकिस्तानी सेनाले जनवरीको कारबाहीलाई लिएर आफूले कहिल्यै पनि पैसाका लागि लडाइँ नगरेको बरु शान्तिका लागि लडेको तथा ठूलो परिणाममा धनजन क्षति व्यहोर्दै सम्पूर्ण लडाकूमाथि आक्रमण गर्दै आएको दाबी गरिसकेको छ।

यसैगरी शुक्रबार अमेरिकाले आफूले संयुक्त राष्ट्रसंघीय प्यालेस्टाइनी शरणार्थी निकाय 'संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य निकाय' का लागि प्रदान गर्दै आएको सम्पूर्ण पैसा रोक्ने घोषणा गरेको थियो।

# इराकमा क्षेप्यास्त्र ओसारेको इरानद्वारा अस्वीकार

दुबई, (एजेन्सी)

तेहरानले इराकमा क्षेप्यास्त्र ओसारिरहेको रोयटर्सको समाचारलाई इरानले अस्वीकार गरेको छ। यसले इरानको छिमेकीसँगको सम्बन्धलाई चोट पुर्‍याएको इरानी समाचार एजेन्सी इर्नाले जनाएको छ।

'यस प्रकारका झुठो तथा हास्यास्पद समाचार इरानको वैदेशिक, विशेष गरी उसको छिमेकीसँगको सम्बन्धलाई प्रभावित पार्नुबाहेक अर्को उद्देश्य देखिँदैन।' -विदेशमन्त्री प्रवक्ता बहराम क्वासिमीद्वारा बताइएको इर्नाले जनाएको छ।

इराकी तथा पश्चिमी सूत्रहरूले इराकमा सिया समर्थनमा इरानले ब्यालिस्टिक क्षेप्यास्त्र दिएको र त्यसको थप निर्माणका लागि आफ्नो क्षमता बढाइरहेको रोयटर्सलाई बताएका थिए।

'यसको एक मात्र उद्देश्य यस क्षेत्रका देशहरूमा त्रास उत्पन्न गराउनु मात्र हो।' -क्वासिमीले थपे। इराकमा आक्रामक क्षेप्यास्त्रका लागि इरानको कुनै पनि नीतिले तेहरान र वासिङ्टनबीचको सम्बन्धलाई थप बिगार्नेछ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व शक्तिहरूसँग भएको सम्झौताबाट फिर्ता भएको निर्णयपछि उनीहरूबीच यसअघि नै तनाव उत्कर्षमा पुगेको छ। ट्रम्पको निर्णयले फ्रान्स, जर्मनी र बेलायतलाई पनि निराश पारेका छन्। स्वतन्त्र रूपमा उक्त सम्झौतामा हस्ताक्षर गरेका ती ३ युरोपेली राष्ट्रले अन्तिम समयसम्म सम्झौतालाई बचाउने प्रयास गरेका थिए। अमेरिकाले आफ्नो निर्णयमा अडिग रहँदै तेहरानमाथि ताजा नाकाबन्दी पनि लगाएको छ।

इराकको गुप्तचर स्रोत र दुई पश्चिमी गुप्तचर स्रोतले विगत केही महिनामा इरानले इराकमा आफ्ना सहयोगीलाई छोटो दूरीका ब्यालिस्टिक क्षेप्यास्त्र ओसारेको बताएका थिए। तीमध्ये ५ जना अधिकारीले ती समूहलाई तिनीहरू आफैंले उक्त हतियार बनाउन सहयोग गरेको पनि बताए।



# नाफ्टाबाट क्यानाडा बाहिरिने ट्रम्पको चेतावनी

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ नाफ्टा सम्झौताबाट क्यानाडालाई बाहेक गर्ने चेतावनी दिएका छन्। क्यानाडासँगको वार्ता सम्झौताको पुनलेखन गर्न असफल भएपछि ट्रम्पको उक्त ट्विट आएको हो। 'नयाँ नाफ्टा सम्झौतामा क्यानाडालाई राख्नैपर्छ भन्ने कुनै राजनीतिक बाध्यता छैन। दशकौंसम्मको शोषणपछि अमेरिकाका लागि यदि हामी निष्पक्ष सम्झौता गर्न सक्दैनौं भने, क्यानाडा बाहिरिन्छ।' -उनले ट्विटमा लेखेका छन्। कंग्रेसले यी वार्तामा हस्तक्षेप गर्न पाउनेछैन वा म नाफ्टालाई पूर्णरूपमा समाप्त पार्नेछु र हामी झन् राम्रो बनाएर लानेछौं।

अमेरिका र क्यानाडाबीच बुधबार पुनः वार्ता गर्ने तय भएको छ र ओट्टावा र वासिङ्टनलाई अझै पनि सहमतिमा पुग्ने समय छ जसले क्यानाडालाई विगत २५ वर्षदेखि मेक्सिको



समेत रहेको उक्त सन्धीमा राख्न सक्नेछ।

तर ट्रम्पको पछिल्लो ट्विट क्यानाडाली वार्ताकारलाई दबाबमा राख्न गरिएको जस्तो देखिएको छ। गत हप्ताको पूर्वाद्धमा उत्तर अमेरिकी खुला व्यापार सम्झौता पुनर्लेखनका लागि अधिकारीहरू सहमतिनजिक पुगेको देखिएका थिए। तर ट्रम्पको भड्काउपूर्ण टिप्पणी आएपछि केही क्यानाडालीले उनले गलत अभिप्रायले बार्गेनिङ गरेको र वार्ता भाँड्ने प्रयास गरेको धारणा राखेका थिए। ट्रम्पले नाफ्टालाई अहिलेसम्मकै सबैभन्दा खराब सम्झौता भएको आफ्नो बयान दोहोर्‍याउँदै त्यसको निन्दा गरेका थिए।

# किमजोङ नाम हत्याकाण्डमा दुई साक्षीको खोजी



क्वालालम्पुर, (एजेन्सी)

मलेसियाली प्रहरी उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनका सौतेनी दाइ किम जोङ नामको हत्याकाण्डमा आरोपित दुईजना विरुद्ध साक्षी बनाउन दुई इन्डोनेसियाली महिलाको खोजी गरिरहेको स्थानीय सञ्चार माध्यमले जनाएको छ। ती सम्भावित साक्षी महिलाको नाम २४ वर्षीय राइसा रिन्दा सल्मा र ३३ वर्षीया देस्सी मेरिसिन्टा भएको बताइएको छ।

सन् २०१७ को फेब्रुअरीमा क्वालालम्पुर विमानस्थलमा किम जोङ नामको अनुहारमा भिएक्स नर्भ एजेन्ट दलिएपछि मृत्यु भएको थियो। यस सम्बन्धमा पक्राउ परेका इन्डोनेसियाका सिती आइस्याह र दोन थी होउँगविरुद्ध ज्यान मुद्दा चलाइँदै गरेको छ। तर ती दुवैले आफूहरूको कुनै दोष नभएको र आफूहरूलाई कुनै टेलिभिजनको रियालिटी सोको प्रान्क कार्यक्रममा भाग लिन लगाएको जस्तो लागेको बयान दिएका छन्।

प्रहरीले ती सम्भावित २ जना साक्षीलाई कहिँकतै देखेको खण्डमा तत्काल स्पाङ जिल्ला प्रहरी कार्यालयमा सूचित गर्न आह्वान गरेको छ। प्रतिवादी वकिलहरूले किममाथि आक्रमण हुनु केही दिनअघि ती दुई महिलालाई विमानस्थल, होटेल र सपिङ मलहरूमा यस्तो प्रान्कमा भाग लिन पैसा दिइएको बताएका छन्।

यसअघि नै सिती आइस्याहका वकिलले मलेसियाको अदालतसमक्ष उनलाई एकजना उत्तर कोरियालीले किम नाम निर्वासित जीवन बिताउँदै गरेको मकाउमा जान १ हजार २० अमेरिकी डलर दिएको बताएका थिए। यदि अपराध प्रमाणित भएको खण्डमा ती दुवै महिलालाई मलेसियाको प्रचलित कानुनअनुसार मृत्युदण्ड हुन सक्ने बताइएको छ।

प्योङयाङले भने यस हत्याकाण्डमा आफ्नो कुनै हात नरहेको बताउँदै आएको छ। पूर्वनेता किम जोङ इलले उत्तर कोरियाको आफ्नो उत्तराधिकारीबाट आफूलाई वञ्चित गरे यता किम जोङ नाम निर्वासित जीवन बिताउँदै आएका थिए।

# दोस्रो जनमत संग्रह नहुनेः मे

लन्डन, (एजेन्सी)

बेलायतकी प्रधानमन्त्री टेरिजा मेले अर्को ब्रक्जिट जनमत संग्रहको सम्भावना अस्वीकार गर्दै त्यो बेलायती लोकतन्त्रका लागि धोका हुने बताइन्।

डेली टेलिग्राफ वेबसाइटमा शनिबार राति प्रकाशित टेरिजा मेको प्रमुख लेखमा उक्त कुरा उल्लेख गरिएको थियो। टेरिजाले लेखमा भनेकी छिन्- 'यो सरकार बेलायती जनताको लोकतान्त्रिक फैसलालाई पूरा गर्नेछ र बेलायत अर्को वर्ष मार्च २९ बाट युरोपेली संघबाट औपचारिक रूपबाट अलग्ग हुनेछ र हामी यस्तै गर्नेछ।'

टेरिजाले भनिन्- 'हामी एक बलियो, अझ राम्रो बेलायतको निर्माण गर्नेछौं, जुन भविष्यका लागि सही हुनेछ।' आफ्नो सरकारले बेलायतको भलाइका लागि काम गर्नेमा आफू आश्वस्त रहेको उनले बताइन्। मेले ब्रसेल्ससँग लामो वार्ताका सन्दर्भमा यदि आवश्यक पर्‍यो भने पनि बेलायत त्यसका लागि तयार नहुने बताइन्।



ठूलोभेरी नगरपालिका-६ का बुढाले ल्याएको ६ किलो सय ग्राम यार्सा नेपालगन्ज विमानस्थलमा खटिएका प्रहरीले बरामद गरेका हुन्।

# श्रीलंकाली राष्ट्रपति सार्क सचिवालयमा

**नेपाल समाचारपत्र**

काठमाडौं

श्रीलंकाली राष्ट्रपति मैथ्रीपाला सिरिसेनाले काठमाडौंस्थित दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सचिवालयको भ्रमण गर्नुभएको छ।

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलनमा सहभागी हुन नेपाल आउनुभएका सिरिसेनाले आइतबार बिहान सचिवलायको भ्रमण गर्नुभएको हो।

सचिवालय स्रोतका अनुसार सिरिसेनालाई सार्क महासचिव अम्जाद हुसियान बी सियालले सार्कका गतिविधिबारे अवगत गराउनुभएको थियो। सोही भ्रमणका क्रममा राष्ट्रपति सिरिसेनाले सचिवालय परिसरमा वृक्षरोपण पनि गर्नुभएको थियो। यसअघि गत फागुन तेस्रो साता नेपाल भ्रमणमा आउनुभएका पाकिस्तानका तत्कालीन प्रधानमन्त्री साहिद खाकन अब्बासीले पनि सचिवालयको भ्रमण गर्नुभएको थियो।



यसैबीच बिमस्टेक सम्मेलनका लागि गत बुधवार नेपाल आउनुभएका श्रीलंकाली राष्ट्रपति सिरिसेना आइतबार अपराह्न स्वदेश फर्कनुभएको छ। उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवले उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गर्नुभएको थियो।

शुक्रबार बिमस्टेक सम्मेलन समापन भए पनि सिरिसेना त्यसपछि नेपालको औपचारिक भ्रमणका विशिष्ट पाहुनाका रूपमा रहनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीको मैत्रीपूर्ण निमन्त्रणामा उहाँले शनिबार र आइतबार नेपालको औपचारिक भ्रमण गर्नुभएको बताइएको छ।

# स्थानीय निर्वाचनमा ५० प्रतिशत महिला उम्मेदवार बनाउन सुझाव

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसभित्र वडा समितिदेखि केन्द्रीय समितिसम्मका हरेक निकायमा पदाधिकारीसहित न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित हुने गरी विधान संशोधन गर्न माग गरिएको छ। साथै, निर्वाचनमा स्थानीय तहमा ५० प्रतिशत र प्रदेश र संघमा न्यूनतम ३३ प्रतिशत महिलालाई टिकट दिनुपर्ने गरी विधान संशोधन गर्न पनि माग गरिएको छ।

आइतबार नेपाल महिला संघले विधान मस्यौदा समितिलाई विधानमा पार्टीका निकाय र निर्वाचनमा उम्मेदवारी तय गर्दा निश्चित प्रतिशत महिलालाई सुनिश्चित गर्न सुझाव दिएका हुन्। महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा गठित विधान मस्यौदा समितिले पर्सि बुधबारसम्म समितिलाई सुझाव दिन आग्रह गरेको छ। नेपाल महिला संघले क्रियाशील सदस्यता वर्षैपिच्छे वितरण गर्नुपर्ने र महाधिवेशनको १ वर्षअघि रोक्नुपर्ने गरी विधान संशोधन गर्न पनि आग्रह गरेका छन्।

निर्वाचनका बेला टिकट वितरण गर्ने संसदीय समितिमा केन्द्रमा नेपाल महिला संघको केन्द्रीय अध्यक्ष, जिल्लामा जिल्ला अध्यक्ष तथा पदाधिकारीलाई प्रदेशमा राख्न महिला संघले माग गरेको छ। मस्यौदा समितिले विधानमा गरिनुपर्ने संशोधन र परिमार्जनका विषयमा कार्यसमितिका पदाधिकारी एवं सदस्य, संसदीय दल, प्रदेशसभा संसदीय दल, पार्टी निकट सबै भ्रातृ एवं शुभेच्छुक संघसंस्था, विदेशस्थित सबै जनसम्पर्क समितिलाई लिखितरूपमा संस्थागत राय सुझाव दिन आग्रह गरेको थियो।

विधान मस्यौदा समितिले क्रियाशील तथा साधारण सदस्य, मतदाता, शुभेच्छुक तथा आम सर्वसाधारणले भने इमेलबाट पनि विधानमा गरिनुपर्ने संशोधन र परिमार्जनका विषयमा २१ गते बुधबार सुझाव दिन आग्रह गरेको छ। कांग्रेसको विधान मस्यौदा समितिले पार्टी संरचनासम्बन्धी, कार्यविभाजनसम्बन्धी र अन्य निकाय तथा आन्तरिक व्यवस्थापनसम्बन्धी छुट्टै उपसमिति बनाएर प्रारम्भिक मस्यौदा तयार गरिरहेको छ।

मस्यौदा समितिले तथार पारेको विधान संशोधन तथा परिमार्जनका विषयलाई मंसिरको पहिलो साता हुने महासमिति बैठकमा प्रस्तुत गरिनेछ। कांग्रेसको केन्द्रीय समितिभन्दा माथिल्लो निकायका रूपमा रहेको महासमिति बैठकको मुख्य एजेन्डा विधान संशोधन तथा परिमार्जन रहेको छ।

# गौरादेवीलाई गौराघरमा भित्र्याइयो

**नेपाल समाचारपत्र**

बैतडी

प्रदेश ७ (सुदूरपश्चिम) मा मनाइने गौरा पर्वको तेस्रो दिन आइतबार ब्रतालु महिलाले गौरादेवीलाई गौराघरमा भित्र्याएका छन्। स्थानीय भाषामा भितरीकी गौरा अथवा ठूली गौरा भनिने यस पर्वको दिनलाई ब्रतालु महिलाले विशेष दिनका रूपमा लिने गरेका छन्।

ब्रतालु महिलाले आइतबार बिहानै नुवाईधुवाई गरेर साँझको समयमा गौरालाई गौरा घरमा भित्र्याउने चलन रहीआएको बैतडीको सुर्नया गाउँपालिका ६ शंकरपुरका हरिना अवस्थीले बताए।

अमुक्ताभरण सप्तमीका दिन ब्रतालु महिला एक ठाउँमा जम्मा भएर फाग गाएर गौरादेवीको पूजा गर्ने चलन रहीआएको उनले बताए। गौरा र महेश्वरको प्रतिमूर्ति स्थापना गरेर ब्रतालु महिलाले फलफूल र बिरुडाले गौरादेवीको पूजा गर्ने चलन छ।

ब्रतालु महिलाले धारण गर्ने विशेष प्रकारको धागो अर्थात् दुबधागो पनि आजै गौरादेवीमा चढाउने चलन छ। यसका साथै साँझको समयमा ब्रतालु महिलाले कुण्ड स्नान गर्ने चलन रहीआएको छ। गौरादेवीमा चढाएको दुबधागोलाई दुर्वाष्टमी अर्थात् अठ्यावालीका दिन ब्रतालु महिलाले धारण गर्ने गर्दछन्। गौराको मुख्य दिनकैरूपमा मानिने अमुक्ताभरण सप्तमीका दिन ब्रतालु महिलाले गौराको पूजन गरेपछि मीठोमसिनो खाने गर्दछन्।

## विदेशमा नेपालीले मतदान गर्न पाउने

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले विदेशमा बस्ने नेपाली नागरिकलाई मतदानको व्यवस्था गर्न आदेश दिएको छ। गत चैत ७ गते न्यायाधीश सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले गरेको आदेशको पूर्ण पाठ सार्वजनिक गरिएको हो। अधिवक्ता प्रेमचन्द्र राईले दायर गरेको रिटमा विदेशी नागरिकता भने त्यागेको हुनुपर्ने आदेशमा सर्त राखिएको छ।

आदेशमा भनिएको छ- 'विदेशमा रहेका नागरिकलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब शुरू गरी आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनू।'

'मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक एवं प्रजातान्त्रिक अधिकार भएकाले सो अधिकार उपभोग गराउनू' -आदेशमा भनिएको छ। आदेशमा नेपाली नागरिक विभिन्न देशमा छरिएर रहेका र विदेशी नागरिकलाई आफ्नो भूमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग-अलग देशमा फरक-फरक कानुन र नीति हुन सक्ने बताइएको छ।

## कसरी आइपुग्यो नेपालगन्जसम्म यार्सा ?

बाँके (नेस)

डोल्पाबाट छुटपूर्जी नलिई ६ किलो यार्सागुम्बा नेपालगन्ज पुर्‍याइएको छ। डोल्पाबाट आएका श्रवणबहादुर बुढाले विमानबाटै अवैध यार्सा नेपालगन्जसम्म ल्याएका हुन्।

ठूलोभेरी नगरपालिका-६ का बुढाले ल्याएको ६ किलो सय ग्राम यार्सा नेपालगन्ज विमानस्थलमा खटिएका प्रहरीले बरामद गरेका हुन्। बुढाले डोल्पा विमानस्थलबाट कसरी यार्सा पार गराए भन्ने चासोको विषय बनेको छ।

गएको स्थानीय चुनावमा नेपाली कांग्रेसबाट मेयरमा चुनाव लडेका बुढा पराजित भएपछि यार्सा कारोबारतिर लागेको डिभिजन वन कार्यालय, बाँकेका एक अधिकारीले बताए। विशेष सुराकीका आधारमा राँझा विमानस्थलमा खटिएका प्रहरीले बुढाको साथबाट यार्सा बरामद गरेको थियो। विमानस्थल प्रहरीले बुढालाई यार्सासहित जिल्ला प्रहरी कार्यालय, नेपालगन्ज पठायो। प्रहरीले आवश्यक कारबाहीका लागि वन कार्यालयमा पठाएको छ।

वन कार्यालयका निमित्तप्रमुख गणेश खड्काले बुढासँग यार्साको छुटपूर्जी नरहेको बताउनुभयो। कागजपत्र कुनै नरहेकाले बुढाका विरुद्धमा कारबाही प्रक्रिया अघि बढाएको खड्काले बताउनुभयो। वन ऐनमा प्रतिकिलो यार्साका लागि २५ हजार राजस्व तिर्नुपर्छ। बुढासँग कुनै कागजपत्र नरहेकाले बरामद यार्सालाई लिलाम प्रक्रिया अघि बढाइने खड्काले बताए। वन कार्यालयले प्रतिकिलो न्यूनतम २५ हजार राखेर लिलामी प्रक्रिया अघि बढाउने जनाएको छ।

बुढाले खरिद गरेर यार्सा ल्याएको चाइना लैजाने बयान दिएका छन्। नेपालबाट मात्रै नभई भारतबाटसमेत ल्याएर यार्सालाई चाइना पुर्‍याउने गरिन्छ। नेपालमा पाइनेजस्तो भारतको यार्सा गुणस्तरीय नहुने व्यापारी बताउँछन्।

# मानव बेचविखनविरुद्ध सचेतना

कपिलवस्तु, (नेस)

मानव बेचविखन तथा ओसारपसारविरुद्ध १२औं राष्ट्रिय दिवसको साताव्यापी अभियानअन्तर्गत शान्ति पुन:स्थापना गृह कृष्णनगरले बहादुरगन्जमा सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।

विद्यार्थीमार्फत मानव बेचविखन र ओसारपसारका बारेमा जनचेतना फैलाई बेचविखनका घटनामा कमी ल्याउने विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रम गरिएको हो।

कपिलवस्तुको कृष्णागनर नगरपालिका बहादुरगन्जस्थित रामगोरखा माध्यमिक विद्यालयका कक्षा ११ र १२ का विद्यार्थीलाई मानव बेचविखन र ओसारपसारसम्बन्धी सचेतीकरण गरिएको पीआरसी संयोजक भूमिराज भट्टराईले जानकारी दिनुभयो। कार्यक्रममा इलाका प्रहरी कार्यालय गणेशपुरका प्रहरी निरीक्षक नवीन पौडेलले बेचविखन र ओसारपसारको प्रकृति, कानुनी व्यवस्थालगायतका विषयमा सहजीकरण गर्नुभएको थियो।

'संघीयताको महत्त्वपूर्ण सार, मानव बेचविखन अन्त्यका लागि जिम्मेवारी र सहकार्यसहित गरौं खबरदारी' भन्ने नारासहित दिवसलाई सफल बनाउन पीआरसीलगायत मानवअधिकारको क्षेत्रमा कार्यरत देशभरका विभिन्न संघ संस्थाले अभियानमा जुटेका हुन्।

खुला सीमानाका कारण नेपाली युवती दलालको फन्दामा परी बेचिने गरेको पीआरसी संयोजक भट्टराईले बताउनुभयो। बेचविखन तथा ओसारपसारका घटनाबारे समाजमा जनचेतना फैलाई घटनामा कमी ल्याउन सबैले अभियानमा साथ र सहकार्य गर्नुपर्ने भट्टराईले आग्रह गर्नुभयो।

गरिबी, अशिक्षा, बेरोजगारीका कारण सोझासाझा युवती बेचविबखनमा पर्ने गरेको बताउँदै गाउँ-गाउँमा सचेतना फैलाउनुपर्ने उहाँले बताउनभुयो।

# बम बिस्फोटमा जनतान्त्रिक तराई मुक्ति मोर्चा क्रान्तिकारीको संलग्नता

**नेपाल समाचारपत्र**

विराटनगर

साउन २७ गते विराटनगर महानगरपालिका भवनमा गराइएको बम बिस्फोटको घटनामा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। घटनामा जनतान्त्रिक तराई मुक्ति मोर्चा क्रान्तिकारीको संलग्नता रहेको प्रहरीले जनाएको छ।

महानगरपालिकामा बम बिस्फोट गराएको अभियोगमा प्रहरीले नियन्त्रणमा लिएका व्यक्तिमा सिरहा लक्ष्मीपुर परतार गाउँपालिका ३ का २० वर्षीय अभिमन्यु गिरी, मोरङको जहदा गाउँपालिका वडा नम्बर २ हरिनगराका ५३ वर्षीय मनोजकुमार सिंह र सिरहा नगरपालिका ५ सुखिपुरका २४ वर्षीय रामरिझन यादव रहेका छन्।

पक्राउ गरिएका तीनै जनालाई मोरङ प्रहरीले आइतबार पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको छ। मोरङ प्रहरीका एसपी मनोजकुमार केसीले जनतान्त्रिक तराई मुक्ति मोर्चा क्रान्तिकारीको योजनाअनुसार बम विस्फोट गराइएको अनुसन्धानको क्रममा खुलेको बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाका विक्की भन्ने वीरेन्द्र यादवसमेतको सहभागितामा भारत विहार राज्यको दरभंगामा गएको जेठ महिनामा बनेको योजनाअनुसार महानगरपालिकामा बिस्फोट गराइएको उनले बताए। रिमोट कन्ट्रोलबाट बम बिस्फोट गराइएको एसपी केसीले बताए। सर्वसाधारणमा त्रास फैलाउन घटना गराइएको अनुसन्धानमा खुलेको एसपी केसीले बताए।

घटनाको दिन बम बिस्फोट गराउन मोरङको जहदाका मनोज सिंहले चलाएको मोटरसाइकलमा सिराहाका अभिमन्यु गिरीले बम बोकेर महानगरपालिका कार्यालय प्रवेश गरेको अनुसन्धानको क्रममा खुलेको छ। पूर्वनिर्धारित योजनाअनुसार मेयरको कार्यकक्ष छेउको प्यासेजमा बम राखिसकेपछि महानगरको मुल गेट बाहिर बसेका सिरहाका रामरिझन यादवले रिमोट थिचेर बम बिस्फोट गराएको जनाइएको छ। यसअघि घटना घटाउन सिरहाका २ जना बस चढेर विराटनगर आएको र उनीहरूलाई २ वटा मोटरसाइकलमा महानगरसम्म ओसारिएको खुलेको छ।

घटना घटाएपछि फेरि चारैजना बाइक चढेर गएका र २ जना बस चढेर फेरि सिरहातर्फ गएको अनुसन्धानका क्रममा खुलेको छ। घटना घटाउन बिहारको बथनाहाबाट चोर बाटो प्रयोग गरी १ दिनअघि मनोज सिंहले बम विराटनगर ल्याएको र १ दिन आफ्नो घरमा राखेपछि भोलिपल्ट सिरहाबाट आएका व्यक्तिसँगै बम लिएर महानगरपालिका प्रवेश गरेको प्रहरीको अनुसन्धानमा खुलेको छ।

घटनामा संलग्न रहेका मूल योजनाकार जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता बिक्की भन्ने वीरेन्द्र यादव अझै फरार रहेका छन् भने घटनामा संलग्न मोर्चाकै कार्यकर्ता रामरिझनलाई प्रहरीले अन्य २ सँगै पक्राउ गरेको छ।

पक्राउ गरिएका अन्य २ मनोज सिंह र अभिमन्यु गिरिलाई पैसाको प्रलोभनमा घटनामा प्रयोग गरिएको हुन सक्ने प्रहरीले जनाएको छ। घटनामा थप व्यक्तिको संलग्नता भए नभएको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## शिक्षामा...

सबै अभियान भनेकै समयमा सफल नभएका होलान्, तर साक्षर अभियान सोचेभन्दा बढी सफल भएको छ। 'अब विसं २०७६ सालदेखि कोही पनि निरक्षर हुनुपर्दैन सबैलाई साक्षर बनाएरै छाड्नेछौं -उहाँको भनाइ थियो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आइतबार आयोजना गरेको कार्यक्रममा निरक्षर रहेका करिब १८ प्रतिशत जनसंख्यालाई २ वर्षभित्र साक्षर बनाइसक्ने दाबी गरेको छ। केन्द्रका महानिर्देशक बाबुराम पौडेलले अबको अभियानले २ वर्षभित्र कोही पनि निरक्षर नहुने दाबी गर्नुभयो।

हालसम्म खुला विद्यालयतर्फ निमावि तहमा ३७ र मावि तहमा ८४ र १ सय ३७ अनौपचारिक प्रौढ विद्यालयका सम्पूर्ण निरक्षर साक्षर भइसकेको उहाँको भनाइ थियो। ६ सोभन्दा माथि उमेर समूहका ७८ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहका ८८ दशमलब ६ र १५ देखि माथि उमेर समूहका ५७ प्रतिशत जनसंख्या साक्षर भइसकेका छन्।

सरकारले साक्षर अभियानअन्तर्गत हालसम्म करिब ७ अर्ब रुपियाँ खर्च भइसकेको छ। सरकारले २०६९ सालदेखि १५-६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको दाबी गरेको थियो।

पछिल्लो समयमा सरकारले विसं २०६९ देखि २०७२ सम्मको अवधिलाई साक्षर नेपाल अभियान भनी सञ्चालन गरेको थियो।

अभियानको पहिलो वर्ष १६ लाख ९३ हजार ९ सय ६५ र दोस्रो वर्ष झन्डै १५ लाख नेपालीलाई साक्षर गराउने लक्ष्य लिएको थियो। सरकारले हालसम्म कति साक्षर भएका छन् भन्ने विषयमा यथार्थ तथ्यांक सार्वजनिक गर्न सकेको छैन।

करिब ३ लाख जनसंख्या साक्षर हुन बाँकी रहेको दाबी गरिए तापनि यकिन तथ्यांक दिन सकेको छैन। आव २०६७/६८ मा देशैभर घरधुरी सर्वेक्षण गरी निरक्षरको नाम नामेसीसहितको लगत तयार गरिएको थियो।

विसं २०६८ को राष्ट्रिय जनगणनामा ६५ दशमलव ९ प्रतिशत नागरिक साक्षर रहेको देखिएको थियो भने त्यसपछि साक्षरता बढेको पाइए पनि राष्ट्रिय सर्वेक्षण गरिएको छैन।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यही भदौ २३ गते ३९औं राष्ट्रिय शिक्षा र ५२औं अन्तर्राष्ट्रिय साक्षरता दिवसका दिन अभियान घोषणा गर्दैछ।

केन्द्रका निर्देशक टेकनारायण पाण्डेले साक्षरता अभियानलाई सफल बनाउन सबै सरोकारवाला अघि बढ्नुपर्ने बताउनुभयो। महानिर्देशक पौडेलले अब प्रदेश र स्थानीय तहबाटै अभियान सफल पार्नुपर्ने बताउनुभयो।

## चिकित्सक...

उता काठमाडौं विश्वविद्यालय शिक्षण अस्पताल धुलिखेल अस्पताल पनि ठप्प रहेको स्कुल अफ मेडिकल साइन्सका डीन डा. राजेन्द्र कोजूले बताउनुभयो।

निजी अस्पताल सञ्चालकका साझा संस्था एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) ले समेत सूचना जारी गरेरै चिकित्सक संघको मागप्रति समर्थन जनाएको थियो। अफिनले आन्दोलन कसैको रहर नभई बाध्यात्मक अवस्था भएको भन्दै सहयोगको समेत अपिल गरेको छ।

विभिन्न विशेषज्ञका संस्था तथा सोसाइटीले समेत सार्वजनिक सूचना र प्रेस विज्ञप्ति निकालेरै आन्दोलनमा समर्थन र ऐक्यबद्धता जनाएका छन्।

आकस्मिकबाहेकका सेवा बन्द भएसँगै आकस्मिक कक्षमा बिरामीको ठूलो भीड लागेको थियो। अघिल्ला बन्दमा राजनीतिक आस्था र विषयमा विभाजित भएर सेवा दिने चिकित्सक यसपटक भने एकैठाउँमा उभिएका छन्।

डा. गोविन्द केसीको अनशनको समर्थनमा आह्वान गरिएको हड्तालको प्रतिरोधमा उत्रिएका नेकपानिकट चिकित्सक पनि यसपटक चिकित्सक संघसँगै उभिएका छन्। नेकपानिकट नेसनल डक्टर्स एसोसिएसन, नन गभर्न्मेन्ट डक्टर्स एसोसिएसनले पनि ऐक्यबद्धता जनाएका छन्।

चिकित्सकको आन्दोलन कडा बनेपछि स्वास्थ्य मन्त्रालयले तत्काल ऐन संशोधनका लागि पहल गर्न कानुन मन्त्रालयसँग आग्रह गरेको छ। मन्त्रालयका प्रवक्ता एवं समन्वय महाशाखा प्रमुख मोहम्मद दाउदले मन्त्रालयले कानुन संशोधनका लागि पत्राचार गरिसकेको बताउनुभएको छ। यसका साथै नेपाल चिकित्सक संघलाई समेत पत्राचार गरेर तत्काल सेवा नरोक्न आग्रहसमेत गरिने बताउँदै स्वास्थ्य मन्त्रालय गम्भीर भएर लागेको उहाँले बताउनुभयो।

## सुरुङ...

एडीबीलगायत विज्ञले तयारी अवस्थामा रहेको डीपीआरमाथि छलफल सकेपछि परामर्शदाताले त्यसलाई संशोधन गरिरहेको आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पन्तले बताउनुभयो।

डीपीआर स्पेनी परामर्शदाता इप्टिसाले तयार पारेको हो। इप्टिसाले तयार पारेको संशोधन सम्पन्न गर्न १ महिनादेखि ६ महिना समय लाग्न सक्ने आयोजनाले जनाएको छ।

'डीपीआर संशोधनको काम १ महिनाभित्र पनि सम्पन्न हुन सक्छ', आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पन्तले भन्नुभयो- 'तर एडीबीको टिप्पणीअनुसार नै नयाँ प्रविधि अपनाएर बनाउने हो भने थप अध्ययन गरेर डीपीआरलाई अन्तिम रूप दिन ६ महिना लाग्न सक्छ।'

चालू आवभित्रै सुरुङ खन्ने ठेक्का गरेर निर्माण चरणमै लाग्ने आयोजनाले योजना बनाएको छ। मेलम्ची खानेपानी विकास समितिले मेलम्चीपछि लार्के र यांग्री खोलाको पानी काठमाडौं ल्याउन तीव्र तयारी थालेको छ। समितिले दुवै खोलाको पानी सुरुङमार्ग हुँदै दैनिक १७/१७ करोड गरी ३४ करोड लिटर ल्याउन लागेको हो।

समितिले गत आवमा परामर्शदाता छनोट गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने काम भइरहेको समितिका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्रप्रसाद पन्तले बताउनुभयो।

सन् २०१७ जनवरीबाट डिसेम्बरसम्ममा सम्पन्न गर्ने गरी इप्टिसाले डीपीआरको काम थालेको थियो, तर निर्धारित समयभित्र डीपीआर तयार नभएपछि आयोजनाले इप्टिसालाई ६ महिना समय थप गरेको थियो।

सरकारले डीपीआरका लागि २० करोड विनियोजन गरेको थियो। आयोजनाले चालू आर्थिक वर्षमा सडकको ट्याक स्तरोन्नति गर्न ४५ करोड बजेट पाएको छ भने मुआब्जा क्षतिपूर्तिका लागि २५ करोड विनियोजन भइसकेको छ।

आयोजनाले मुआब्जाका लागि जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा प्रतिवेदन बुझाइसकेको छ। लार्के र यांग्रीको काम सम्पन्न भएपछि काठमाडौं उपत्यकामा दैनिक १७/१७ करोड लिटर खानेपानी आपूर्ति हुनेछ। निर्माण कार्य थालेको ४ वर्षभित्र सम्पन्न गर्ने यो परियोजनामा २५ अर्ब लागत लाग्ने अनुमान समितिको रहेको छ।

अहिले लार्केसम्म पुग्ने सडक निर्माणको काम समितिले सम्पन्न गरिसकेको छ। आयोजनाले मेलम्ची पुलबजारदेखि लार्केसम्म पुग्न २५ किमि सडक निर्माण गरी स्तरोन्नतिको प्रक्रिया अगाडि बढाएको छ।

# अर्थ

2018, SEP Monday 3

अन्तर्राष्ट्रिय अभ्यासमा यस्तो खाले एकल बिन्दु सेवाको कार्यालयले विदेशी लगानी भित्र्याउनको लागि ठूलो टेवा पुऱ्याउँदै आएको छ। सरकारले स्थापना गर्न लागिएको एकल बिन्दु सेवाको अवधारणबाट लगानीकर्तालाई उद्योगधन्दा स्थापना गर्नेको लागि सहज हुने र नेपालमा लगानी आउने अनुमान गरिएको छ।

# एकल बिन्दू सेवा सञ्चालनमा ल्याउने तयारी

दीपेन्द्र थापा, काठमाडौं

नेपालमा लगानी गर्ने कम्पनीलाई लगानीमैत्री वातावरण तयार गर्नका निम्ति एकल बिन्दू सेवाको कार्यालय सञ्चालनमा ल्याउने प्रक्रिया अन्तिम चरणमा पुगेको छ। औद्योगिक विकास ऐन २०७३ मा भएको व्यवस्था कार्यान्वयन गर्न सरकारले एकल बिन्दू सेवाको कार्यालय स्थापना गरेर सेवा प्रवाह गर्न लागेको हो।

सरकारले उक्त सेवा आगामी कार्तिक, मंसिरबाट सेव गर्ने तयारी गरेको छ। एकल बिन्दू सेवा कार्यालय स्थापना गरेर उद्योग धन्दा विकास गर्नका लागि चाहिने प्रशासनिक कार्यको एउटै थलोबाट सेवा दिन लागिएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। सरकारले प्रशासनिक उल्झन धेरै रहेको र लगानीमैत्री वातावरणको माग भइ रहेका बेला एकल बिन्दू सेवाले उद्योग स्थापना गर्नको लागि थप सहज हुने र वैदेशिक लगानी भित्रिने विश्वास सरकारले लिएको छ।

सरकारले लगानीकर्तालाई एकै ठाउँबाट सेवा प्रवाह गर्न उद्योग विभागका महानिर्देशकको नेतृत्वमा रहेको कार्यदलले तयारी गरिहेको मन्त्रालयका सह-सचिव दिनेश भट्टराईले बताउनुभयो। कार्यालयको व्यवस्थापन कसरी गर्ने अरू मन्त्रालयसँगको समन्वयकारी प्रतिनिधित्व कसरी गर्ने, कार्यदलले कस्तो संयन्त्र रहने अधिकारको प्रत्योजन कसरी गर्ने भन्ने विषयमा मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यदलले काम गरिरहेको छ।

अन्तर्राष्ट्रिय अभ्यास, नेपालको कार्यशैली, कार्यालयको अधिकार क्षेत्रको अवस्था हेरेर भावी रणनीति तय हुनेछ। उद्योग विभागका महानिर्देशको संयोजकत्वमा उपकार्यदलले साउनको पहिलो हप्ता कार्यलय सञ्चालनको र संरचनाको मस्यौदा बुझाएको थियो। कार्यदलले कस्तोखाले रणनीति तय गर्ने र अधिकार क्षेत्रको स्वरुपका बारेमा प्रतिवेदन तयार गरी बुझाएको विभागका तत्कालीन महानिर्देशक शिवराम न्यौपानेले बताउनुभयो। एकलबिन्दू सेवाको व्यवस्थापनको लागि उपकार्यदलको पनि गठन गरिएको थियो। उपकार्यदलले यसअघि उद्योग विभागकै शाखाको रुपमा एकल बिन्दू सेवा विस्तार गर्नको लागि सिफारिस गरेको छ। भोलिका दिनमा नेपालमा आउने वैदेशिक लगानीलाई मध्यनजर गरी छुट्टै कार्यालय विस्तार गर्नु भन्दा पनि उद्योग विभागको शाखाको रुपमा एकल बिन्दू सेवा कार्यालय स्थापना गर्नको लागि उपकार्यदलले मस्यौदा तयार गरेको थियो।

मन्त्रालयका अनुसार सेवाग्राहीलाई एकठाउँमा सेवा प्रवाह गर्ने गरी काम भइरहेको छ। धेरै सरकारी कार्यालयसँग समन्वय गर्नुपर्ने भएकाले कार्यालय स्थापना भएपछि प्रत्येक कार्यालयको प्रतिनिधि राखेर काम गर्ने अथवा एक व्यक्तिलाई सबै अधिकार दिएर कार्यालय सञ्चालन गर्ने भन्ने विषयमा गृहकार्य भइरहेको मन्त्रालयको भनाइ छ। अन्तर्राष्ट्रिय अभ्यासमा यस्तो खाले एकल बिन्दु सेवाको कार्यालयले विदेशी लगानी भित्र्याउनको लागि ठूलो टेवा पुऱ्याउँदै आएको छ। सरकारले स्थापना गर्न लागिएको एकल बिन्दू सेवाको अवधारणबाट लगानीकर्तालाई उद्योगधन्दा स्थापना गर्नेको लागि सहज हुने र नेपालमा लगानी आउने अनुमान गरिएको छ।

फाइल बोकेर धेरै कार्यालयमा धाउनु पर्दा लगानीकर्तले गुनासो गर्दै आएका छन्। उद्योग विभागले त्रिपुरेश्वरमा निमार्णाधीन नयाँ भवनको भुईंतल्लामा एकलबिन्दू कार्यालय स्थापना गर्ने तयारी अनुरुप काम गरिरहेको छ।

## प्रसंशा केसी भइन वाइवाइ ग्लोकल टिन हिरो




काठमाडौ, (नेस)

वाइवाइ ग्लोकल टिन हिरो २०१८ को उपाधि प्रसंशा केसीले पाएकी छिन्। केसीलाई श्रम तथा रोजगारमन्त्री गोकर्ण विष्ट तथा कार्यक्रमका निर्णायकले वाइवाइ ग्लोकल टिन हिरोको उपाधिसँगै ट्रफी हस्तान्तरण गर्नुभएको थियो।

कुल ५३२ आवेदन आएको थियो। आवेदकहरूले आफू समाज सेवा, पत्रकारिता, कम्प्युटर प्रोग्रामिङ, रोबोटिक्स, उद्यमी र समुदाय विकास जस्ता गरेको कामले समाजमा परेको सकारात्मक प्रभावबाट आफ्नो कौशलता देखाएका छन्। सामाजिक अभियन्ता रहनु भएका प्रसंशा केसी वाई वाई ग्लोकल टिन २०१८ हिरो, अन्तिम ६ प्रतिस्पर्धी आविष्करक : विकल्प ढुंगाना, लेखिका : दीपशिखा घिमिरे, उद्यमी : सौगात तिवारी, इकोप्रेनेर : सुदर्शन सुवेदी र सामाजिक उद्यमी : स्वर्णीम श्रेष्ठ रहेका थिए।

वाई वाई ग्लोकल टिन हिरोको माध्यमबाट किशोरकिशोरीमा भएको प्रेरणा र उत्साहलाई प्रोत्साहन गरी उनीहरूले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरू माझ चिनाउन यस कार्यक्रम गरिएको हो। सन् २०१५ मा शुरूवात भएको यो कार्यक्रम देशभरिका ४०० भन्दा बढी विद्यालयका ५० हजारभन्दा बढी विद्यार्थी माझ पुगेको थियो।

## शाक्य पुच:मा नयाँ नेतृत्व

ललितपुर, (नेस)

शाक्य पुच: बचत तथा ऋण सहकारी संस्थाको १८औं वार्षिक साधारणसभाले जगतरत्न शाक्यको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। संस्थाको उपाध्यक्षमा ज्ञानेन्द्र शाक्य, सचिवमा पुण्यरत्न शाक्य, कोषाध्यक्ष रूपेन्द्रराज शाक्य रहनुभएको छ। त्यस्तै सदस्यहरू त्रिरत्न शाक्य, ज्ञानेन्द्र शाक्य र टेकरत्न बज्राचार्य हुनुहुन्छ। त्यसैगरी लेखा समितिको संयोजक यशकुमार शाक्य, सदस्य मनोज शाक्य र राजभाई शाक्यलाई पनि चयन गरिएको छ।

## एनसेलको 'रिचार्ज एन्ड विन' अफर

काठमाडौं, (नेस)। एनसेलले 'रिचार्ज एन्ड विन' अफर ल्याएको छ। यस योजनाअन्तर्गत एनसेलका १० जना ग्राहकले हरेक हप्ता जनही एक लाख नगद पुरस्कार प्राप्त गर्नेछन्।

यो अफर आइतबारदेखि लागू भई १० हप्तासम्म संचालनमा रहनेछ। योजनामा सप्ताहभर सय वा सो भन्दा बढी रिचार्ज गर्ने एनसेलका प्रिपेड तथा पोस्टपेड ग्राहकले भाग लिई नगद पुरस्कार जित्ने अवसर प्राप्त गर्न सक्नेछन्। ग्राहकले प्रत्येक सय रुपियाँ बराबरको रिचार्जका लागि एसएमएसमार्फत एउटा कोड प्राप्त गर्नेछन्। उदाहरणको लागि ग्राहकले आइतबारदेखि शनिबारको अवधिमा २५० रुपियाँको रिचार्ज गरेका छन् भने सो सप्ताह लगत्तैको सोमबारसम्ममा एसएमएसमार्फत दुई वटा विशेष कोड प्राप्त गर्नेछन्।

पाँच सय रुपियाँ रिचार्ज गरेका छन् भने पाँचवटा कोड प्राप्त गर्नेछन्। योजना अवधिभर हरेक हप्ताका १० भाग्यशाली ग्राहकको छनोट प्रत्यक्ष प्रसारणमा हुने लक्की ड्र मार्फत मंगलबारका दिन साँझ ७ बजे एपी वान टेलिभिजनमा प्रत्यक्ष प्रसारण हुनेछ।

## काम चुस्त बनाउन कृषिमन्त्रीको निर्देशन

काठमााडौं, (नेस)

कृषि तथा पशुपंक्षी विकास मन्त्री चक्रपाणि खनालले मन्त्रालय र अन्तर्गतका निकायमा काम कारबाही ढिलो भएको भन्दै जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ।

आइतबार मन्त्रालयका सचिव, सहसचिव तथा विभागिय प्रमुख सम्मिलित बैठकमा मन्त्री खनालले तत्काल सुधार गर्नुपर्ने भन्दै २४ बुँदे निर्देशन दिनुभएको हो।

'अहिले मन्त्रालयका काम सुस्त भएको महशुस भइरहेको छ। यसलाई गम्भीरतापूर्वक लिइ मन्त्रालय, विभाग र अन्य कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउनुहोस।' मन्त्रालयका सचिवलगायत उच्च पदस्क कर्मचारीलाई निर्देशन दिँदै उहाँले भन्नुभयो। मन्त्रालयबाट सम्पादन हुने हरेक कार्यहरूको ग्रहणयोग्य परिणामका लागि सचिवहरूले अझै विशेष चासो राख्न तथा सम्पन्न भएका कार्यको परिणामसहितको प्रतिवेदन नियमित रुपमा प्रत्येक १५ दिनमा पेश गर्नसमेत सचिवलाई निर्देशन दिइएको छ।

मन्त्री खनाल आफैंले जारी गरेको मन्त्रालयको ५८ बुँदे मार्गचित्रको कार्यान्वयनको अवस्थाबारे जानकारी गराउने तथा मन्त्रीकै संयोजकत्वमा रहेको उच्च स्तरको अनुगमन समितिको नियमित समिक्षा बैठक बसेर रिपोर्टङ गर्ने विषयमा पनि सचिवलाई निर्देशन दिनुभएको छ। मन्त्रालय, विभाग, केन्द्रीय निकाय र आयोजनाबाट चालू आर्थिक वर्षका लागि छुट्याइएका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने सबै कानुनी कार्यविधि भदौ महिनाभित्रै निर्माण गरी कार्यान्वयनस्तरमा लैजाने पनि मन्त्री खनालले निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाअन्तर्गतको सुपरजोनमा सम्बन्धित विषय विज्ञलाई प्राथमिकता दिई पदस्थापना गर्न समेत मन्त्रालयका कर्मचारीलाई निर्देशन दिईएको छ। सुपरजोन र जोनमा वर्षभरी नियमित अनुगमन गर्न सूचकसहितको अनुगमन मोडालिटी र कार्यक्रम कार्ययोजना तयार गरी सक्रियतापूर्वक नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनसमेत उहाँको निर्देशन छ।

कालिमाटी तरकारी तथा फलफूल बजारको विषयलाइ एक हप्ताभित्र टुग्याई निरन्तर अनुगमनमा जाने संयन्त्र निर्माण गर्ने पनि सम्बन्धित निकायलाई निर्देशन दिईएको छ। त्यसैगरी काठमाडौं उपत्यकाभित्र कम्तीमा ३ स्थानमा तत्काल एकीकृत कृषि बजार स्थापना गर्ने विषय पनि तत्काल अगाडी बढाउने कर्मचारीलाई निर्देशन दिईएको छ। त्यसैगरी व्यवसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) बाट निर्माणाधिन झापा, विराटनगर, जनकपुर र बुटवलस्थित एकीकृत कृषि बजारस्थल निर्माण कार्य यथाशीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याइने जनाईएको छ।




नेपाल समाचारपत्र

काठमाडौं

१३औं संस्करण नाडा अटो शो २०१८ भदौ २६ गतेदेखि ३१ गतेसम्म आयोजना हुने भएको छ। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल एवम् ग्लोबल एक्सपोजिसन एन्ड म्यानेजमेन्ट सर्भिसेजको संयुक्त आयोजनामा हुने नाडा अटो शो २०१८ को शीर्ष प्रायोजक सर्भो वर्ल्ड क्लास लुब्रिकेन्ट्स रहेको छ।

सवारी साधन तथा अटो कम्पोनेन्ट्स सम्बन्धी सम्पूर्ण जानकारी एकै थलोमा उपलब्ध गराई, नेपाली अटोमोबाइल क्षेत्रमा भइरहेको आधुनिक एवं प्राविधिक विकासको प्रचारप्रसार प्रवर्द्धन गर्नु नाडा अटो शोको मुख्य उद्देश्य रहेको छ।

छ दिनसम्म चल्ने नाडा अटो शो २०७५ मा १९ वटा ब्रान्डका ४-पाङग्रे तथा २० वटा ब्रान्डका २ पाङग्रे सवारी साधनका पैठारीकर्ता, डिलर, उत्पादक तथा बिक्रेता गरी ७१ कम्पनीको १३४ वटा ब्लक तथा स्टलहरू रहने छन्।

प्रदर्शनी क्षेत्रमा २ पाङग्रे, ४ पाङग्रे तथा अटो कम्पोनेन्टहरू छुट्टा-छुट्टै ठाउँमा प्रदर्शनीका लागि राखिने छन्। साथै सहभागी व्यवसायीले आफ्ना विभिन्न ब्रान्डका सवारी साधन, पार्टपूर्जा तथा अन्य सेवाहरू ग्राहकसमक्ष प्रत्यक्ष पुऱ्याउने तथा प्रत्याशित उपभोक्ताहरूका कौतुहलतालाई सम्बोधन गर्ने प्रयास गर्ने छन्।

यस वर्ष प्रवेश टिकटमा प्रत्येक दिन गोला प्रथाद्वारा कुलप्याड मेगा २दशमलव ५ डि प्राप्त गर्न सक्ने छन् जसलाई जय माँ इन्टरकन्टिनेन्टल प्रालिले प्रायोजित गरेको छ।








१९औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको उन्नाइसौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न गरी बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई आ-आफ्नो परिचय-पत्र सहित अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

सभा बस्ने मिति, स्थान र समय:
मिति : २०७५ साल असोज महिना ३ गते बुधबार
स्थान : ज्ञानकुमारी बैंक्वेट, ललितपुर।
समय : बिहान ९:३० बजे।

सभामा छलफल हुने विषयहरू:
१. संस्थाका अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. ०७४/७५ को वार्षिक प्रतिवेदन र चालु वर्षको नीति तथा कार्यक्रम एवं बजेट उपर छलफल गरी पारित गर्ने।
२. आ.व. ०७४/७५ को लेखा परिक्षण प्रतिवेदन छलफल गरी पारित गर्ने।
३. आ.व. ०७४/७५ को लेखा समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने।
४. आ.व. ०७५/७६ को लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. विनियम संशोधन सम्बन्धमा।
६. सञ्चालक समितिले गरेका निर्णयहरूको अनुमोदन गर्ने।
७. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्य प्रतिनिधिहरूको मनोनयन गर्ने।
८. विविध।

कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
KALYAN UPAKAR SAVING & CREDIT CO-OPERATIVE LTD.


## SHARE MARKET

2 SEPTEMBER SUNDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9661.00 | 340.00 | 333.00 | 340.00 | 6.00 |
| 2 | Api Power Company Ltd. | 3028.00 | 260.00 | 252.00 | 256.00 | 3.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 1007.00 | 855.00 | 839.00 | 840.00 | -21.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1100.00 | 242.00 | 235.00 | 240.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4319.00 | 130.00 | 127.00 | 130.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 729.00 | 602.00 | 595.00 | 595.00 | 0.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13889.00 | 298.00 | 289.00 | 297.00 | 8.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 92.00 | 132.00 | 130.00 | 132.00 | 0.00 |
| 9 | Best Finance Company Ltd. | 10.00 | 99.00 | 99.00 | 99.00 | 1.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 3180.00 | 126.00 | 120.00 | 126.00 | 6.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 100.00 | 6200.00 | 6131.00 | 6200.00 | -11.00 |
| 12 | Butwal Power Company Limited | 1002.00 | 438.00 | 431.00 | 437.00 | 3.00 |
| 13 | Central Finance Co. Ltd. | 1202.00 | 117.00 | 115.00 | 117.00 | 0.00 |
| 14 | Century Commercial Bank Ltd. | 13124.00 | 172.00 | 168.00 | 170.00 | 1.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 3965.00 | 903.00 | 890.00 | 890.00 | 0.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 47.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 2143.00 | 720.00 | 711.00 | 713.00 | 2.00 |
| 18 | Citizen Bank International Limited | 11779.00 | 240.00 | 232.00 | 236.00 | 1.00 |
| 19 | Citizen Investment Trust | 310.00 | 2410.00 | 2400.00 | 2401.00 | 1.00 |
| 20 | City Express Finance Co. Limited | 15.00 | 112.00 | 112.00 | 112.00 | 2.00 |
| 21 | Civil Bank Ltd | 34398.00 | 150.00 | 148.00 | 150.00 | 2.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 80.00 | 655.00 | 640.00 | 655.00 | 3.00 |
| 23 | Corporate Development Bank Limited | 50.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 24 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 3149.00 | 645.00 | 630.00 | 640.00 | -4.00 |
| 25 | Deva Bikas Bank Limited | 3174.00 | 129.00 | 127.00 | 127.00 | 0.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 142.00 | 106.00 | 101.00 | 106.00 | 4.00 |
| 27 | Everest Bank Limited | 8901.00 | 662.00 | 654.00 | 658.00 | 0.00 |
| 28 | Everest Bank Limited Con. Pref. | 16.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 29 | Everest Insurance Co. Ltd. | 60.00 | 1251.00 | 1250.00 | 1250.00 | 20.00 |
| 30 | Excel Development Bank Ltd. | 1752.00 | 313.00 | 307.00 | 307.00 | 0.00 |
| 31 | First Micro Finance Lag. Bittiya Sanstha Ltd. | 1356.00 | 410.00 | 405.00 | 405.00 | -1.00 |
| 32 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 207.00 | 2070.00 | 2040.00 | 2070.00 | 10.00 |
| 33 | Gandaki Bikas Bank Limited | 3052.00 | 198.00 | 190.00 | 198.00 | 8.00 |
| 34 | Gandaki Bikas Bank Limited Pro. Share | 2704.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 35 | Garima Bikas Bank Limited | 2870.00 | 191.00 | 188.00 | 191.00 | 4.00 |
| 36 | Global IME Bank Limited | 18043.00 | 303.00 | 296.00 | 300.00 | 4.00 |
| 37 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 173.00 | 1050.00 | 1010.00 | 1050.00 | 40.00 |
| 38 | Global IME Samunnat Scheme-1 | 9900.00 | 8.40 | 8.35 | 8.40 | -0.04 |
| 39 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 2955.00 | 556.00 | 540.00 | 545.00 | 5.00 |
| 40 | Green Development Bank Ltd. | 41.00 | 128.00 | 126.00 | 128.00 | 0.00 |
| 41 | Gurans Life Insurance Company Ltd. | 2883.00 | 810.00 | 780.00 | 790.00 | -5.00 |
| 42 | Gurkhas Finance Ltd. | 2850.00 | 112.00 | 111.00 | 111.00 | -1.00 |
| 43 | Hathway Finance Company Limited | 470.00 | 117.00 | 116.00 | 116.00 | -2.00 |
| 44 | Himalayan Bank Limited | 1397.00 | 536.00 | 525.00 | 536.00 | 3.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 2624.00 | 424.00 | 411.00 | 415.00 | 4.00 |
| 46 | Himalayan Power Partner Ltd. | 200.00 | 245.00 | 241.00 | 243.00 | -2.00 |
| 47 | ICFC Finance Limited | 1066.00 | 162.00 | 160.00 | 162.00 | 3.00 |
| 48 | IME General Insurance Ltd. | 810.00 | 785.00 | 779.00 | 785.00 | 11.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5169.00 | 164.00 | 158.00 | 160.00 | -1.00 |
| 50 | Janaki Finance Ltd. | 800.00 | 196.00 | 195.00 | 195.00 | 2.00 |
| 51 | Janata Bank Nepal Ltd. | 51608.00 | 159.00 | 152.00 | 159.00 | 6.00 |
| 52 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 58.00 | 2790.00 | 2750.00 | 2765.00 | -35.00 |
| 53 | Jebils Finance Ltd. | 70.00 | 102.00 | 100.00 | 100.00 | -2.00 |
| 54 | Jyoti Bikas Bank Limited | 7787.00 | 142.00 | 137.00 | 142.00 | 2.00 |
| 55 | Kabeli Bikas Bank Limited | 959.00 | 202.00 | 196.00 | 197.00 | -2.00 |
| 56 | Kailash Bikas Bank Ltd. | 4542.00 | 233.00 | 227.00 | 233.00 | 4.00 |
| 57 | Kalika Microcredit Development Bank Ltd. | 1143.00 | 1225.00 | 1176.00 | 1190.00 | -25.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 10775.00 | 143.00 | 141.00 | 143.00 | 3.00 |
| 59 | Kankai Bikas Bank Ltd. | 129.00 | 120.00 | 120.00 | 120.00 | 2.00 |
| 60 | Karnali Development Bank Limited | 2125.00 | 104.00 | 101.00 | 101.00 | -1.00 |
| 61 | Khanikhola Hydropower Co. Ltd. | 113.00 | 104.00 | 103.00 | 104.00 | -1.00 |
| 62 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 53.00 | 1550.00 | 1550.00 | 1550.00 | 30.00 |
| 63 | Kumari Bank Limited | 21240.00 | 213.00 | 202.00 | 208.00 | 4.00 |
| 64 | Laxmi Bank Limited | 4881.00 | 232.00 | 228.00 | 231.00 | -2.00 |
| 65 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 122.00 | 945.00 | 940.00 | 945.00 | 3.00 |
| 66 | Laxmi Value Fund-1 | 3500.00 | 10.00 | 10.00 | 10.00 | -0.10 |
| 67 | Life Insurance Co. Nepal | 503.00 | 1585.00 | 1555.00 | 1580.00 | 25.00 |
| 68 | Lumbini Bikas Bank Ltd. | 5151.00 | 150.00 | 147.00 | 148.00 | -1.00 |
| 69 | Lumbini General Insurance Co. Ltd. | 1689.00 | 518.00 | 510.00 | 512.00 | 2.00 |
| 70 | Machhapuchhre Bank Limited | 11526.00 | 209.00 | 201.00 | 207.00 | 3.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 8213.00 | 194.00 | 190.00 | 191.00 | 0.00 |
| 72 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 10.00 | 625.00 | 625.00 | 625.00 | 12.00 |
| 73 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 210.00 | 2365.00 | 2326.00 | 2365.00 | 15.00 |
| 74 | Manjushree Finance Ltd. | 3576.00 | 121.00 | 121.00 | 121.00 | 0.00 |
| 75 | Mega Bank Nepal Ltd. | 29900.00 | 165.00 | 161.00 | 163.00 | 2.00 |
| 76 | Mero Microfinance Bittiya Sanstha Ltd. | 389.00 | 1015.00 | 986.00 | 1015.00 | 5.00 |
| 77 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 39.00 | 1430.00 | 1422.00 | 1430.00 | -20.00 |
| 78 | Miteri Development Bank Limited | 74.00 | 267.00 | 267.00 | 267.00 | 0.00 |
| 79 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 179.00 | 845.00 | 829.00 | 829.00 | -3.00 |
| 80 | Muktinath Bikas Bank Ltd. | 8366.00 | 382.00 | 375.00 | 382.00 | 3.00 |
| 81 | Nabil Bank Limited | 7021.00 | 952.00 | 946.00 | 950.00 | 3.00 |
| 82 | NABIL Bank Limited Promotor Share | 6621.00 | 745.00 | 734.00 | 736.00 | 6.00 |
| 83 | Nabil Equity Fund | 1207.00 | 8.67 | 8.67 | 8.67 | 0.17 |
| 84 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 56.00 | 1012.00 | 1000.00 | 1012.00 | 22.00 |
| 85 | National Hydro Power Company Limited | 3500.00 | 79.00 | 79.00 | 79.00 | 1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 434.00 | 704.00 | 695.00 | 702.00 | 6.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 77.00 | 2070.00 | 2025.00 | 2070.00 | 10.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 38.00 | 660.00 | 660.00 | 660.00 | -8.00 |
| 89 | Neco Insurance Co. Ltd. | 2528.00 | 515.00 | 506.00 | 510.00 | 3.00 |
| 90 | Nepal Bangladesh Bank Limited | 21765.00 | 203.00 | 197.00 | 202.00 | 3.00 |
| 91 | Nepal Bank Limited | 53355.00 | 290.00 | 284.00 | 290.00 | 4.00 |
| 92 | Nepal Community Development Bank Ltd. | 548.00 | 120.00 | 118.00 | 120.00 | 1.00 |
| 93 | Nepal Credit And Commercial Bank Ltd. | 19630.00 | 183.00 | 179.00 | 181.00 | 1.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 665.00 | 732.00 | 724.00 | 732.00 | -2.00 |
| 95 | Nepal Hydro Developers Ltd. | 130.00 | 160.00 | 155.00 | 160.00 | 0.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 3682.00 | 520.00 | 505.00 | 510.00 | -4.00 |
| 97 | Nepal Investment Bank Limited | 10433.00 | 637.00 | 630.00 | 637.00 | 6.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 8680.00 | 589.00 | 570.00 | 589.00 | 19.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 32446.00 | 906.00 | 890.00 | 895.00 | -11.00 |
| 100 | Nepal SBI Bank Limited | 5513.00 | 502.00 | 492.00 | 495.00 | 2.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 1395.00 | 543.00 | 539.00 | 543.00 | 8.00 |
| 102 | Ngadi Group Power Ltd. | 10.00 | 176.00 | 176.00 | 176.00 | -3.00 |
| 103 | NIBL Pragati Fund | 4293.00 | 8.00 | 7.92 | 7.92 | 0.02 |
| 104 | NIBL Samriddhi Fund 1 | 10000.00 | 11.35 | 11.35 | 11.35 | -0.10 |
| 105 | NIC Asia Bank Ltd. | 91649.00 | 361.00 | 334.00 | 359.00 | 19.00 |
| 106 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 932.00 | 961.00 | 945.00 | 961.00 | 19.00 |
| 107 | NLG Insurance Company Ltd. | 444.00 | 846.00 | 818.00 | 846.00 | 29.00 |
| 108 | NMB Microfinance Bittiya Sanstha Ltd. | 184.00 | 1495.00 | 1462.00 | 1462.00 | -28.00 |
| 109 | NMB Bank Limited | 65508.00 | 326.00 | 315.00 | 324.00 | 8.00 |
| 110 | NMB Sulav Investment Fund-1 | 6500.00 | 12.50 | 12.50 | 12.50 | 0.00 |
| 111 | Oriental Hotels Limited | 1235.00 | 519.00 | 505.00 | 519.00 | 9.00 |
| 112 | Pokhara Finance Ltd. | 115.00 | 144.00 | 140.00 | 144.00 | 2.00 |
| 113 | Prabhu Bank Limited | 28298.00 | 186.00 | 180.00 | 180.00 | 0.00 |
| 114 | Prabhu Insurance Ltd. | 3043.00 | 484.00 | 474.00 | 484.00 | 10.00 |
| 115 | Premier Insurance Co. Ltd. | 904.00 | 1055.00 | 1021.00 | 1040.00 | 10.00 |
| 116 | Prime Commercial Bank Ltd. | 22168.00 | 306.00 | 293.00 | 299.00 | 4.00 |
| 117 | Prime Commercial Bank Pro. Share | 38591.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 118 | Prime Life Insurance Company Limited | 4032.00 | 501.00 | 495.00 | 496.00 | 0.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 1220.00 | 730.00 | 715.00 | 726.00 | 1.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 13.00 | 158.00 | 158.00 | 158.00 | 0.00 |
| 121 | Radhi Bidyut Company Ltd | 200.00 | 224.00 | 216.00 | 224.00 | 7.00 |
| 122 | Rairang Hydropower Development Company Ltd. | 520.00 | 153.00 | 143.00 | 143.00 | -3.00 |
| 123 | Rastriya Beema Company Limited | 130.00 | 10700.00 | 10490.00 | 10490.00 | -10.00 |
| 124 | Rastriya Beema Co. Limited Pro. Share | 110.00 | 9747.00 | 9556.00 | 9556.00 | 0.00 |
| 125 | Reliance Finance Ltd. | 2278.00 | 122.00 | 119.00 | 119.00 | -1.00 |
| 126 | Ridi Hydropower Development Co. Ltd. | 638.00 | 115.00 | 113.00 | 113.00 | -2.00 |
| 127 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 583.00 | 648.00 | 637.00 | 637.00 | -11.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 897.00 | 494.00 | 485.00 | 493.00 | 8.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 325.00 | 1370.00 | 1362.00 | 1362.00 | -2.00 |
| 130 | Sahayogi Bikas Bank Limited | 242.00 | 205.00 | 202.00 | 205.00 | 6.00 |
| 131 | Samata Microfinance Bittiya Sanstha Ltd. | 182.00 | 1117.00 | 1113.00 | 1113.00 | -22.00 |
| 132 | Sana Kisan Bikas Bank Ltd | 1160.00 | 1129.00 | 1103.00 | 1129.00 | 29.00 |
| 133 | Sanima Bank Limited | 17687.00 | 328.00 | 317.00 | 326.00 | 6.00 |
| 134 | Sanima Mai Hydropower Ltd. | 11858.00 | 301.00 | 294.00 | 301.00 | 7.00 |
| 135 | Saptakoshi Development Bank Ltd. | 645.00 | 118.00 | 115.00 | 116.00 | 3.00 |
| 136 | Shangrila Development Bank Ltd. | 10692.00 | 147.00 | 143.00 | 146.00 | -1.00 |
| 137 | Shikhar Insurance Co. Ltd. | 927.00 | 920.00 | 904.00 | 910.00 | 6.00 |
| 138 | Shine Resunga Development Bank Ltd. | 2813.00 | 288.00 | 280.00 | 280.00 | -1.00 |
| 139 | Shree Investment Finance Co. Ltd. | 1872.00 | 144.00 | 141.00 | 144.00 | 1.00 |
| 140 | Siddhartha Bank Limited | 24141.00 | 319.00 | 308.00 | 318.00 | 4.00 |
| 141 | Siddhartha Equity Fund | 1000.00 | 8.95 | 8.95 | 8.95 | 0.00 |
| 142 | Siddhartha Equity Orineted Scheme | 100.00 | 11.52 | 11.52 | 11.52 | -0.24 |

Total Amount Rs. 302,597,201 Total Quantity 960,714 Total No of Transactions 4,242


GAJABKO.COM
OFFERS FOR YOU
Black & Decker Humidifier
Rs 6,690
Ultrasonic Humidifier
Rs 3,000
Portable Mini Sewing Machine
Rs 2,500
BULLET MIXER, GRINDER & CHOPPER
Rs 4,000
BALTRA MIXER GRINDER
Rs 3,325
BALTRA ROTI MAKER
Rs 3,125
BALTRA JUICER MIXER GRINDER
Rs 5,400
BALTRA CRUNCHY 2+ SLICE TOASTER
Rs 1,600
WHIRLFOOL 20 L SOLO MICROWAVE OVEN
Rs 9,700
WHIRLFOOL 20 L CONVEC-TION MICROWAVE OVEN
Rs 16,000
WHIRLPOOL REGRIGER-ATOR SOLID COLOR 185
Rs 22,500
WHIRLPOOL STAIN WASH DEEP CLEAN 7 KG
Rs 39,000
HISENSE SMART LED TV (32")
RS 39,300
INDUCTION BASED SUPER COOKER (3L)
Rs 3,509
360 STEEL SPIN MOP
Rs 1,500
POPCORN MAKER
Rs 2,000
TREKKING BAG
Rs 2,000
PORTABLE BBQ
Rs 2,500
PIGEON MIXER GRINDER 3 JARS 550 WATTS
Rs 3,193
OPAL 38 PCS DINNER SET
Rs 8,000
www.facebook.com/gajabko
www.twitter.com/gajabko
www.instagram.com/gajabko
9840171355
gajabko .com
soon to be
Nepal's largest online store.

भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ
जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# १८औं एसियाडमा चीन पहिलो

नेपाल समाचारपत्र

काठमाडौं

दुई साता चलेको एसियाली खेलकुदको महाकुम्भ सम्पन्न भएको छ।

एसियाली खेलकुदको १८औं संस्करण इन्डोनेसियाको जाकार्ता र पालेङवाङमा आइतबार सकिएको हो। गत भदौ २ गतेदेसि शुरू भएको प्रतियोगितामा एसियाका ४५ मुलुकबाट ४९ खेलमा करिब १० हजारको संख्यामा खेलाडीले इन्डोनेसियामा आफ्नो खेल कौशल प्रस्तुत गरेका थिए। जसमध्ये ३७ मुलुकले पदक जित्दा ८ मुलुक पदकविहीन बने। नेपालबाट पनि २९ खेलका १ सय ८७ खेलाडीलाई इन्डोनेसिया पुगेका थिए। जसमा २० वर्षपछि प्याराग्लाइडिङले १ मात्र रजत जितेपछि नेपाल पनि पदक तालिकामा सूचीकृत बन्यो।

एसियाली खेलकुदको पावर हाउस चीनले सर्वाधिक २ सय ८९ मेडल जित्दै पदक तालिकाको शीर्ष स्थान ओगट्यो। चीनले पछिल्लो ११ संस्करणदेखि पदकतालिकाको शीर्ष स्थान कब्जा गर्दै आएको छ। जसलाई यसपटक पनि चीनले निरन्तरता दिन सफल भयो। सन् १९८२ मा भारतको नयाँदिल्लीमा भएको एसियाली खेलकुदयता चीनले एसियाडमा शीर्ष स्थान ओगट्दै आइरहेको छ।

भर्खरै इन्डोनेसियामा सम्पन्न १८औं एसियाडमा चीनले १ सय ३२ स्वर्ण, ९२ रजत र ६५ कांस्यसहित कुल २ सय ८९ पदक आफ्नो नाममा लेखायो। यसै गरी पदक तालिकाको दोस्रो स्थानमा जापानले ७५ स्वर्ण, ५६ रजत र ७४ कांस्य गरी २ सय ५ पदक जित्यो। दक्षिण कोरिया र इन्डोनेसिया क्रमशः तेस्रो र चौथो भए। कोरियाले ४९ स्वर्ण, ५८ रजत र ७० कांस्य गरी १ सय ७७ पदक जित्दा आयोजक इन्डोनेसियाले ३१ स्वर्ण, २४ रजत र ४३ कांस्य गरी ९८ पदक जित्यो। २१ स्वर्ण, २४ रजत र २५ कांस्य जितेको उज्वेकिस्तान पाँचौं हुँदा २० स्वर्ण २० रजत र २२ कांस्य जितेर इरान छैटौं भयो। त्यस्तै १७ स्वर्ण, १९ रजत र ३१ कांस्य जितेको चाइनिज ताइपेई सातौं स्थानमा आयो। छिमेकी मुलुक भारत एसियाली खेलकुदमा आठौं भयो। भारतले १५ स्वर्ण, २४ रजत र ३० कांस्य जित्न सफल भयो। समान १५ स्वर्ण जितेको काजाख्स्तान नवौं हुँदा १२ स्वर्ण जितेको उत्तर कोरिया दसौं स्थानमा सूचीकृत बने।

एक रजत जित्न सफल नेपाल समग्र पदकतालिकाको ३३औं स्थानमा रह्यो। नेपालसँगै ताजिकिस्तान, लाओस र तुर्कमेनिस्तानले पनि रजतमै चित्त बुझाए। एसियाली खेलकुदमा सहभागिता भएकामध्ये चार मुलुक पाकिस्तान, म्यानमार, अफगानिस्तान र सिरियाले कांस्य पदक मात्र जित्न सके।



आइतबार एक भव्य कार्यक्रमबीच ओलम्पिक काउन्सिल अफ एसियाका प्रमुख शेख अहमद अस फहद अल सबहले १८औं एसियन गेम्स समाप्त भएको घोषणा गरेका थिए। उक्त अवसरमा सन् २०२२ मा हुने आगामी एसियन गेम्सको आयोजनास्थल चीनको हाङ्गझोउ शहरका प्रतिनिधिलाई एसियन गेम्सको मशाल हस्तान्तरण गरिएको थियो।

## अन्तिम पदक तालिका

| राष्ट्र | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| १. चीन | १३२ | ९२ | ६५ | २८९ |
| २. जापान | ७५ | ५६ | ७४ | २०५ |
| ३. दक्षिण कोरिया | ४९ | ५८ | ७० | ११७ |
| ४. इन्डोनेसिया | ३१ | २४ | ४३ | ९८ |
| ५. उज्वेकिस्तान | २१ | २४ | २५ | ७० |
| ६. इरान | २० | २० | २२ | ६२ |
| ७. चिनियाँ ताइपेई | १७ | १९ | ३१ | ६७ |
| ८. भारत | १५ | २४ | ३० | ६९ |
| ९. काजाकिस्तान | १५ | १७ | ४४ | ७६ |
| १०. उत्तर कोरिया | १२ | १२ | १३ | ३७ |
| ११. बहराइन | १२ | ७ | ७ | २६ |
| १२. थाइल्यान्ड | ११ | १६ | ४६ | ७३ |
| १३. हङकङ, चीन | ८ | १८ | २० | ४६ |
| १४. मलेसिया | ७ | १३ | १६ | ३६ |
| १५. कतार | ६ | ४ | ३ | १३ |
| १६. मंगोलिया | ५ | ९ | ११ | २५ |
| १७. भियतनाम | ४ | १६ | १८ | ३८ |
| १८. सिंगापुर | ४ | ४ | १४ | २२ |
| १९. फिलिपिन्स | ४ | २ | १५ | २१ |
| २०. युएई | ३ | ६ | ५ | १४ |
| २१. कुवेत | ३ | १ | २ | ६ |
| २२. किर्गिस्तान | २ | ६ | १२ | २० |
| २३. जोर्डन | २ | १ | ९ | १२ |
| २४. कम्बोडिया | २ | ० | १ | ३ |
| २५. साउदी अरेयिबा | १ | २ | ३ | ६ |
| २६. मकाउ, चीन | १ | २ | २ | ५ |
| २७. इराक | १ | २ | ० | ३ |
| २८. संयुक्त कोरिया | १ | १ | २ | ४ |
| २९. लेबनान | १ | १ | २ | ४ |
| ३०. ताजिकिस्तान | ० | ४ | ३ | ७ |
| ३१. लाओस | ० | २ | ३ | ५ |
| ३२. तुर्कमेनिस्तान | ० | १ | २ | ३ |
| ३३. नेपाल | ० | १ | ० | १ |
| ३४. पाकिस्तान | ० | ० | ४ | ४ |
| ३५. अफगानिस्तान | ० | ० | २ | २ |
| ३६. म्यानमार | ० | ० | २ | २ |
| ३७. सिरिया | ० | ० | १ | १ |
| कूल : | ४६५ | ४६५ | ६२२ | १५५२ |

## धरहरा

### डाक्टरलाई ऐठन



आन्दोलन अनेकथरीका हुन्छन्, नेपाल यो मामलमा अब्बल छ। राजनीतिशास्त्रको अब्बल प्रयोगात्मक कक्षा नियाल्न पाइन्छ। हप्ताका सातैदिन, हरेक महिनैपिच्छे मात्रै होइन, बाह्रै महिना आन्दोलनको खाँचो हुन्न। केन्द्रमा केही गरी आन्दोलनको खडेरी पर्‍यो भने जिल्ला र प्रदेशमा सानोतिनो भए पनि माहोल चलिरहन्छ।

राजनीतिक दल र विद्यार्थी कुनै बेला आन्दोलनका पर्याय बनेका थिए। तर, अहिले सबै तह र तप्कामा आन्दोलनको रस राम्रैसँग बिज्या छ। डाक्टर, वकिल, कर्मचारी, यातायात सञ्चालक, सामाजिक अभियन्ता अनि बेला मौकामा कुचीकारसमेत कुचो र झाडुसहित सडकमा उत्रिन माहिर छन्।

पुरानो मुलुकी ऐन खारेज भएर नयाँ मुलुकी संहिता लागू भएपछि डाक्टरलाई हरेक दिन निन्द्रा पर्‍या छैन, ठूलै ऐठन हुन थाल्या छ। संहिताले राम्रै लगाम लगाएपछि लगामले निद हराम गरेको भन्दै उनीहरू आन्दोलनमा उत्र्या छन्। संहिता आफूहरू अनुकूलको नबनाए बिरामी नचाँच्ने सामान्य धम्की दिएका चिकित्सक लाइसेन्ससमेत त्याग्ने धम्की दिन पछि पर्‍या छैनन्।

शीतल निवास, सिंहदरबार, बालुवाटार, बालकोट, खुमलटार जस्ता दरबार र घरवारले ठूलै चुनौती दिएपछि आन्दोलनमा उत्रिनुको विकल्प नभएको उनीहरुको तर्क छ। धरहरा भन्छ- ठूला दरबार र घरबारलाई चुनौती नै दिन्छौं भने लाइसेन्स त्याग अनि आन्दोलनमा उत्रिएर देखाऊ।

## विम्बल्डन च्याम्पियन पराजित

न्युयोर्क, (एजेन्सी)

विम्बल्डनको महिला सिंगल्स च्याम्पियन एन्जेलिक केर्बर न्युयोर्कमा जारी यूएस ओपन टेनिस प्रतियोगिताबाट बाहिरिएकी छन्।

शनिबार भएको तेस्रो चरणको खेलमा डोमिनीका सिबुल्कोभाले जर्मन खेलाडी केर्बरलाई ३-६, ६-३, ६-३ ले पराजित गरेकी हुन्। केर्बरले पहिलो सेटमा तीन सर्भिस ब्रेकसँगै जितिन् तर स्लोभाकियाकी सिबुल्कोभाले दोस्रो सेट हात पार्दै खेल निर्णायक सेटसम्म खिँचिन्। जसमा केर्बरको दुई सर्भिस ब्रेक भएपछि सिबुल्कोभाले बाजी मारिन्।

यो नतिजासँगै महिला सिंगल्सतर्फ यस वर्ष ग्रान्डस्लाम जित्नेहरू यो प्रतियोगितामा बाहिरिएका छन्। यसअघि अस्ट्रेलियन ओपन च्याम्पियन कारोलिन वजनियाकी दोस्रो र फ्रेन्च ओपन च्याम्पियन सिमोना हालेप पहिलो चरणबाट बिदा भएका थिए।

गत वर्षकी रनरअप अमेरिकाकी मेडिसिन किज पहिलो सेट गुमाए पनि पछिका सेट जित्दै अन्तिम १६ मा पुगेकी छिन्। उनले सर्बियाकी एलेक्सान्ड्रा क्रुनिकलाई ४-६, ६-१, ६-२ ले हराएकी थिइन्। तर, छैटो वरीयताकी कारोलिन गार्सियाले भने पहिलो सेट जितेर पनि खेल गुमाइन्। फ्रेन्च खेलाडीलाई स्पेनकी कार्ला स्वारेज नभारोले ५-७, ६-४, ७-६ को तीन सेटमा पराजित गरेकी थिइन्।



# नेपालले अरूको भर पर्नुपर्ने

नेपाल समाचारपत्र

काठमाडौं

नेपालले मलेसियामा जारी एसीसी एसिया कप छनोट क्रिकेट प्रतियोगिताअन्तर्गत फाइनलमा स्थान बनाउन अरूको भर पर्नुपर्ने भएको छ।

शुरूआती दुई खेल ओमान र यूएईसँग पराजित भएको नेपालले लगातार दुई खेल जितेको छ। यी दुई जितले नेपालका लागि फाइनल पुर्‍याउने सम्भावना बनेको हो। तेस्रो खेलमा मलेसियालाई १९ रनले पराजित गरेको नेपालले आइतबार सिंगापुरलाई ४ विकेट हरायो। योसँगै नेपाल ४ खेलमा ४ अंक जोड्दै अंकतालिकामा चौथो स्थानमा रहेको छ।

हिजै अन्य खेलमा यूएईले मलेसियालाई हराएर ६ अंक जोडिसकेको छ। ओमान र हङकङबीचको खेल वर्षाको कारण पुनः सुचारु हुन नसकेपछि दुवै टोलीले एक-एक अंक जोडे। ओमान ७ अंकसहित शीर्ष स्थानमै अडिग रह्यो भने हङकङ ५ अंकसहित तेस्रो स्थानमा रहेको छ। नेपालका लागि मंगलबार हुने खेल जित्नै पर्ने त्यो पनि फराकिलो जित।

नेपालले अन्तिम खेलमा हङकङलाई हराएमा ६ अंक हुनेछ। यतिले मात्रै पनि नेपाललाई फाइनलमा प्रवेश गराउँदैन। नेपालले अन्य खेलको नतिजा पनि कुर्नु पर्ने हुन्छ। अर्को खेलमा यूएई र ओमानबीचको खेलको नतिजा नेपालका लागि ज्यादै महत्त्वपूर्ण हुनेछ। ओमानले जितेमा यूएई ६ अंकमै रोकिनेछ र नेपालको पनि ६ अंक हुने अवस्थामा नेट रनरेटमा भाग्य निर्धारण हुनेछ। यदि यूएई वा हङकङ जितेमा नेपालका लागि एसिया कप छनोटको फाइनल पुग्ने आशा समाप्त हुनेछ।

### नेपाललाई बलरले जितायो

नेपालले बांगीमा भएको खेलमा सिंगापुरलाई ४ विकेटले हराउँदा बलरले महत्त्वपूर्ण भूमिका खेलेका थिए। सिंगापुरलाई ४२ ओभरमा अलआउट गरी १ सय ५१ रनमा रोक्नु नै नेपालको जित सम्भव भयो। नेपालले १ सय ५२ रनको लक्ष्य भेटाउन ६ विकेट गुमाएर ब्याटिङ अझै नसुध्रेको संकेत गरेको थियो। नेपालको ब्याटिङमा अनिल साहले ४३ रन, दीपेन्द्रसिंह ऐरीले ३३ रन र ज्ञानेन्द्र मल्लले २९ रनको योगदान दिए।

नेपाली बलरमा प्रतियोगितामा पहिलोपटक टोलीमा सहभागी भएका ललित राजवंशीले उत्कृष्ट बलिङ गरे। उनले ३ विकेट लिन ९ ओभरमा २७ रन खर्चेका थिए। उनी म्यान अफ द म्याच घोषित भएका थिए। त्यस्तै सन्दीप लामिछानेले १० ओभरमा ३५ रन खर्चेर ३ विकेट लिए भने सोमपाल कामीले २ विकेट हात पारेका थिए।



१८औं एसियाडमा नेपालका लागि एक मात्र रजत पदक दिलाउन सफल नेपाली पाराग्लाइडिङ टोली आइतबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा। प्याराग्लाइडिङले १८औं एसियाडअन्तर्गत गत बुधबार २० वर्षपछि दोस्रो रजत जितेर नेपाललाई पदक तालिकामा उभ्याउन सफल भयो। विमल अधिकारी, विजय गौतम, योकेश गुरूङ, सुशील गुरूङ र विशाल थापासहितको नेपाली टोलीले ११ हजार ३ सय ६४ अंक जोडेर प्याराग्लाइडिङमार्फत् दोस्रो रजत दिलाउन सफल भएका हुन्। तस्वीर : अनिल आङ्देम्वे

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ